# परिच्छेद एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक वामदेव पण्डितको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दशौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्या कथन

वामदेव पण्डितले आफ्नो लामो जीवनमा साहित्यिक तथा साहित्यत्तेर क्षेत्रमा विभिन्न कार्य गरेका छन् । राजनीति समाजसेवा सरकारी सेवाजस्ता क्षेत्रका कार्यहरूबाट उनले देश र समाजमा योगदान पुऱ्याएका छन् भने कविता विधाको फुटकरदेखि खण्डकाव्यात्मक आयामका सिर्जनाले साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका छन् । आफ्नो बाल्यकालीनसमयमा शैक्षिक संस्थाहरूको सर्वसुलभता नहुँदा नहुँदै पनि उनले युगको सापेक्षतामा उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएका थिए । यही शैक्षिक र बौद्धिक चेतनाको प्राप्तिसँग जोडिएको उनको सामाजिक र साहित्यिक जीवन पनि निकै महत्त्वपूर्ण रहेको छ । राजनैतिक क्षेत्रमा नेपालका राज्य शासन कालदेखि नै उनले नेपाली काँग्रेस पार्टीका तर्फबाट योगदान दिएका छन् । गाउँ स्तरका साना समितिदेखि जिल्ला स्तर हुँदै वि. सं.२००७ सालमा बन्दीपुर जनसरकार समितिमा वरिष्ठ सहायक न्याय मन्त्रीको जिम्मेवारी पूरा गरेका छन् भने यही सिलसिलामा कठोर परिश्रम र सङ्घर्ष पनि गरेका छन् । यस्तै सामाजिक संस्थाहरूको संरक्षण र सहयोग गरेर सामाजिक सेवाका कामहरू गरेका छन् भने फुटकरदेखि खण्डकाव्य स्तरका रचनाहरू फुटकर र पुस्तककार रूपमा प्रकाशित गरेर साहित्यि सेवा पनि गरेका छन् । यस्ता प्रतिभावना तथा सिर्जनशील व्यक्तित्वको बारेमा छिटपुट रूपमा अध्ययन गरिएको भए पनि छुट्टै रूपमा व्यवस्थित अध्ययन भने गरेको पाइँदैन । त्यसकारण प्रस्तुत शोधकार्यबाट निम्नलिखित समस्याको समाधान गरिएको छ

क. वामदेव पण्डितको जीवनी के कस्तो रहेको छ ?

ख. वामदेव पण्डितका व्यक्तित्वका पक्षहरू के कस्ता रहेका छन् ?

ग. वामदेव पण्डितका कृतिहरू के कस्ता रहेका छन् ?

घ. उनका काव्य कृतिको विषयवस्तु के कस्तो छ ?

ङ उनको कवितामा प्रयुक्त भाव, भाषा, शैली तथा काव्यात्मकता पक्षको स्थिति के कस्तो छ ?

माथि उल्लेखित समस्याहरूलाई नै प्रस्तुत शोधकार्यमा निराकरण गर्ने प्रयास गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

शोध समस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गरिएको प्रस्तुत शोध कार्यका उद्देश्य निम्नानुसार तय गरिएको छ ।

क. वामदेव पण्डितको जीवनीबारे चर्चा गर्नु,

ख. वामदेव पण्डितका व्यक्तित्वका पक्षहरूको विवेचना गर्नु,

ग. वामदेव पण्डितका कृतिहरूको विश्लेषण गर्नु,

घ. उनका काव्यकृतिको विषयवस्तुबारे विवेचना गर्नु,

ङ. उनका कवितामा प्रयुक्त भाव भाषाशैली तथा काव्यात्मक कलाका पक्षको चर्चा गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

वामदेव पण्डितको जीवनी व्यक्तित्व र कृतित्वका सम्बन्धमा पूर्ण रूपमा जानकारी पाउने गरी गरिएको कुनै पुस्तकाकार कृति लेखिएको वा शोधकार्य भएको पाइँदैन । उनका कृतिहरूको अध्ययन विश्लेषण र मूल्यांकन गरी विस्तृत र सुव्यवस्थित मूल्याङ्कन भएको पाइँदैन । उनको जीवनी र कृतिको विश्लेषणका सम्बन्धमा हालसम्म जेजस्ता कार्य भए तिनको विवरण र समीक्षा कालक्रमका आधारमा यस प्रकार प्रस्तुत गरिएको छ ।

लक्ष्मण प्रसाद गौतम (२०५२) ले **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** शीर्षकको पुस्तकमा वामदेव पण्डितलाई समसामयिक विषयवस्तु, राजनैतिक प्रभाव तथा जीवनका भोगाइ र अनुभवलाई कवितामा उतार्ने कविका रूपमा चिनाएका छन् । गौतमले फुटकर तथा खण्डकाव्यस्तरका कविता रचना र प्रकाशन गर्ने पण्डितलाई विषयवस्तुको कलात्मकभन्दा वर्णनात्मक प्रस्तुतीकरण गर्ने कवि भएको उल्लेख गरेका छन् ।

देव कुमारी पण्डित (२०६०) ले कविताको कुम्लो कविता सङ्ग्रहको ***मेरो सुखदुखको कुरा*** शीर्षकको प्रकाशकीय लेखमा आफ्ना पति तथा कवि पण्डितले परिवारलाईभन्दा लेखनलाई बढी समय दिएको तथा संसारिक तथा व्यावहारिक उल्झनको समाना गर्दै साहित्य सिर्जना गरेको कुरा उल्लेख गरेकी छन् ।

दिनेश पौडेल (२०६०) ले कविताको कुम्लो कविता सङ्ग्रहको ***वामदेव पंण्डितको संक्षिप्त जीवनी*** शीर्षकको लेखमा कवि पण्डितको संक्षिप्त परिचय दिँदै उनको सामाजिक तथ्य, साहित्यिक क्षेत्रँगको संलग्नता र पुस्तक (काव्यकृति) प्रकाशनबारे जानकारी गराएका छन् ।

माधव प्रसाद घिमिरे (२०६०) ले कविताको कुम्लो कविता सङ्ग्रहको ***८६ वर्षको उमेरमा पनि सिर्जनामा सर्मपित कवि*** शीर्षकको भूमिकात्मक लेखमा वामदेव पण्डितलाई युगको प्रवाहलाई कवितामा ढाल्ने तथा जीवनको स्पन्दनलाई कवितामा उतार्ने कविका रूपमा चिनाएका छन् । घिमिरेले पण्डित व्यक्ति पनि सरल भएको अनि उनका कविताका भाव र शैली पनि त्यतिकै सरल भएको कुराको उल्लेख गरेका छन् ।

मीना पण्डित (२०६०) ले कविताको कुम्लो कविता सङ्ग्रहको ***मलाई पनि केही केही भनौं भनौं लाग्यो*** शीर्षकको भूमिकात्मक लेखमा पण्डितको फुटकर कविता लेखन पक्ष पत्रिकमा प्रकाशन तथा तिनको संकलनको विगतलाई प्रस्तुत गर्दै कविता प्रकाशनको पृष्ठभूमिबारे बताएकी छन् । उनले कवि पण्डितले छन्द युक्त पद्य कविता रचना गरेको कुरा पनि उक्त लेखमा उल्लेख गरेकी छन् ।

यसरी कवि पण्डितको साहित्यकारिताका बारेमा भएका विभिन्न कार्यहरूमा उनको जीवनी, व्यक्तित्व र कृतिको पनि संक्षिप्त अध्ययन भएको पाइन्छ ।

## १.६ शोध कार्यको औचित्य मह?व र उपयोगिता

समाज सेवा, साहित्य सिर्जना, सरकारी सेवा तथा राजनीति जस्ता बहुविध क्षेत्रमा जीवनलाई क्रियाशील गराई आफ्नो पहिचान बनाएका कवि वामदेव पण्डितको विषयमा पूर्ण रूपमा समेट्ने गरी हालसम्म कुनै अध्ययन अनुसन्धान भई नसकेको कुरा यस शोधकार्यको पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको छ । अतः पहिलो पटक गरिएको यो अध्ययन अनुसन्धान औचित्यपूर्ण रहेको छ । नेपाली साहित्यको कविता विधामा साधना गर्ने पण्डितको जीवन, व्यक्तित्व तथा कृतित्वको अध्ययन र विश्लेषण गरिएको यस्तो शोधग्रन्थ तयार गर्नु साहित्य र सर्जकसम्बन्धी अध्ययन अनुसन्धान गर्ने जो कोहीका लागि महत्त्वपूर्ण र उपयोगी समेत रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यको सीमा भनेको उपर्युक्त शोधकार्यको शीर्षक बमोजिम रहेको छ । वामदेव पण्डितको जीवनीका महत्त्वपूर्ण बसाइँहरूको उल्लेख व्यक्तित्वका महत्त्वपूर्ण पक्षहरू उनका प्रकाशित उपलब्ध कृतिहरूको सामान्य परिचय तथा विश्लेषणमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत पत्र तयार पार्दा सामग्री सङ्कलनका निम्ति मुख्यतः पुस्तकालयीय कार्यको उपयोग गरिएको छ । यसमा पण्डितका सिर्जनात्मक कृतिहरूलाई प्राथमिक तथा उनी र उनका रचनाबारे परिचय अनि विश्लेषण गरिएका सामग्रीहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसबाहेक शोधनायकको जीवनी र व्यक्तित्वको पक्षको अध्ययन गर्दा क्षेत्रकार्य र अर्न्तवार्ताको प्रयोग गरिएको छ । शोधनायक जीवित नै रहेको हुँदा उनीसँग नै प्रत्यक्ष भेटघाट र सम्पर्क गरी जानकारी लिइएको छ । साथै उनका परिवार तथा निकायका व्यक्तिहरूसँग सम्पर्क गरेर पनि आवश्यक जानकारी लिइएको छ ।

प्रस्तुत शोधकार्यका लागि प्रयोग गरिएको शोधविधिका सन्दर्भमा आगमन र निगमन दुवै विधिको प्रयोग गरिएको छ । यसमा संकलित सामग्रीहरूको विश्लेषण गर्ने आधार र ढाँचा पूर्व प्रचलित रूपमा निगमन विधिको अनुसार गरेर निर्माण गरिएको छ भने कृतिको विश्लेषण आगमनात्मक विधि अनुसार रहेको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपले प्रस्तुत गर्नका लागि यसलाई निम्न परिच्छेदहरूमा वर्गीकरण गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : वामदेव पण्डितको जीवनी

तेस्रो परिच्छेद : वामदेव पण्डितको व्यक्तित्व

चौथो परिच्छेद : वामदेव पण्डितको कृतित्वको अध्ययन

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उल्लिखित परिच्छेदका अतिरिक्त आवश्यकता अनुसारका विभिन्न शीर्षक तथा उपशीर्षकहरूका साथै शोधकार्यको अन्त्यमा अनुसन्धान कार्य सम्पन्न गर्नका लागि प्रयोग गरिएका प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरूलाई सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएको छ ।

# परिच्छेद दुई

# वामदेव पण्डितको जीवनी

## २.१ पृष्ठभूमि

मान्छेको जीवन भोगाइको क्रमलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नु नै समग्रमा उसको जीवनीको अर्थ हो । जीवनीमा कथामा जस्तो कल्पना प्रबलता र इतिहासमा जस्तो कोरा विवरण नभएर तटस्थता, वस्तुगतता तथा सम्यमितता हुनु पर्दछ । अतः जीवनीमा जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनका अनुभूतिलाई स्थापित गरिनु पर्दछ ।[ज्ञ] मान्छेको जन्मदेखि मृत्युसम्मको अवधिमा भएका वा घटेका सम्पूर्ण घटनासहितको भोगाइ व्यक्तिको जीवन हो । यही जीवनमा कसैको सम्पूर्ण जीवनचरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ ।[द्द] त्यस्तै जीवनमा कुनै पनि व्यक्ति विशेषको जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ र सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ ।[घ] यसैले कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुतीकरण नै जीवनीको मूल मर्म हो । कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्त उसले गरेका सामाजिक, साहित्यिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक गतिविधि, विभिन्न कार्य तथा सेवा अनि उसका मान्यता र धारणाजस्ता जीवनसँग सम्बन्धित विविध पाटाहरूको अध्ययन जीवनीमा गर्ने गरिन्छ ।[ढ] यस जीवनीमा पनि माथि उल्लिखित जीवनसम्बन्धी विविध पाटाहरूको अध्ययन गरिएको छ भने यो जीवनी साहित्यकार वामदेव पण्डितसँग सम्बद्ध रहेको छ ।

## २.२ वंश परम्परा

पण्डित थर रहेका वामदेवका थर तथा वंशबारे लामो इतिहास रहेको पाइन्छ । घृतकौशिक ऋषिका कुल जन्मिएका खनाल, बराल, नेपाल आदि जस्तै : पण्डित पनि एक थरका शाखा हुन् । सुरुसुरुमा यिनीहरूको 'पण्डित' नभनेर 'रातो टिङ्ली' थरले चिनिन्थ्यो तर उक्त थर अशोभनीय लागेका कारण पण्डित लेख्न थालियो । यिनै पण्डित ब्राम्हणहरूको पैतृक थलो पहिल्याउँदा आर्य सभ्यताको विकाससँगै यिनीहरू सयौं वर्ष पहिले भारतबाट जुम्ला आई बसोबास गर्न थालेको पाइन्छ । जुम्लामा परिवार विस्तार हुँदै जाँदा यिनका एक भाइ कालिकोटको सुमङ्गलदेवीमा बसोवास गर्न पुगे । यहाँ रहँदा पण्डितले १०८ होम गरेको

---


१. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** काठमाडौँ, पाठ्यसामग्री पसल, २०५६, पृ.१३ ।

२. केशवप्रसाद उपाध्याय, **साहित्यकार,** पाँचौ संस्क., काठमाडौँ : साझा प्रकाशन, २०४९, पृ. १९ ।

३. मोहन हिमांशु थापा, **साहित्य परिचय,** चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५०, पृ. २२६ ।

४. भीष्मराज काफ्ले, **झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६३, पृ. ५ ।

इतिहास छ । त्यहाँबाट पनि विस्तारित हुने क्रममा ३-४ सय वर्ष पहिले पण्डितका केही सन्तान म्याग्दीमा बसोबास गर्न पुगे । म्याग्दीमा यिनीहरूको भाइ झगडा भयो । यसैले कुनै भाइ म्याग्दीलाई छोडेर तनहुँ आइपुगे । यही तनहुँको स्यामगा गा.वि.स.को क्रियापानीमा वामदेव पण्डितको जन्म भएको थियो । पण्डितको मुख्य पुर्ख्यौली पेसा कृषि नै हो । यसबाहेक वामदेवका पिता ज्योतिष तथा लेखापढीमा पनि सिपालु थिए । आफ्ना पूर्खाको कृषि तथा लेखापढीजस्ता व्यवसायको अनुभव बटुलेका वामदेव बसोबासका क्रममा तनहुँबाट नवलपरासी चितवन हुँदै काठमाडौँ आइपुगेका छन् । उनको पितृकुलको वंशवृक्षलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।[छ]




## २.३ जन्म र जन्मस्थान

वामदेव पण्डितको जन्म वि.सं. १९७३ साल असार सोह्र गते तनहुँको स्यामगा स्थित क्रियापानीमा भएको हो । पिता झलप्रसाद तथा माता काशीकुमारीका कोखबाट जन्मिएका हुन् । पिता झलप्रसादका तीन पत्नीमध्येमा जेठी पत्नीका कोखमा जन्मिएका वामदेवका तीन दाजुभाइ तथा चार दिदीबहिनी छन् । उनको न्वारनको नाम काशीप्रसाद हो भने महिनाअनुसार जुरेको नाम वामदेव हो । यही महिनाका आधारमा जुरेको नामबाट नै हाल उनको पहिचान बनेको छ । **वामदेव पण्डितको जन्मस्थान हालको तनहुँ जिल्ला दमौली नगरपालिका वडा नं. ९ मा पर्दछ ।**[ट]

५. शोधनायकबाट प्राप्त जानकारी ।

६. ऐजन् ।

## २.४ नामकरण

वामदेव पण्डितको न्वारनमा पुरोहितले जुराइदिएको नाम काशीप्रसाद हो । हिन्दू धर्म र परम्पराअनुसार नाम जुराउने विभिन्न आधार र पद्धतिहरू हुन्छन् । यस क्रममा महिनाको आधारमा भने उनको नाम वामदेव जुर्‍यो । हाल उनी वामदेव पण्डितका नामले नै परिचित छन् । आफ्नो जीवन भोगाइमा सामाजिक, साहित्यिक, राजनैतिक जस्ता विविध कार्य गरेका उनले अन्य छद्म, भूमिगत तथा सहायक नाम प्रयोग गरेको भने पाइँदैन ।[७]

## २.५ पारिवारिक पृष्ठभूमि

वामदेव पण्डितका पिता पूर्खाको मुख्य पेशा कृषि भएको प्रष्ट भैसकेको छ । यही कृषि व्यवसायकै क्रममा तिनीहरू विभिन्न स्थानमा बसाइ सर्दै गरेको पाइन्छ । यसो हुँदा हुँदै पनि सम्पन्न र कूलीन खान्दानीका सन्तान वामदेवका पिता झलप्रसाद भने ज्योतिष र लेखापढीमा पनि दक्ष थिए । कृषितर्फ उनको परिवारले करिब ४०० मुरी धान तथा १०/१५ लइना गाई-भैँसीको स्वामित्व ग्रहण गर्ने गरेको भए पनि परम्परित ठूलो परिवारमा त्यो ठिकै मात्रामा हुन्थ्यो । खेताला-गोठाला तथा परिवारको काम र खानपिनमा उक्त खाद्यान्न पर्याप्त हुन्थ्यो । यस्तै पिताको ज्योतिष र लेखापढीको ज्ञानले वामदेवको शिक्षामा सहयोग पुऱ्याएको थियो । परम्परित भएर पनि शिक्षामा विशेष चासो दिने पण्डित परिवारमा उनलाई माता-पिता दुवैले पढ्न प्रेरित गर्दथे । गाउँका विभिन्न मानिसले ज्योतिष र लेखापढी सम्बन्धी समस्या लिएर उनका पितासँग आउने भएकाले वामदेवमा उक्त कुराबारे चासो बढेको भए पनि पिताको पर्याप्त समयको अभावले गर्दा उनले ढुक्कै पितासँग सिक्न पाएको देखिँदैन । बन्दिपुरस्थित कुलीन भट्टराई परिवारकी छोरी उनकी आमाको शिलस्वभाव पनि राम्रो रहेको पाइन्छ । वामदेवलाई हरेक सकारात्मक कुरामा अगाडि बढ्न प्रेरणा दिनेकाम उनकी आमाले पनि गरेको थाहा हुन्छ ।[८]

विवाहको दृष्टिले वामदेव पण्डितको परिवार तत्कालीन समाजमा प्रचलित बहुविवाह गर्ने परिवारमा नै रहेको देखिन्छ । नायक स्वयंले तीनवटा विवाह गर्नु उनको मात्र नयाँ कार्य नभएर परम्परा नै रहेको पाइन्छ । उनका पिता झलप्रसादका पनि तीनवटी पत्नी थिए । ती मध्ये दुई पत्नीबाट सन्तान भएकामा वामदेव जेठीतर्फका सन्तानका रूपमा रहेका छन् । यसरी बहुविवाहको प्रचलनको परिवार भएर पनि त्यसै कारणले ठूलो खटपट भने उनको परिवारमा रहेको पाइदैन ।[९]

---

७. ऐजन् ।
८. ऐजन् ।
९. ऐजन् ।

धार्मिक दृष्टिले वामदेवको परिवारलाई हेर्दा उक्त परिवार हिन्दू धर्म र त्यसका मान्यताको अनुशरण गर्ने परिवारका रूपमा रहेको पाइन्छ । आफ्नो पुर्खाको इतिहासमा जुम्लाबाट कालिकोट आएको समयमा नै १०८ होम गरेको पण्डित परिवारले नायकसम्म आउँदा आर्य हिन्दू मान्यता र संस्कारलाई पूर्णपालना गरेको पाइन्छ । संस्कृतसमेतको अध्ययन गरेका वामदेव र उनका पिता पूर्खामा भगवानको आराधना गर्ने, पाञ्चायन पूजा गर्ने प्रचलन रहेको छ । पञ्चानब्बे वर्षको बृद्ध उमेर बिताइरहेका वामदेवले हिजोआज पाञ्चायन पूजा गर्न नसके पनि धरा फेरेर खाना खानु, हरफल रामनाम जप्नुले यही कुराको पुष्टि गर्दछ ।[10]

यस प्रकार पितापूर्खाको पारिवारिक वातावरण, धार्मिक, सामाजिक, आर्थिक पृष्ठभूमिको बीचमा बढी कुराको अनुशरण र अरु थप उन्नति प्रगति गर्दै पण्डित आजको सफल जीवनमा आइपुगेका छन् ।

## २.६ बाल्यकाल

वामदेव पण्डितको बाल्यजीवन परिवारको संरक्षण र सम्बर्धनमा सामान्य ग्रामीण वातावरणमा नै बितेको पाइन्छ । देशमा राजाहरूले निरङ्कुश शासन सञ्चालन गरिरहेको समयमा जन्मिएका वामदेवले बाल्यकाल बिताउँदाको समयमा समाज पूर्ण स्वतन्त्र तथा शैक्षिक रूपमा सचेत बन्न पाएको थिएन । यसो भए पनि आफ्नो परिवार शिक्षित भएकाले पढ्ने अवसर पाएका पण्डितले आजको जस्तो स्कुले बाल्य जीवन भने प्राप्त गरेनन् । अभिभावकको स्नेहमा हुर्किएका उनले उमेरअनुसार परिवारका काममा सहयोग पुऱ्याउँदै, कहिले खेल्दै र कहिले चकचक गर्दै आफ्नो बाल्यकाल बिताएका छन् । पौडी, गिर्जा, डण्डिबियो आदि खेलेका तथा मौसम अनुसारका फलफूल खान जङ्गल चाहारेका बाल्यकालिन अनुभवहरू पण्डितसँग रहेका छन् ।[11]

---

१०. ऐजन् ।
११. ऐजन् ।

## २.७ शिक्षादीक्षा

वामदेव पण्डितको प्रारम्भिक शिक्षा घरबाट नै अगाडि बढेको देखिन्छ । उनले कखरा घरमा नै बाँसको सुप्लामा बाँसकै कलम र कटुसबाट बनाइएको मसीले लेखेर सिकेका थिए । यसका अतिरिक्त काठको फल्याकमा रातो धुलो माटो राखी डिकोले लेख्ने प्रविधि पनि उनका प्रारम्भिक अध्ययन सामग्री बनेका थिए । वर्तमानका झैँ पाठशालाको अभावमा यसरी क-ख सिकेका पण्डितको बुद्धि भने अत्यन्तै तीक्ष्ण थियो । परिवारको आर्थिक हैसियत तथा तीक्ष्ण बुद्धिको अनुकूलन हुँदा उनले कलिलै उमेरमा राम्रो शिक्षाको अवसर समेत पाएको देखिन्छ । यसै अनुसार उनी १४ वर्षको उमेरमा घरमै राखेको गोठाला दाइलाई भरिया लगाएर रानीपोखरी तीनधारा पाठशालामा भर्ना हुन मातापिताद्वारा पठाइएका थिए । यही समयमा नै पण्डितले काठमाडौँमा मोटर देख्ने अवसर पनि पाएका थिए । काठमाडौँ आएर श्रेस्ता पाठशालामा भर्ना भएका उनले तीक्ष्ण बुद्धिका कारण अग्रजहरूको अनुमानभन्दा चाँडो नौ महिना पढेर चार पास गरे जुन आजको स्नातक सरह हुन्छ । यस्तै गरी उनले दण्डसजाय, बिन्तीपत्र, प्रमाङ्गी, हाकिमको नामा कराउने, अमिन, अदालती विषय पठाइ हुने पाँच महली ऐन पनि लगातार वि.सं. १९९० मा पास गरे । यसपछि औपचारिक अध्ययनलाई विश्राम दिएर जागिर सुरु गरेका पण्डितले बिहान बेलुका फुर्सद निकालेर लघु कौमुदी, संस्कृत तथा ज्योतिषको समेत केही अध्ययन गरे । यी बाहेक रामायण, महाभारत आदि पौराणिक ग्रन्थहरू त स्वअध्ययनका विषयमात्र नभएर उनलाई कवि बनाउने अध्ययनका स्रोत पनि हुन् ।[१२]

यसप्रकार वामदेव पण्डितले आजको जस्तो अध्ययनको सहज वातावरण प्राप्त नगरेका भए पनि दुःख कष्टका साथ आफ्नो अध्ययनप्रतिको झुकावलाई सही ठाउँमा उपयोग गर्दै समय अनुकूलको उच्च शिक्षा हासिल गरेका छन् ।

## २.८ उपनयन

हिन्दू धर्मावलम्वीहरूले आदर्श मानेका धर्मग्रन्थहरूमा पुरुष आर्यहरूको चुडोपयन गर्ने वा गर्नुपर्ने मान्यता रहेको छ । यसै अनुसार वामदेव पण्डितको पनि उपनयन भएको पाइन्छ । एक वा एकभन्दा बढी वटुकहरूको एकै पटकमा वा एउटै यज्ञमा उपनयन गर्न सकिने परम्परा रहेको भएपनि वामदेवको परिवारमा भने सामूहिक उपनयन गर्ने परम्परा छैन । यसैले उनको उपनयन पनि एक्लै गरिएको थियो । वि.सं. १९८२ सालमा नौ वर्षको उमेरमा वैदिक विधिअनुसार धुमधामसँग गरिएको उनको उपनयनमा गायत्रीमन्त्र र दीक्षामन्त्र छुट्टाछुट्टै गुरुहरूले दिएका थिए । यही उपनयन पश्चात् विहान नुहाउने, गायत्री मन्त्र जप्ने,

---

१२. ऐजन् ।

पाञ्चायन पूजा गर्ने जस्ता धार्मिक मान्यताको अनुशरण वामदेवले पनि निष्ठाका साथ गरेको पाइन्छ ।[१३]

## २.९ विवाह

वामदेव पण्डितको परिवार उनीसम्म आइपुग्दा बहुविवाहको परम्परामा रहेको कुरा माथि नै उल्लेख गरिसकिएको छ । यसै अनुरूप उनले पनि विभिन्न कारणले तीनवटा विवाह गरेका छन् । आर्य हिन्दू परम्परामा हुर्किएका उनले तीनवटै विवाह वैदिक विधि अनुरूप गरेका थिए ।[१४]

वामदेव पण्डितको पहिलो विवाह उनी एघार वर्षको हुँदा वि.सं. १९८४ मा गरेका थिए । परम्परित बाल विवाहको प्रचलनलाई अनुशरण गर्दै गरिएको उनको यो विवाह तनहुँको बुढाकोट निवासी टीकाराम गैह्रेकी छोरी कृष्णमाया गैह्रेसँग भएको थियो । धुमधामसँग गरिएको यस विवाहमा बेहुली आठ वर्षकी थिइन् । वैवाहिक जीवनमा सुमधुर सम्बन्ध बन्न नसकेपछि एक छोरी भएकी कृष्णमाया छुट्टै बसोवास गर्न पुगिन् । जेठी पत्नीसँगको चिसो सम्बन्धकै कारण वामदेवले दोस्रो विवाह गर्न पुगे । यो विवाह गर्दा उनी फौजदारी अदालतको जागिर गर्न थाली सकेका थिए । उनको दोस्रो विवाह क्रमशः आठ र बाह्र वर्षमा पिता र माता गुमाएकी बन्दीपुरका स्वर्गीय राजेश अधिकारी छोरी देवकुमारीसँग भएको थियो । वि.सं. १९९५ मा भएको यस विवाहमा दुलही १४ र उनी २२ वर्षका थिए । हाल पण्डितको हेरविचार गर्ने सम्पूर्ण सन्तानकी माता देवकुमारीको ८१ वर्षको उमेरमा २०६३ मा निधन भएको थियो । यसैगरी वामदेवले तेस्रो विवाह २००४ सालमा ३१ वर्षको उमेरमा गरेका थिए । दोस्री पत्नीका कोखबाट जन्मिएका सन्तानहरू क्रमशः स्वर्ग हुँदै गएपछि ज्योतिषी पिताको सल्लाह तथा पत्नी देवकुमारीको स्वीकृतिमा उनले तेस्रो विवाह गरेका थिए । यो विवाह पश्चात् भने दोस्री पत्नीबाटै जन्मिएका सन्तान हुर्कनुलाई उनी दैवी लीला ठान्छन् । उनकी तेस्री श्रीमती नालाछाप वसोवास गर्ने गोर्खाका धितालकी छोरी भद्रकुमारी थिइन् भने विवाहमा उनको उमेर तेह्र वर्षको थियो ।[१५]

---

१३. ऐजन् ।
१४. ऐजन् ।
१५. ऐजन् ।

## २.१० सन्तान

'जसका छोरा उसको धन, जसमा भैँसी उसको वन' भन्ने उखान आज पनि नेपालीहरूबाट त्यति टाढा पुगेको छैन । अझ बहुविवाह भएका व्यक्तिको धेरै सन्तान हुनु स्वभाविक पनि हुन जान्छ । यसै अनुरूप तीनवटा विवाह गरेका वामदेव पण्डितका छोराछोरीको सङ्ख्या पनि थुप्रै रहेको पाइन्छ । आफ्ना तीनवटै पत्नीका कोखबाट सन्तान जन्मिए पनि ती सबैले लामो जीवन भोग्न नपाएको कुरा उनी बताउँछन् । वर्तमानमा उनीसँग रहेका सबै छोराछोरी भने उनका माहिली पत्नी देवकुमारी तर्फका मात्र रहेका छन् जसमा चार छोरा र चार छोरीको गृहस्थी रहेको छ ।[ज्ञट]

उनका छोराहरूमा जेठाछोरा बुद्ध पण्डित हुन् । नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट राजनीति गर्ने उनको ५३ वर्षको उमेरमा निधन भैसकेको छ । यसैगरी उनका माहिला छोरा गान्धि पण्डित वरिष्ठ वकिल हुन् । साहिला छोरा बालमूर्ति पण्डित रोनाष्टमा उपसचिव रहेका छन् । यसप्रकार आ-आफ्नो जीविकोपार्जन गर्दै रहेका उनका सबै छोराहरूका काठमाडौँ महानगरपालिकाभित्र छुट्टाछुट्टै घर रहेका छन् ।[ज्ञठ]

वामदेवका छोरीहरूतर्फ जेठी छोरी भुवनेश्वरीको नवलपरासीमा कृषि व्यवसाय रहेको छ भने माहिली छोरी गोमाको बन्दिपुर डुम्रेमा बसोबास रहेको छ । यस्तै साहिली छोरी विजया र कान्छी छोरी निरजाको बसोवास काठमाडौँभित्र कोटेश्वरमा रहेको छ ।[ज्ञड]

## २.११ दाजुभाइ-दिदीबहिनी

शोधनायक वामदेव पण्डितका पिता झलप्रसादका ३ छोरा र ४ छोरी गरी जम्मा सातजना सन्तान रहेका छन् । यसरी नायकका दाजुभाइ दिदीबहिनीको सङ्ख्या उनीसहित सात हुन आउँछ । यसमा उनी जेठा छोरा हुन् भने उनका भाइ विष्णुप्रसादको जन्मथलो तनहुँमा नै कृषि व्यवसाय रहेको छ । निज विष्णुप्रसादको भने डेढ वर्ष अगाडि निधन भै सकेको छ । यस्तै नायकका कान्छा भाइ खोजराजको पनि तनहुँमा नै कृषि व्यवसाय रहेको छ । उनका दिदीबहिनीतर्फ ज्ञवेलमाया जेठी छोरी हुन् । यसैगरी श्रीमाया, हरिमाया र मनमाया उनका अरु तीन दिदीबहिनी हुन् । उनका यी चार दिदीबहिनीहरूको क्रमशः अर्याल, रेग्मी, अधिकारी र आचार्यसँग विवाह भई घर-गृहस्थी बनेको पाइन्छ ।[ज्ञढ]

## २.१२ आर्थिक स्थिति

---

१६. ऐजन् ।
१७. ऐजन् ।
१८. ऐजन् ।
१९. ऐजन् ।

वामदेव पण्डित सम्पन्न परिवारका सन्तति हुन् । यसैले उनको पैतृक सम्पत्ति पनि राम्रै रहेको पाइन्छ । अझ दुनियाँका छोराछोरीले स्कुलको मुख नदेख्ने र गोठखेतमा नै जीवन बिताउने गरेको समयमा पर्याप्त अध्ययनको अवसर पाएका उनमा रोजगारी र चेतनाका कारण अर्थोपार्जनमा अरू सजिलो भएको थियो । युग अनुकुल शिक्षित र सचेत परिवारमा जन्मिएका पण्डितले १४ वर्षको कलिलो उमेरमा काठमाडौँ आउने अवसर पाएर यहाँका धनी मान्छेको सुखी जीवन देख्न र अर्थोपार्जनमा सचेत हुने अवसर पाए भने उनले गरेका कार्यहरूले पनि सफलता प्राप्त गर्दा आज उच्चस्तरको जीवन भोग्न पाइरहेका छन् । यसै अनुरूप हाल उनको जन्मस्थान तनहुँमा जग्गा जमिन रहेको छ भने नवलपरासीमा पनि १० विगाहाभन्दा बढी जग्गा रहेको छ । यस्तै चितवनमा दसौ करोड मूल्यको घर सहित प्रशस्त घडेरीहरू रहेका छन् भने काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सोह्रखुट्टे नयाँबजारमा दुई, अनामनगरमा एक, वानेश्वरमा एक तथा कोटेश्वरमा एक गरी जम्मा पाँचवटा घर पनि रहेका छन् । आफ्ना छोराछोरीलाई अध्ययनमा लगानी गरे अनुसार नै प्रतिफल पाएका पण्डितका छोराहरूले आ-आफ्नो क्षेत्रमा विशिष्टता प्राप्त गरी प्राप्त गरेको प्रगतिले उनको आर्थिक अवस्थालाई अझ सुदृढ बनाएको छ । यसरी प्रशस्तै जग्गा, जमिन, घर घडेरी र त्यही अनुसारको अन्य सम्पत्तिको स्वामित्व पाएका उनले आफ्नो सम्पत्ति छोराछोरीलाई नै हस्तान्तरण गरेका छन् । आफ्ना सबै सन्तानको घरमा इच्छा अनुसार पालो गरी गरी बस्ने उनी आफ्नो वृद्ध उमेर र छोराबुहारीहरूको राम्रो पालन पोषणमा सुविधासहितको आर्थिक सम्पन्न जीवनयापन गरिरहेका छन् ।[२०]

## २.१३ व्यक्तिगत रुचि तथा स्वभाव

हरेक व्यक्तिका आफ्नै प्रकारका विचार, चिन्तन, रुचि र स्वभाव हुन्छन् । एक व्यक्तिसँग अर्को व्यक्तिको रुचि र स्वभाव फरक हुनु स्वाभाविक कुरा हो । मान्छेका रुचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पारिवारिक र सामाजिक वातावरण, साथीसङ्गतसँगको हेलमेल, पूज्यजन एवम् मान्यजनहरूका व्यवहार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, शिक्षादीक्षा आदिबाट प्रभावित रहेको हुन्छ ।[२१] वामदेव पण्डितका स्वभावमा पनि यी विविध प्रसङ्गले थोरवहुत भूमिका खेलेका छन् ।

वामदेव पण्डित अत्यन्तै सरल, शालीन स्वभाव र व्यवहार भएका व्यक्ति हुन् । सबै मान्छेलाई सम्मान गर्ने, सबैको कुरा सुन्ने तथा कसैका व्यक्तिगत तथा सामूहिक समस्याको समाधान गर्न गम्भीर रूपले सहयोग र सल्लाह दिने उनको प्रवृत्तिले उनको शालीनतालाई पुष्टि गर्दछ । विशेष गरेर न्याय क्षेत्रमा अध्ययन तथा कार्य गरेका उनी कसैको अन्याय

---

२०. ऐजन् ।
२१. भीष्मराज काफ्ले, पूर्ववत् पृ. १५ ।

परेको देख्न र सुन्न चाहदैनन् । सबैले हाँस्न, बोल्न, सुन्न, बाँच्न र अरुको अधिकार हनन नहुनेगरी आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउनु पर्छ भन्ने मान्यता राख्ने उनी अन्यायको पनि डटेर सामना गर्दछन् । न्यायकर्मीको रूपमा कार्य गरेका उनले थुप्रै अन्यायमा परेकाहरूको उद्धार गरेका छन् भने राजनीति र समाजसेवा पनि उनको रुचिको विषय हो । वि.सं. १९९० को वरिपरी आफ्नो औपचारिक अध्ययनलाई पूरा गरी त्यसै ताकादेखि जागिर खान थालेका उनले एक दशकपछि तत्कालिन निरङ्कुश राणाशासनको विरोध गर्दै देश र जनताको स्वतन्त्रताका लागि लड्न जागिरमा राजिनामा दिएर नेपाली काङ्ग्रेस दलको तर्फबाट राजनीतिमा समर्पित भएका थिए । राजनैतिक कारणले नै उनले धेरै सङ्घर्ष गर्नु र शासकको निगरानीमा रहनु परेको थियो ।[२२]

वामदेव पण्डितको रुचिको विषय अध्ययन र साहित्य पनि हो । सानैदेखि तीक्ष्ण बुद्धिका उनी बाल्यकालमा घरमा उपलब्ध रामायण र महाभारतजस्ता धार्मिक पौराणिक ग्रन्थहरू पढ्ने गर्दथे भने औपचारिक अध्ययनसँगै संस्कृत साहित्य, कौमुदी व्याकरण तथा ज्योतिष विषयको पनि केही अध्ययन गरेका थिए । यिनै विभिन्न विषय र ग्रन्थहरूको अध्ययन गर्ने स्वभावले नै उनलाई कवि बनाउन सहयोग गरेको पाइन्छ । पत्रपत्रिका पढ्नु त आज पनि उनको बानी बनेको छ । वृद्ध उमेरमा आँखा कमजोर बनेकाले पढ्नकै लागि उनले ९५ वर्षको उमेरमा दायाँ आँखाको सल्यक्रिया गरेका छन् । यस्तै साहित्य अझ कविता लेखन पनि उनको रुचि रहेको छ । पुराना काव्यिक ग्रन्थ पढ्ने, विवाह आदि समारोहमा शिलोक वाचन गर्ने अनि यस्ता पङ्क्तिहरू रचने गरेका उनले परिणाम स्वरूप अनेकौ पत्रपत्रिकामा विविध विषयमा फुटकर कविता तथा चारवटा पुस्तकाकार कृतिहरू प्रकाशन गराएका छन् । उनका रुचिका अन्य पक्षहरूमा धार्मिक ज्ञान र रहस्यको अध्ययन, धार्मिक आस्थाको प्रकटीकरण आदि पर्दछन् । उनी हिन्दू धर्म र संस्कारलाई अनुशरण गर्दछन् । देश-विदेश भ्रमण गरेर विज्ञानका चमत्कार देखेका भए पनि उनी धर्म, धार्मिक मान्यता, पाप, पुनर्जन्म आदिको पनि विश्वास गर्दछन् ।[२३]

सानै उमेरदेखि घरमा भन्दा घरबाहिर बढी समय बिताएका पण्डित अरूको सम्यम र शान्त स्वभावलाई रुचाउँछन् । जीवनको ९ वर्षदेखि सुर्ती, तमाखु आदिको लत बसेका उनले स्वास्थ्य समस्याका कारण २२ वर्षदेखि सो अमल छोडेका थिए भने मासुसमेत उनले स्वास्थ्यकै कारण खान छोड्नु परेको थियो । खानामा दहीमा राखिएको लावा मन पराउने उनलाई गुलियो चिज औधि मन पर्दछ । सामान्य रहनसहन र भेषभुषा उनको रुचिकर जीवनशैली हो । गीत र गीतकार तर्फ उनी धर्मराज थापालाई रुचाउने भए पनि विशेष रोजाई भजनतर्फ रहेको छ । विभिन्न प्राकृतिक स्थल र तीर्थाटनमा रमाउने उनी खेलकुद

२२. शोधनायकबाट प्राप्त जानकारी ।
२३. ऐजन् ।

मन पराउँदैनन् । ऊर्जाशील उमेरका युवाहरूलाई कर्मशील बन्ने आग्रह उनको छ तर उमेरका कारण श्रम गर्न नसक्ने आफू चाहिँ आफ्नो कोठामा रहेको राम लक्ष्मणको फोटो हेर्दै रामनाम जपेर समय बिताउँछन् । आफ्ना यिनै असल व्यवहार र स्वभावका कारण ९५ वर्षको वृद्ध उमेरमा पनि संसारका चित्र-विचित्रका घटनाहरू हेरेर-सुनेर जीवन बिताइरहेका छन् ।[२४]

## २.१४ मानसिक आघात तथा वियोगका क्षणहरू

मान्छेको जीवन सुख-दुःख, आँशु-हाँसो, हर्ष-विस्मात, उत्थान-पतन तथा सफलता-विफलताको बीचमा बितिरहेको हुन्छ । जीवनको भोगाई र सम्झौतामा उसले दुःख, विछोड, विरह, वेदनाजस्ता भावहरूको पनि सामना गर्नु पर्दछ ।[२५] वामदेव पण्डितले पनि उनको जीवनमा माथि उल्लेख गरिएजस्तै सुख-दुःख र विरह-विछोडका अनेकौं भोगाइहरू आफ्नो जीवनमा भोगेका छन् ।

वामदेवले आफ्नो लामो जीवनको भोगाइमा सबैभन्दा बढी आघात र दुःखका क्षणहरू आफ्ना माता, पिता, पत्नी तथा छोराछोरीको वियोगमा व्यहोरेका छन् । चाहे जति नै वृद्ध, रोगी वा अशक्त नै होस्, त्यो व्यक्ति वा प्राणी आफ्नो नजिकको, स्मरणीय वा दृश्य भएमा र त्यो गुमाउनु परेमा धेरै दुःख लाग्छ । वामदेवले पनि आफूलाई जन्मदिने, हुर्काउने र जीवनको बाटो देखाउने पितालाई ६९ वर्षको उमेरमा वि.सं. २०१९ सालमा र मातालाई ९६ वर्षको उमेरमा २०४६ सालमा गुमाएका थिए । ती क्षणहरू उनका लागि एकदमै पीडादायक थिए ।[२६]

वामदेवको जीवनमा आएको अर्को दुःखको क्षण उनकी पत्नी देवकुमारीको निधनको समय पनि हो । उनीसँगको वैवाहिक जीवन सुरु भए पछि हरेक अवस्थामा साथ-सहयोग दिँदै आएकी उनको २०६३ सालमा ८१ वर्षको उमेरमा निधन भएको थियो । यस्तै ५३ वर्षको अल्पायुमा आफ्नो राजनीतिज्ञ जेष्ठ पुत्र बुद्ध पण्डितको मृत्युको चोट वृद्ध पिताले सहनुपर्दाको अवस्था पनि उनका लागि धेरै पीडादायक थियो । यी बाहेक आफ्नी माहिली पत्नीका कोखबाट जन्मिएका छोराछोरीहरूको वि.सं. २००० को वरिपरि एउटै समयमा मृत्यु हुँदा पनि उनले पीडा भोगेका छन् ।[२७]

वामदेव पण्डितले आफन्तको मृत्युबाहेकको अवस्थामा पनि आघातका क्षणहरू बिताएका छन् । उनी अन्याय सहन नसक्ने तथा सबैको स्वतन्त्रता-समानता चाहने व्यक्ति भएको कुरा

---

२४. ऐजन् ।
२५. भीष्मराज काफ्ले, पूर्ववत् पृ. १७ ।
२६. शोधनायकबाट प्राप्त जानकारी ।
२७. ऐजन् ।

अगाडि नै उल्लेख भै सकेको छ । यसै क्रममा उनले पनि राजनीति गर्दा जागिर छोड्नु परेको थियो भने जनताका पक्षमा लाग्दा र निरङ्कुशको विरोध गर्दा भूमिगत रहनु तथा निगरानीमा पर्नु परेको थियो । यो समयमा पनि उनले आफूमा आघात परेको अनुभव गरेका थिए ।[२८]

यसप्रकार वामदेव पण्डितका जीवनमा विविध प्रकारका वियोग तथा आघातको क्षणका अनुभवहरू रहेका छन् ।

## २.१५ सन्तुष्टि र ग्लानिका क्षणहरू

जीवन एक भोगाइ हो । जीवन भोगाइका क्रममा अनेक किसिमका कार्यहरू गर्नुपर्ने हुन्छ । हामीले गर्नुपर्ने र गरेका सबै कामहरू समान किसिमका हुँदैनन् भने तिनका प्रभाव पनि समान हुँदैनन् । कुनै सानो कामले पनि ठूलो प्रभाव पर्न सक्छ भने कुनै मेहेनत गरेको कामले पनि अपेक्षित प्रतिफल दिँदैन । यसै अनुसार अपेक्षा गरिए अनुसारको प्रतिफल दिने कार्यबाट हामीलाई सन्तुष्टि मिल्छ भने प्रतिफल प्राप्त नहुँदा असन्तुष्टि हुन्छ यसैगरी तत्कालमा राम्रो लागेपनि कुनै कार्य गरे पश्चात् हामीलाई उक्त कार्य गल्ती भएको ज्ञान हुन पनि सक्छ । यस्तो अवस्थामा हामीलाई ग्लानि महसुस हुन्छ । सबै मान्छेमा हुने यस प्रकारका अनुभूतिका क्षणहरू वामदेव पण्डितका पनि रहेका छन् ।

सन्तुष्टि तथा प्रगतिको प्राप्तिका दृष्टिले वामदेव पण्डित धेरै सफल व्यक्तिका रूपमा रहेका छन् । उनले हात हालेका क्षेत्रमा विफलता खासै प्राप्त गर्नु परेन । जीवनमा सङ्घर्ष गरे पनि त्यसले राम्रो प्रतिफल दिएको उनको अनुभव छ । उनी सन्तुष्टि र खुसीको प्राप्तिका प्रत्येक दशकलाई हेर्छन । त्यसमा जिन्दगीको पहिलो दशकलाई व्यवहारिक चेतना नभएर वाल सुलभ जीवन बिताएका अर्थमा सन्तुष्ट प्राप्त गरेको ठान्छन् भने दोस्रो दशकलाई अध्ययनको क्षेत्रमा सफल ठान्छन् । यस्तै त्यस पछाडिका प्रत्येक दशकमा जागिर, राजनीति, आफ्नो व्यक्तिगत र व्यवहारिक भूमिका अनि यस्तै पछिल्ला दशकमा आफ्ना सन्ततिले हासिल गरेको सफलताजस्ता कुनै न कुनै प्रकारको उपलब्धि र सफलता प्राप्त नभएको दशक नै उनले बिताउनु परेन । जीवनको उर्वर समयदेखि वयोवृद्ध उमेरसम्म पनि साहित्यिक प्रतिष्ठा, सामाजिक प्रतिष्ठा, आर्थिक सम्वृद्धि, पारिवारिक सुख आदिको प्राप्तिले उनको जीवनलाई उर्जा दिइरह्यो । यसो हुनुमा उनी आफ्नो मेहनत, परिवारको समजाको सहयोग, कार्यमा अनुशासन तथा कर्तव्य परायणता एवम् भगवानको असल दृष्टिको प्रतिफल ठान्छन् । यसरी उनको जीवनले अधिक सन्तुष्टि प्राप्त गरेको पाइन्छ ।[२९]

---

२८. ऐजन् ।
२९. ऐजन् ।

ग्लानिका सन्दर्भमा कुनै पनि कार्य गर्दा सानातिना कमजोरी वा गल्ती देखिनु मानविय विशेषता वा गुणभन्दा परको कुरा होइन । वामदेवका जीवनमा पनि यस्ता घटना रहेकै छन् । यस्तै बाल्यकालमा अभिभावकले भनेको नमान्नु, भागेर खेल्न जानु, चकचक गर्नु, लहैलहैमा लागेर सूर्ति चुरोट खानु धेरै मानिसका बाल्यकालिन स्वभावजस्तै उनका पनि अनुभवकै रूपमा रहे । व्यवहारिक जीवनमा कुनै गम्भीर कार्य गर्दा गल्तीले पछिसम्म पछुताउनु परेको अनुभव भने उनको जीवनमा नरहनुलाई उनी संयोग मान्दछन् ।[घण]

## २.१६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका कार्यहरू

वामदेव पण्डित आफ्नो युवा अवस्थामा सँगैका अन्य साथी तथा दाजुभाइभन्दा धेरै पढेका विद्वान एवम् सचेत व्यक्तित्व हुन् । उनले न्यायजस्तो संवेदनशील क्षेत्रमा कार्य गर्नुका साथै देशविदेश भ्रमण गर्ने अवसर पनि पाएका छन् । जीवनका यी समयमा उनले एउटा सामान्य मान्छेले दैनिक जीवनयापन गर्न गर्ने सामान्य कार्यभन्दा उपल्लो स्तरमा कार्य पनि गर्न भ्याएका छन् जसलाई उनी राष्ट्रिय स्तरका राम्रा कार्य मान्छन् ।

वामदेवले वि.सं. २०५३ सालमा अमेरिका भ्रमण गर्ने अवसर पाएका थिए । आफ्नो छोरा गान्धीको अध्ययनको क्रममा भएको अमेरिकन बसाइँमा त्यहाँ पुगेका उनी त्यस समयभन्दा पहिलदेखि नै आफ्ना कविता-कृतिहरू भने अमेरिका पठाइ रहन्थे । उनका ती कविता-कृतिहरू अमेरिकाबाट प्रकाशित हुने नेपाली पत्रिकाहरूमा प्रकाशन हुने गर्दथे । यसैले उनी स्वयं त्यहाँ पुग्दा त्यहाँका पाठकको प्रिय बन्नुका साथै एउटा साहित्यिक कार्यक्रममा आतिथ्य ग्रहण गर्न पनि भ्याए । तर यो कार्यक्रममा भने कुनै वक्ताले नेपाली भाषाको प्रयोग गरेनन् साथै कार्यक्रमका व्यानर लगायतका सामग्री पनि अङ्ग्रेजी भाषामै लेखिएका थिए । पण्डितले त्यहाँ बोल्ने र कवितावाचन गर्ने अवसर पाउँदा नेपाली भाषाको प्रयाग नगरिएकोप्रति दुःख प्रकट गरे । यसपछि अमेरिकामा बस्ने ती नेपालीहरूले आँखा खुलेको महसुस गर्ने मात्र होइन नेपाली भाषा नै प्रयोग गर्ने परम्परासमेत बसाए ।[घञ] उनले गरेको यो भाषा साहित्यको कार्यलाई उनी अन्तर्राष्ट्रिय स्तरको कार्य मान्दछन् ।[घद]

यसैगरी उनी न्यायालयमा सरकारी जागिरे हुँदा एकपटक ज्यान मुद्धाको आरोपमा थुनिएका छजना निर्दोष मानिसलाई छुटाउन एक्लैले प्रयास गरेर सफल भएका थिए र ती छजनालाई छुटाएका थिए । यस्तै उनको यो जागिरे समयमा गरेको निर्भिक, साहसपूर्ण र सही कार्यशैलीबाट प्रभावित भई एकपटक तत्कालीन प्राइममिनिस्टरले एक मुद्धा छानविनका

३०. ऐजन् ।

३१. वामदेव पण्डित, **कविताको कुम्लो,** उद्गार (भूमिका) २० ।

३२. शोधनायकबाट प्राप्त जानकारी ।

लागि बोलाएका थिए । प्रतिकूल समयका बावजुद गरेका यस्ता साहसपूर्ण कार्यलाई उनी राष्ट्रियस्तरका कार्यका रूपमा लिन्छन् ।[घघ]

यसरी वामदेव पण्डितले पनि आफ्नो जीवन भोगाइका क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कार्य गरेको पाइन्छ ।

## २.१७ जागिरे जीवन

वामदेव पण्डितले वि.सं. १९८९ सालमा चार पास गरेको कुरा अगाडि नै उल्लेख भैसकेको छ । उनको जागिरे जीवनको सुरुवात पनि यही समयदेखि भएको पाइन्छ । यस सन्दर्भमा उनले वि.सं. १९८९ मा तेजारथमा तहसिल देवानी फाँटमा कारिन्दाको काम सुरु गरे भने वि.सं. १९९१ मा अदालतमा सोही कार्य गर्न पुगे । वि.सं. १९९५ मा उनी बिचारीका रूपमा पश्चिम १ नम्बर गोश्वारामा पुगे । यसपछि न्याय अधिकृतका रूपमा पण्डितले धादिङ र तत्कालीन चिसापानी जिल्ला अदालतमा क्रमशः कार्य गरे । तत्कालीन शासकहरूको निरङ्कुश शासन एकातिर र अर्कातिर जनताको क्रान्तिको पृष्ठभूमि निर्माण हुँदै गरेको त्यस समयमा उनी राजनीतिप्रति आकृष्ट बने र वि.सं. २००२ मा जागिरबाट राजिनामा दिए । पण्डितले न्यायलयको जस्तै शिक्षणको पनि अनुभव लिएका छन् । वि.सं. २०२२ सालमा चितवन जिल्लाको एक विद्यालयमा कक्षा नौ र दसका विद्यार्थीलाई श्रेस्ता, ऐन जस्ता विषय पढाउन थालेका उनले दुईवर्ष शिक्षण गरे । तर उनको यो शिक्षण कार्य तलवी कर्मचारीको रूपमा नरहेर स्वयम्सेवाको रूपमा भएको थियो । यसैले उनको मुख्य जागिरे जीवन भने वि.सं. १९८९ देखि २००२ सम्म नै सीमित रहेको देखिन्छ ।[घढ]

## २.१८ राजनैतिक जीवन

वामदेव पण्डितको जीवन भोगाइमा राजनैतिक पाटो पनि महत्त्वपूर्ण रहेको छ । बौद्धिक सचेततासँगै राजनीतिमा झुकाव रहेका उनले आफ्नो सरकारी जागिर त्यागेर राजनीतिमा संलग्न भएका थिए । उनको औपचारिक राजनैतिक जीवनको सुरुवात भने वि.सं. २००५ मा नेपाली काङ्ग्रेसको सदस्यता लिएपछि भएको थियो ।[घछ]

वामदेवले आफ्नो राजनैतिक जीवनमा धेरै दुःख, सङ्घर्ष र अवसर प्राप्त गरेका छन् । उनले नेपाली काङ्ग्रेसको सदस्य लिएको दुई वर्षसम्म तनहुँ जिल्लामा श्रीभद्र शर्मा र गोवर्द्धन शर्माको वरिष्ठ सहयोगी बनेर कार्य गरे भने २००७ सालको सङ्घर्षमा खुलेर होमिए । यो सङ्घर्षमा उनी लगायतको पहलमा तनहुँ जिल्ला प्रशासन कब्जा गरेर बन्दीपुर जनसरकार समितिमा वरिष्ठ सहायक न्यायमन्त्रीको रूपमा कार्य गरे । यस पछि वि.सं. २००८ मा

---

३३. ऐजन् ।

३४. ऐजन् ।

३५. ऐजन् ।

तनहुँ जिल्ला कमिटी सचिव बनेका उनले २०१५ सम्म सो पद सम्हाले । वि.सं. २०१७ सालको राजाको राष्ट्रघाती कदममा केही समय थुनिए र छुटेपछि गोप्य रूपले राजनैतिक कृयाकलापमा संलग्न रहे । यसैगरी वि.सं. २०३६ को जनमतसङ्ग्रह, २०४२ को सत्याग्रह तथा २०४६ सालको जनआन्दोलनमा सक्रियतापूर्वक सहभागी भए । आजको राजनैतिक सङ्क्रमणको अवस्थामा पनि उनको राजनीतिसम्बन्धी उत्तिकै चासो रहेको छ ।[३६]

यसप्रकार आफ्नो जीवनको ऊर्जाशील उमेरदेखि नेपाली काङ्ग्रेस पार्टीको राजनीतिमा सक्रिय वामदेव पण्डितको राजनैतिक जीवन विभिन्न क्रान्ति र आन्दोलनमा सक्रिय रहदै आजको वृद्ध उमेरका कारण एउटा शुभचिन्तकको भूमिकामा सीमित बन्न पुगेको छ ।

## २.१९ स्रष्टा र जीवन

कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित भएको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतःस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव तथा प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानवजीवनको हीत, उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ ।[३७] वामदेव पण्डित पनि आफ्नो बाल्य अवस्था देखि नै साहित्यिक सिर्जनामा सक्रिय रही आएका छन् । उनको साहित्यिक यात्राको प्रभाव, प्रेरणा, प्रारम्भ तथा प्रकाशित कृतिबारेको अध्ययन यहाँ गर्न सकिन्छ ।

### २.१९.१ प्रभाव, प्रेरणा र प्रारम्भ

शिक्षाको दृष्टिले वामदेव पण्डितका पिता तत्कालिन समयमा समेत शिक्षित भएका भएपनि साहित्यिक दृष्टिले भने खासै उल्लेखनीय देखिदैन उनको घर तथा मावलमा साहित्यिक वातावरण रहेको पाइदैन । आध्यात्मिक-धार्मिक प्रयोजनले पिताले घरमा राखेका रामायण, महाभारत आदि पुस्तकहरू भने उनले पढ्न पाए । तीक्ष्ण बुद्धि तथा पढाइमा रुचि भएका उनले ती ग्रन्थका श्लोकहरू कण्ठस्थ पार्थे । यही क्रममा १२-१३ वर्षको उमेरमा नै उनी गाउँघरमा हुने विवाह आदि समारोहमा श्लेख (शिलोक) वाचन गर्ने र त्यही काममा प्रतिस्पर्धा गर्ने मात्र होइन प्रसिद्धि पनि पाउन पनि थाले । यही कार्यले उनमा ग्रन्थ पढ्ने मात्र नभएर आफै नयाँ सिर्जना गर्ने हौसला पनि प्राप्त भयो । यसरी कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइदैन । आफ्नै रुचि र अध्ययनको प्रतिफलबाट प्राप्त भएको सिर्जनाको ऊर्जालाई घरपरिवारबाट साथ-सहयोग भने राम्रो पाएको देखिन्छ । यसप्रकार उनको काव्यिक झुकाव १२-१४ वर्षदेखि भएको भएपनि

३६. ऐजन् ।
३७. भीष्मराज काफ्ले, पूर्ववत्, प. २५ ।

लेखनको प्रारम्भ भने करिब २० वर्षको उमेरदेखि भएको पाइन्छ । धार्मिक, पौराणिक, ऐतिहासिक, राजनैतिक तथा समसामयिक विविध विषयलाई आधार बनाएर कविता रचना गर्ने उनको पहिलो रचनाको यकिन त छैन नै त्यस पछिका थुप्रै रचना पनि हराएका तथा धमिराको आहारा बनेका छन् । यसप्रकार साहित्यिक क्षेत्रमा देखापरेका पण्डितको साहित्य सिर्जनाको क्षेत्र कविता रहेको पाइन्छ भने उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरू मार्फत २०३२ सालदेखि सार्वजनिक हुन थालेका छन् ।[३८]

## २.१९.२ प्रकाशित कृतिहरू

वामदेव पण्डितले आफ्नो जीवनमा साहित्य सिर्जना, समाज सेवा, सरकारी सेवा, राजनीतिजस्ता क्षेत्रमा कार्य गरेका भए पनि उनका प्रकाशित कृतिहरू भने साहित्यिक सृर्जनासँग सम्बन्धित रहेका मात्र छन् । उनले आफूलाई १२-१३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा संलग्न गराएका थिए भने यो संलग्नता कविता विधाबाट भएको थियो । हालसम्म पनि उनको सृजन प्रतिभा कविता विधाबाटै अभिव्यक्त भएको देखिन्छ । यसैले पनि उनका प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । वि.सं. २०३१ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको चन्द्र भ्रमण शीर्षकको काव्यकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसै गरी पण्डितले वि.सं. २०३१ मा नै 'ब्रम्हाण्ड भित्र' कवितासङ्ग्रह पनि प्रकाशित गराएका छन् जसमा पन्ध्रवटा फुटकर कविताहरू सङ्कलित छन् । वामदेव पण्डितको अर्को प्रकाशित कृति 'हाम्रा पूर्वज' हो । खण्डकाव्यात्मक आयाममा रहेको यो कृति पण्डितहरूकै पूर्वजको व्याख्या गरिएको वंशावलीको रूपमा रहेको छ । यो कृति वि.सं. २०४० मा प्रकाशित भएको थियो । उनले परिमाजात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सृजनाहरू भनेका फुटकर कविता हुन् । उनका यी कविताहरू विभिन्न समयमा नेपाल पुकार, राष्ट्र पुकार, जन्मभूमि, विश्वदूत, विमर्श, जनस्वतन्त्रता, पुर्जागरण, देशान्तर, सुरुचि, चक्षु, गोरखापत्र, कान्तिपुर, मातृभूमि, प्रवाह, राष्ट्र सन्देश आदि पत्रिकामा छापिएका छन् । विभिन्न समयमा छापिएका र छरिएर रहेका ३०० भन्दा बढी सङ्ख्यामा रहेका यी कवितालाई सङ्कलन गरी उनले वि.सं. २०६० मा कविता सङ्ग्रह नै तयार गरेका छन् जुन 'कविताको कुम्लो' शीर्षकमा रहेको छ । यसरी हेर्दा वामदेव पण्डितका प्रकाशित कृतिहरूमा चन्द्रभ्रमण ब्रम्हाण्डभित्र, हाम्रा पूर्वज र कविताको कुम्लो गरी चारवटा पुस्तकाकार कृतिहरू रहेका छन् भने यिनका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि कविता कृतिहरू प्रकाशित भएका छन् ।

## २.२० बसोबास

३८. शोधनायकबाट प्राप्त जानकारी ।

वामदेव पण्डितको पैत्रक थलो तनहुँको क्रियापानी हो । उनी स्वयंले चाहिँ पैतृक थलोमा लामो समय बसोवास गर्ने अवसर पाएनन् । सानो उमेरमा अध्ययनको सिलसिलामा घरबाहिर पुगेका उनी त्यसपछि जागिर, राजनीति तथा अन्य सिलसिलामा अन्यत्र नै जीवन विताउन पुगे । जीवनको भोगाइमा प्रशस्तै स्थानको भ्रमण र प्रशस्तै धन सम्पत्ति आर्जन गरेका उनको आफ्नै नाममा जग्गाधनी प्रमाणपूर्जा चितवन स्थित घर र जग्गाको रहेको छ । सबै छोराहरू काठमाडौँमा रहेका उनको हाल स्थायी रूपको बसोवास चाहिँ काठमाडौँ मै रहेको छ । उनी काठमाडौँमा कुनै एक छोराकोमा नभएर इच्छा अनुसार घुमी-घुमी बस्ने गरेका छन् ।[घढ]

## २.२१ दिनचर्या

वामदेव पण्डितको दिनचर्या सामान्य रूपमा नै बित्ने गरेको पाइन्छ । उनको उमेर ९५ वर्ष पुगिसकेको हुँदा बाहिर हिडडुल गर्न सक्ने अवस्था भने छैन । बिहानको ६ बजे वरिपरिदेखि उनको दैनिकी सुरु हुन्छ । यस समयमा उठेर नित्यकर्म पश्चात् उनी लघुव्यायाम गर्ने गर्दछन् । यसपछि सामान्य योग आसनमा बस्छन् र केही समय वाफ लिन्छन् । वाफ लिएपछि उनको चिया पिउने समय हुन्छ । चियामा उनी सधै हर्लिक्स पनि खाने गर्दछन् । यसपछि आधाघण्टाजति घरभित्रे वा छतमा हिड्ने गर्दछन् । विहानको ११ बजे पछाडि उनी खाना खान्छन् । दहीमा राखेको लावालाई पुक्त दुधमा राख्ने अनि त्यसमा ४-५ वटा बिस्कुट हालेर बनाइएको खाना आधा तथा सामान्य दाल-तरकारीसँगको खाना आधा गरेर उनी खाना खाने गर्दछन् । बिहानको खाना पश्चात् उनी आराम गर्दछन् । केही समय हिँड्ने पनि गर्दछन् र दिउँसो आधाग्लास अनारको जुस पिउने गर्दछन् । यसपछिको आरामसँगै उनको बेलुकाको खानाको समय हुन्छ । यसरी बेलुकाको खानापश्चात उनी सुत्दछन् । सुतेर रामनाम जप्ने उनको बानी छ । पीडा, छट्पट, अनिन्द्रा आदिको समयमा पनि रामनाम जप्दा समस्या दूर हुने उनको आफ्नो अनुभव रहेको छ ।[ढण]

## २.२२ शारीरिक अवस्था र स्वास्थ्य स्थिति

औषत नेपालीको उचाइ भएका वामदेव पण्डित गहुगोरो वर्ण, पुरै फुलेको दाह्री-जुँगा, फुल्न थोरै मात्र अंश बाँकी रहेका कपाल र आँखीभौँ तथा उमेर अनुसार मोटा नै शरीर रहेका व्यक्तित्वका रूपमा देखिन्छन् । सामान्य भन्दा केही कमजोर सुन्ने उनी गम्भीर प्रकृति र मिजासिलो स्वभावका रहेका छन् । हाँसेर बोल्ने उनी राम्रो स्मरण शक्ति भएका छन् । त्यसैले उनी आफ्नो बाल्यकाल देखिको इतिहास सुनाउँदा कुनै सम्झेको कुरा भन्दै गरेको जस्तो नभएर सरर पाठ पढेझैं अभिव्यक्त गर्न सक्दछन् ।

---

३९. शोधनायकबाट प्राप्त जानकारी ।
४०. ऐजन् ।

स्वास्थ्यका सवालमा पण्डितले केटाकेटी अवस्थादेखि नै अभिभावकसँग लुकेर सुर्ती-तमाखु खान थालेो पाइन्छ । उनको यो लतका कारण २२ वर्षको उमेरमा नै उनलाई कफले सताएको थियो । यही समयमा तत्कालीन कविराज सरदर शिवलालको आयुर्वेदिक औषधी र सल्लाहको प्रयोग गरेर उनी रोग र लत दुबैबाट मुक्त भएका थिए । यस पछि ३१ वर्षको उमेरमा निकै सिकिस्त भएका उनले पटनामा अस्पतालमा बस्नुपरेको थियो भने ७४ वर्षको उमेरमा पत्थरको अप्रेसन गराउनु परेको थियो । वृद्ध उमेरमा देखिने साझा स्वास्थ्य समस्यालाई सहदै-भोग्दै जीवनरथ चलाइरहेका पण्डितलाई आज रक्तचाप, दम, कब्जियत, ढाड दुख्ने जस्ता स्वास्थ्य समस्या रहेका छन् । उनको वर्तमानका यी समस्याहरूलाई कम रासायनिक औषधी तथा बढी बाफ तथा प्राकृतिक चिकित्सा पद्धतिको प्रयोगद्वारा कम गर्ने गरेका छन् ।[४१]

४१. ऐजन् ।

## २.२३ भ्रमण

मानिस चेतनशील प्राणी हो । यही चेतनको कारण विविध उद्देश्य तथा आवश्यकताको परिपूर्ति गर्न मानिस विभिन्न ठाउँमा भ्रमण गर्दछ, ज्ञान तथा अनुभव लिन्छ र आफ्नो इतिहास बनाउँछ । वामदेव पण्डितले पनि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्रमण गरेर आफ्ना अनुभव सङ्कलन गरेका छन् । उनको भ्रमणको सुरुवात अन्तरजिल्लाको स्तरमा १४ वर्षको उमेरबाट भएको थियो । यस समयमा उनी अध्ययनको सिलसिलामा पाल्पा हुँदै काठमाडौँ आएका थिए । काठमाडौँ मै बसेर औपचारिक अध्ययन गरेका उनले अध्ययनपश्चात जागिरका सिलसिलामा अन्य विभिन्न जिल्लामा पुग्ने र घुम्ने अवसर पाए । यसपछि राजनीति गरेका उनले राजनीतिकै सवालमा पनि धेरै ठाउँको भ्रमण गर्ने अवसर पाए । यसरी नेपालका पूर्वदेखि पश्चिमका धेरै जिल्ला घुमेका उनी हिन्दू धर्ममा आस्था र विश्वास राख्ने हुँदा हिन्दूहरूका आराध्य देवदेवीको मन्दिर भएका नेपाल र भारतका तीथ स्थलहरूमा पनि घुमे भने उपचारका सिलसिलामा समेत भारत घुमे । यतिमात्र नभएर उनी आफ्नो छोरा गान्धी अध्ययन गर्न पुगेको स्थान अमेरिका समेत पुग्न भ्याए । यसप्रकार शैक्षिक, राजनैतिक, धार्मिकजस्ता विभिन्न उद्देश्य लिएर देश-विदेशको यात्रा गरेका उनले आफ्नो ९५ वर्षको उमेरमा ३५ पटक हवाइजहाजको यात्रा गरिसकेका छन् ।[४२]

## २.२४ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिले आफ्नै सामान्य दैनिकी चलाउने मात्र नभएर समाजले नै अनुकरण गर्न योज्ञ कार्य गर्दा सम्मान तथा पुरस्कार प्राप्त गर्दछन् । वामदेवले पनि यस्तै अनुकरणीय कार्य गरेर सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । कविता रचना र वाचन गरेर प्रशस्तै मात्रामा ससाना पुरस्कार प्राप्त गरेका उनले चितवनमा स्वयंसेवक शिक्षकको कार्य गर्दा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टबाट कदरपत्र पाएका थिए । यस्तै नेपाली काङ्ग्रेसको स्थापना कालदेखि नै सशक्त भूमिका खेल्दै र देशमा भएका विभिन्न आन्दोलनमा विशिष्ट योगदान दिएकाले २०५५ सालमा गिरिजाप्रसाद कोइरालाबाट नेपाली क्रान्तिको स्वर्णजयन्तीका अवसरमा प्रजातन्त्र सेनानी कदरपत्र प्राप्त गरे । वि.सं. २०६० मा नेपाली शिक्षा परिषद्बाट प्राप्त गरेको पुरस्कार तथा सम्मानपत्र उनले प्राप्त गरेको अर्को सम्मान हो । यसैगरी द रेयुकाइ नेपालबाट पनि उनले सर्वप्रथम कविता पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका थिए । यसरी विविध पुरस्कार, कदर र सम्मान पत्र पाएका उनले कार्यक्रम तथा सभाहरूमा पनि थुप्रै पटक अभिनन्दित हुने अवसर पाएका छन् ।[४३]

## २.२५ साहित्यसम्बन्धी दृष्टिकोण

४२. ऐजन् ।
४३. ऐजन् ।

साहित्य कला हो । यो प्रतिभावान व्यक्तिको सिर्जनात्मक अभिव्यक्ति हो । समाजलाई चेतना र संवेदनासहित अगाडि बढाउने एक माध्यम पनि हो । वामदेव पण्डित पनि साहित्यबारेका यी मान्यतालाई स्वीकार गर्दछन् तर साहित्यबारे उनको बुझाइ यतिमा मात्र सीमित छैन । उनी साहित्यलाई जनताको उपदेश र सूचना पनि मान्छन् । जनतालाई उपदेश दिने, नयाँ ज्ञान तथा समसामयिक घटना, परिवेश, विषय आदिको अभिधात्मक तथा प्रतीकात्मक अभिव्यक्ति दिने हुँदा साहित्य सधैं र सबैलाई आवश्यक पर्ने उनको मत छ । साहित्यमा कलात्मकताको पनि उनी आवश्यकता देख्दछन् भने आफ्नो दृष्टिकोणलाई बुझेर नै सूचना र समालोचना गरेकोमा मिडिया र समालोचनासँग पनि आभार व्यक्त गर्दछन् ।[४४]

## २.२६ जीवनजगत्सम्बन्धी दृष्टिकोण

वामदेव पण्डित कुनै एक दुई दशकको संसारलाई चिहाउन मात्र नभएर करिब एक शताब्दी पूरैको संसारको अनुभव प्राप्त गर्ने भाग्यमानी व्यक्ति हुन् । विज्ञान, प्रविधि, चेतना, विकास आदिको चमत्कार भएको आजको वैज्ञानिक-यान्त्रिक युगका अनि सापेक्षित रूपमा विज्ञान र प्रविधिको कम विकास भएको शताब्दी अगाडिको आध्यात्मिक विश्वासको युगका अनुभव बटुलेका उनको जीवनसम्बन्धी दृष्टिकोण पनि आध्यातिमक र मौलिक दुवै मान्यताबाट सङ्क्रमित छन् । इलेक्ट्रिक चुलोमा पकाएको खाना धरो फेरेर खाने उनको जीवनशैलीले पनि यही कुराको पुष्टि गर्छ । एकातिर उनी विज्ञानका चमत्कारले मान्छेले उपभोग गर्न पाएका सुविधाप्रति दङ्ग छन् भने अर्कातिर मान्छेले बिर्सदै गएको धार्मिक आस्था र विश्वास तथा मानवीय संवेदना भुलेर आपसमा गरेको झै-झगडाबाट चिन्तित छन् । यसैले उनी जीवनलाई विज्ञान र धर्म दुवैले बुझ्न नसकेको अपार रहस्यको पोको तथा संसार हेर्ने स्वर्ण अवसर ठान्छन् ।[४५]

## २.२७ निष्कर्ष

धृतकौशिक गोत्रीय वामदेव पण्डितको जन्म वि.सं. १९७३ असार १६ गते तनहुँ जिल्लाको क्रियापानी भन्ने ठाउँमा भएको हो । ज्योतिष, लेखापढी तथा कृषि व्यवसाय गर्ने पिता झलप्रसादका तीनवटी पत्नीमध्ये काशीकुमारीका कोखबाट जन्मिएका उनले घरमै धुलौटो र बाँसका सुत्लामा कखरा सिके भने १४ वर्षको उमेरमा काठमाडौं आएर पढ्ने अवसर पाए । पाँच महल ऐन जस्तो तत्कालीन समयमा उच्च तह मानिने औपचारिक शिक्षा हासिल गरेका उनले न्यायालयमा कारिन्दा तथा अधिकृतको श्रेणीमा सरकारी जागिर खाए । हिन्दू धर्मको अनुशरण गर्ने ब्राम्हण परिवारमा जन्मिएका उनले वैदिक विधि अनुसारको उपनयन नौ वर्षमा गरेको ३ वर्ष पछि विवाह पनि वैदिक विधि मै गरे । यसपछि बाबुको बिडो थाम्दै

४४. ऐजन् ।
४५. ऐजन् ।

अरू दुईवटा गरी तीन बिहे गरेका उनले जीवन भोगाइमा राजनैतिक झुकावलाई प्राथमिकता दिँदै वि.सं. २००२ मा जागिरलाई राजिनामा दिए । यसपछि २००५ सालमा औपचारिक रूपमा नेपाली काङ्ग्रेस पार्टीमा समर्पित भई राजनैतिक जीवन बिताउन थाले । वि.सं. २००७ को क्रान्तिमा होमिने, त्यस पश्चात् तनहुँमा जनसरकार स्थापना गरी वरिष्ठ सहायक न्यायमन्त्रीको पद सम्हाल्न तथा वि.सं. २००८ देखि २०१५ सम्म जिल्ला सचिव चलाउन भ्याएका उनले २०१७, २०३६, २०४२ तथा २०४६ का नेपाली राजनैतिक आन्दोलनमा ने.का.पार्टीको तर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरे । जीवन जीउने क्रममा जन्मस्थानभन्दा बाहिर नै धेरै समय बिताएका उनले सुख र दुःख दुबै प्रकारका अनुभव बटुले । आफ्ना तीनवटै पत्नीबाट सन्तान भए पनि हाल माहिली पत्नीका चार छोरा र चार छोरीको घरबार हेर्न पाएका उनी आफूले प्रशस्तै धन सम्पत्तिमात्र जोडेनन् छोराछोरीलाई पनि राम्रो मार्ग निर्देश गराएर उनीहरूको आरामदायी जीवन पनि हेर्न पाए । तनहुँ, नवलपरासी, चितवनजस्ता ठाउँमा धेरै जग्गा तथा मूल्यवान घरघडेरी जोडेका उनी हाल काठमाडौँमा छोराहरू बस्ने पाँचवटा घरमा घुमी-घुमी दिन काटिरहेका छन् । आफ्नो दुःख सुख हेर्ने पत्नी तथा अल्पायुमा जेठो छोरा गुमाउनु पर्दाको वियोगसमेत सहदै गरेका उनले जीवनमा राजनीति, सरकारी सेवा, समाजसेवा तथा साहित्य सिर्जनाको कार्य गरे । करिब २० वर्षको उमेरदेखि कविता विधाबाट साहित्यको सिर्जना गर्ने उनले २०३१ सालदेखि देश-विदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित रचनाका अतिरिक्त 'चन्द्र भ्रमण', 'ब्रम्हाण्ड भित्र', 'हाम्रा पूर्वज' तथा 'कविताको कुम्लो' गरी चार पुस्तकाकार कविताकृति रहेका उनका अप्रकाशित उपदेश, सूचना, कला अनि मान्छेको आवश्यक तत्त्व मान्ने उनले देश विदेश भ्रमण गर्ने तथा विभिन्न सम्मान-पुरस्कार प्राप्त गर्ने अवसर पनि पाए । जीवनलाई एक रहस्य र अवसर मान्ने पण्डित आफ्नो ९५ वर्षको उमेरमा संसार हेर्दै दैनिकी गरिरहेका छन् । आफ्ना कविता सिर्जनाबाट कविको रूपमा स्थापित पण्डित साहित्य सिर्जनाको कारण मात्र नभएर विद्वान व्यक्तित्व, राजनीतिक, वृद्ध आदि आधारमा पनि सवैका प्रेरणाका स्रोत तथा सम्मानित व्यक्तित्वका रूपमा रहेका छन् ।

# परिच्छेद तीन

# वामदेव पण्डितको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका कार्यहरूबाट बनाएको पहिचान उसको व्यक्तित्व हो । यसलाई व्यक्तिको अनुभव, ज्ञान, शिक्षादीक्षा, मूल प्रवृत्ति तथा गुणहरूको समूहका रूपमा लिन सकिन्छ । व्यक्तिका व्यक्तिगत एवम् सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखा परेको साधारण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ ।[४६] यस्तै व्यक्तित्व वंश परम्परागत जैविक वृत्ति पुञ्जका रूपमा सृजित हुन्छ र शिक्षादीक्षा सङ्गति र वातावरणका आलोकबाट प्राप्त वा आर्जिक आर्जित अनुभवद्वारा सम्वृद्ध बन्छ ।[४७] व्यक्तित्वको अर्थ एकरूपता निर्माण हो । व्यक्तिले आफ्ना आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छोडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थितिको अनुकूल चल्नसक्ने त्यो शक्तिसत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्णिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । त्यही व्यक्तिभित्र निहित प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ ।[४८] व्यक्तित्वबाट नै व्यक्ति समजामा परिचित हुन्छ । कुनै व्यक्तिले गरेका विकासात्मक र रचनात्मक कार्यमा आफ्नो व्यक्तित्वको छाप छाडेको हुन्छ । एउटै व्यक्ति साहित्य, समाज, राजनीति, शिक्षा आदि क्षेत्रमा समर्पित हुँदा उसको व्यक्तित्वका भिन्नपाटाहरूको निर्माण हुन्छ । वामदेव पण्डितले पनि आफ्नो जीवनको भोगाइमा विभिन्न कार्यहरू गरेर त्यसै अनुरूपको व्यक्तित्वको निर्माण गरेका छन् । यस अध्यायमा पण्डितका तिनै व्यक्तित्वका भिन्न पाटाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको बाह्य शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ । व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान आवश्यक हुन्छ । किनकी व्यक्तिका निजी व्यक्तित्वको प्रष्ट स्वरूप उसका सार्वजनिक व्यक्तित्वका चरण चरणमा उजिलिएको हुन्छ । कुनै पनि व्यक्तिका निजी जीवनसँग सम्बन्धित रूप, आकार, प्रकार, रुचि, स्वभाव, प्रवृत्ति, आचरण आदि कुराहरूले उसको निजी व्यक्तित्वको निर्माण गर्ने भएकाले त्यसै अनुसार यहाँ वामदेव पण्डितको निजी व्यक्तित्वलाई हेरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व

४६. भीष्मराज काफ्ले, पूर्ववत पृ. ३३ ।

४७. केशवप्रसाद उपाध्याय, **मोतीरामको व्यक्तित्व र योगदान,** मोती स्मृतिग्रन्थ सम्पा.,रमा शर्मा, काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९ पृ. ३९ ।

४८. दशरथ ओझा, **समीक्षाशास्त्र,** दिल्ली : राजपाल, २०५७, पृ. ३१ ।

वामदेव पण्डित औषत नेपालीको उचाइ भएका व्यक्ति हुन् । ९५ वर्ष काटिसकेका वृद्ध उनका दाह्री जुँगा सेतै फुलेका छन् भने कपाल र आँखीभौँमा केही फुल्न बाँकी रौहरू रहेका छन् । शरीर सुहाउँदो मोटाइ, सफा पहिरन र आसनमा रहने उनी धीर, गम्भीर र स्वाभिमानी देखिन्छन् । हाँसेर बोल्ने, साना-ठूला सबैलाई महत्त्व दिने, कसैलाई बोली व्यवहारद्वारा हेप्ने र ठग्ने गर्दैनन् । मधुर स्वर, प्रष्ट बोली तथा नम्र व्यवहारले अरूलाई छिटै सामीप्यको अनुभूति गराउन सक्ने खुबी उनमा रहेको छ ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शील, स्वभाव, आचरण प्रवृत्ति आदिका सन्दर्भमा आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । वामदेव पण्डितको आन्तरिक व्यक्तित्वलाई हेर्दा उनी मेहनेती, तीक्ष्ण बुद्धिका तथा अध्ययनशील स्वभावका देखिन्छन् । पढ्ने रुचि र अवसरको सदुपयोग गर्दै सानै उमेरदेखि घर बाहिर रहेका उनी शान्त र कर्मशील रहेका छन् । काम गरेपछि प्रतिफल पक्कै प्राप्त हुन्छ भनेर मेहनत गरिरहने उनी स्वाभिमानी, निडर र धीर प्रकृतिका छन् । जीवनमा न्याय क्षेत्रको अध्ययन र जागिर गरेका उनी कसैको कुभलो चिताउँदैनन् र अरुको कुभलो गरेको सहन पनि सक्दैनन् । जनताको स्वतन्त्रता र न्याय चाहने तथा निरङ्कुशको अन्त्य चाहने हुँदा नै जागिरसमेत छोडेर क्रान्तिमा लागेका उनी राजनीतिमा पनि उत्तिकै झुकाव राख्दछन् । वृद्ध उमेरमा पनि अध्ययन र लेखनमा उत्तिकै रुचि राख्ने हुँदा नै उनी आजको प्रतिकूल शारीरिक अवस्थामा पनि कविता लेखिरहेका छन् । देश प्रेम, धार्मिक अस्तिकता, समाजसेवा आदि उनका प्रिय विषयहरू बनेका छन् ।[४९] यसरी उनको आन्तरिक व्यक्तित्व पनि बाह्य व्यक्तित्व जतिकै प्रभावशाली, बौद्धिक र सशक्त रहेको पाइन्छ ।

## ३.३ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नै सरोकारसँग मात्र सम्बन्धित नरहेर सार्वजनिक महत्त्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनका साथै व्यक्तित्वको समेत निर्माण गरेको छ भने त्यस दृष्टिबाट उसको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येत्तर र साहित्यिक व्यक्तित्वको विकास भएको पाइन्छ । उनले आफ्नो जीवनमा राजनीति, सरकारी सेवा, सामाजिक सेवा, शिक्षणजस्ता कार्य गरेर साहित्येत्तर व्यक्तित्वको निर्माण गरेका छन् भने कविता लेखनद्वारा साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् ।[५०] उनका यी विभिन्न क्षेत्रका कृयाकलापहरू सार्वजनिक भएकाले त्यसबाट विकसित सार्वजनिक व्यक्तित्वको अध्ययन यहाँ गरिएको छ ।

### ३.३.१ साहित्येतर व्यक्तित्व

४९. शोध नायकबाट प्राप्त जानकारी ।
५०. ऐजन् ।

आफ्नो व्यक्तित्व निर्माणका क्रममा सार्वजनिक क्षेत्रका साहित्यभन्दा फरक कार्यबाट बनाएको व्यक्तित्व कुनै पनि व्यक्तिको साहित्येत्तर व्यक्तित्व हो । वामदेव पण्डितले समाज सेवा, राजनीति, सरकारी सेवा तथा शिक्षणद्वारा यस्तो व्यक्तित्वको निर्माण गरेका छन् जुन यहाँ हेरिएको छ ।

## ३.३.२ सरकारी सेवाको व्यक्तित्व

वामदेव पण्डितको जीवनमा उनले निर्माण गरेका व्यक्तित्वका विविध पाटाहरूमध्ये यो एक महत्त्वपूर्ण पाटो हो । औपचारिक अध्ययनको समाप्तिसँगै सुरु गरेको सरकारी सेवामा उनले भिन्न तह र भिन्न जिल्लामा रही न्याय क्षेत्रमा कार्य गरेका छन् । युवा अवस्थामा नै सुरु गरेपनि लामो समय कार्य नगरी, पेन्सन समेत नपकाइ सेवाबाट राजिनामा दिएका भए पनि जीवनको उर्वर समयमा र महत्त्वपूर्ण कार्य सम्पादन गरेकाले उनको यो व्यक्तित्व महत्त्वको बनेको हो । यस अन्तर्गत उनले वि.सं. १९८९ तेजारथमा र १९९१ मा अदालत तहसिल देवनी फाँटको कारिन्दामा कार्य गरे भने वि.सं. १९९५ मा पश्चिम १ नम्वर गोश्वाराको विचारीमा पनि कार्य गरे । यस्तै न्याय अधिकृतको रूपमा धादिङ र चिसापानी जिल्ला अदालतमा समेत कार्य गरेका उनले २००२ मा सेवा छोडेका छन् । देमा प्रतिकूल शासन व्यवस्था रहेको बेला न्याय जस्तो संवेदनशील क्षेत्रमा विभिन्न स्थानमा विभिन्न प्रकृतिका मुद्दाहरूमा निडरता र निर्भिकतापूर्वक छिनोफानो दिएर उनले यस्तो व्यक्तित्वको निर्माण गरेका हुन् ।[५१]

## ३.३.३ राजनैतिक व्यक्तित्व

वामदेव पण्डितले उनको जीवनको सबैभन्दा बढी समय साधना गरेको तथा त्यत्तिकै महत्त्वपूर्ण भूमिका पनि बहन गरेर निर्माण गरेको व्यक्तित्व राजनैतिक व्यक्तित्व हो । नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट राजनीति गर्ने उनले वि.सं. २००५ मा पार्टीको सदस्यता लिएका थिए भने तनहुँमा राजनैतिक कार्यकर्ताको रूपमा कार्य गर्दै २००७ को आन्दोलनमा स्वतन्त्रता सेनानीको रूपमा लडेका थिए । यस पछि तत्कालीन तनहुँमा स्थापित जनसरकारमा वरिष्ठ सहायक न्यायमन्त्रीको कार्य गरेका उनले वि.सं. २००८ देखि २०१५ सम्म पार्टीको जिल्ला सेक्रेटरीको कार्य पनि गरे । देशमा त्यसयता भएका २०१७, २०३६, २०४२, २०४६ का राजनैतिक आन्दोलनमा सक्रिय भूमिका बहन गरेका तथा विभिन्न पदको जिम्मेवारी पूरा गरेका उनी पार्टीबाट सम्मानित पनि भएका छन् । हालमा भने वृद्ध उमेर र शारीरिक शिथिलताका कारण उनी कुनै सक्रिय कार्यकर्ताको रूपमा नभएर नेपाली

---

५१. ऐजन् ।

काङ्ग्रेस पार्टी तथा समग्र देशको विकासको लागि शुभ चिन्तक बनेर दिन काटिरहेका छन् ।[छद] यसरी उनको राजनैतिक व्यक्तित्व पनि सशक्त र प्रभावशाली रहेको पाइन्छ ।

### ३.३.४ समाजसेवी व्यक्तित्व

वामदेव पण्डितको नाम समाजसेवी व्यक्तित्वका रूपमा पनि उत्तिकै परिचित रहेको छ । सामाजिक, शैक्षिक, धार्मिक उन्नयनका पक्षले उनले ती विषयसँग सम्बद्ध विभिन्न सङ्घ-संस्थाहरूलाई सहयोग दिएर, तिनको व्यवस्थापन तथा संस्थापनमा पदीय जिम्मेवारी पूरा गरेर, प्रचार-प्रसारका कार्यमा जुटेर यो व्यक्तित्वको निर्माण गरेका हुन् । वर्तमानमा समेत चितवन तथा नवलपरासी जिल्लाका थुप्रै विद्यालय धार्मिक गुठी तथा अन्य सामाजिक संस्थाहरूमा सल्लाहकार तथा संस्थापकीय भूमिका निभाइरहेका छन् । विभिन्न सङ्घ-संस्थाको प्रचार तथा वकालत गर्ने सन्दर्भमा विभिन्न समयमा पत्रपत्रिकाहरूमा एवम् असीपटक भन्दा बढी रेडियोमा अन्तर्वार्ता दिएबाट पनि उनको यस क्षेत्रको व्यक्तित्वको बारेमा प्रष्ट हुन्छ । यसैले समाजसेवी व्यक्तित्वका रूपमा पनि वामदेवको पहिचान रहेको पाइन्छ ।[छघ]

### ३.३.५ शिक्षक व्यक्तित्व

वामदेव पण्डितका सार्वजनिक व्यक्तित्वका विविध पाटाहरूमध्ये शिक्षक व्यक्तित्व पनि एक रहेको छ । छोटो अवधिको भए पनि महत्त्वको रूपमा रहेको शिक्षक व्यक्तित्वको निर्माण उनले चितवनमा गरेका थिए । चितवन जिल्लास्थित एक विद्यालयको शिक्षक अभावमा वि.सं. २०२२ देखि दुईवर्ष कक्षा ९ र १० लाई श्रेस्ता विषय शिक्षण गरेका उनले यो कार्य तलवी शिक्षकको रूपमा नभएर स्वयंसेवकको रूपमा गरेका थिए । उनको यही कार्यको सर्हाना गर्दै तत्कालीन प्रधानमन्त्रीले कदरपत्र प्रदान गरेबाट उनको यस क्षेत्रको व्यक्तित्व निर्माणको पुष्टि हुन्छ ।[छढ]

### ३.३.६ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको साहित्यिक कृतिका आधारमा उसको साहित्यिक व्यक्तिको निर्माण भएको हुन्छ । साहित्यिक क्षेत्रमा सानैदेखि रुचि भएका वामदेव पण्डितले सिर्जनाका विभिन्न कृतिहरू प्रकाशित गराएर आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । उनको साहित्यिक कवि व्यक्तिका रूपमा रहेको छ भने कविताको फुटकरदेखि खण्डकाव्यको

---

५२. ऐजन् ।

५३. ऐजन् ।

५४. ऐजन् ।

आयामसम्मका रचना उनले रचना गरेका छन् । उनको यही कवि व्यक्तित्वलाई यहाँ हेरिएको छ ।

वामदेवको सिर्जना यात्राको आरम्भनै कविताबाटै भएको कुरा माथि उल्लेख भै सकेको छ । जीवनको १२-१३ वर्षको केटाकेटी उमेरदेखि नै पुराना काव्यिक ग्रन्थका पद्यहरू कण्ठस्थ पारी विवाह आदि कार्यमा सुनाउने गर्नुले उनको कविताप्रतिको मोहलाई प्रष्ट पार्छ । उनले आफ्ना मौलिक रचनाको सुरुवात भने करिव २० वर्षको उमेरदेखि गरेको पाइन्छ भने प्रकाशनको सुरुवात अझ पछाडि आएर २०३१ बाट मात्र भएको पाइन्छ । यसरी पण्डितको कविता लेखनको सुरुवात र प्रकाशनको सुरुवात बीचको समयको लामो अन्तराल भएकाले उनका धेरै कविताहरू प्रकाशनसम्म आइ नपुगेको पाइन्छ । अझ विभिन्न अवस्था, घटना, परिवेश आदिलाई विषय बनाएर तत्काल सिर्जना गर्ने र ती फुटकरको रूपमा हुने हुँदा कति कविताले त सङ्कलित र सुरक्षित हुने मौका पनि नपाएको देखिन्छ । वि.सं. २०३१ देखि प्रकाशनको अवसर पाएका उनका कविताहरू नेपाल पुकार, राष्ट्रपुकार, जन्मभूमि, विश्वदूत, विमर्श, जनस्वतन्त्रता, पुनर्जागरण, देशान्तर, सुरुचि, चक्षु, गोरखापत्र, कान्तिपुर, मातृभूमि, प्रवाह, राष्ट्रसन्देश आदि पत्रिकामा छापिएका छन् ।[छछ] बाहेक पुस्तकाकार रूपमा पनि उनले कविताको प्रकाशन गरेका छन् जसमा 'चन्द्रभ्रमण', 'ब्रम्हाण्डभित्र', 'हाम्रा पूर्वज' तथा 'कविताको कुम्लो' पर्दछन् । उनका पुस्तकाकार कृतिहरूमा 'चन्द्रभ्रमण' र 'ब्रम्हाण्ड भित्र' मौलिक कवितासङ्ग्रह हुन् भने 'हाम्रा पूर्वज' लघुकाव्य वा खण्डकाव्यका रूपमा रहेको छ । यस्तै 'कविताको कुम्लो' विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका उनकै कविताहरूको सङ्कलन गरिएको सङ्ग्रह हो । फुटकर आयामका कविताहरू पण्डितले आज पनि लेख्ने तथा पत्रपत्रिकाहरूमा प्रकाशन गराउने कार्य गरिरहेका छन् ।[छट]

माथि उल्लेख गरे बाहेकका रचनामा पण्डितले २०-२२ वर्षको उमेरमा १०० श्लोकको रामलक्ष्मण संवाद तथा १९९९ सालमा धादिङमा सरकारी सेवामा रहदा दिवङ्गत भएका २ जना सहकर्मीको सम्झनामा १५० श्लोकको वैराग्य लहरी पनि लेखेका थिए । तर यी कृतिहरूले पनि प्रकाशन हुने अवसर भने पाएनन् ।[छठ]

यसप्रकार उल्लिखित कविताहरूको रचना र प्रकाशनबाट नै वामदेव पण्डितको सार्वजनिक साहित्यिक व्यक्तित्वको निर्माण भएको पाइन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबीच आन्तरिक सामञ्जस्य

---

५५. लक्ष्मण प्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. ६१ ।

५६. शोधनायकबाट प्राप्त जानकारी ।

५७. ऐजन् ।

वामदेव पण्डितले आफ्नो जीवनका ९५ वर्ष काटेर अनुभवको लामो इतिहास बनाइसकेका छन् । यस क्रममा उनी सामाजिक, सांस्कृतिक, राजनैतिक तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशलाई भोग्दै र सामना गर्दै जीवनको वर्तमान अवस्थामा आइपुगेका छन् । यही लामो जीवन भोगाइका क्रममा आफ्ना अनुभव, परिवार, समाज, शिक्षा-दीक्षा, प्रभाव, प्रेरणा, पीडा, खुसी, सफलता, विफलता आदिका परिस्थितिहरूले सिर्जना गरेका अनुभव र अनुभूतिहरूले उनलाई एउटा मार्गदर्शन गर्दै लगेको कुरा उनको जीवनको अध्ययनबाट स्पष्ट हुन्छ । यिनै कारणले नै उनी साहित्य र समाजको सेवा गर्दै र सबै जनताको सुख, स्वतन्त्रता, न्यायको वकालत गर्दै एउटा विकसित र सभ्य संसारको परिकल्पनामा अगाडि बढेका छन् । व्यक्तिगत जीवन भोगाइका प्रभाव, तत्कालीन समाजको चेतना, सरकारको नीति आदिको समस्याग्रस्त परिवेशबाट साहित्यकार पण्डितको जन्म भएको छ । यही जीवन भोगाइको एक अङ्ग बनेर साहित्यिक यात्रा पनि अगाडि बढेको पाइन्छ ।

वामदेव पण्डितको जन्म तत्कालीन समाजको सापेक्षतामा सम्पन्न र शिक्षित परिवारमा भएको हो । परिवारको औकातका कारण नै उनले अध्ययन, भ्रमण रोजगारको अवसर पाएका छन् । आफूले पाएका अवसरहरूको सही उपयोग तथा वैयक्तिक प्रतिभालाई कुण्ठित नगरी प्रस्फुटन गरेबाट नै उनको व्यक्तित्वको निर्माण भएको छ । जीवन भोगाइमा पार गरेका अनुकूल तथा प्रतिकूल परिस्थितिहरूबाट अगाडि बढ्दै जाँदा उनको सामाजिक, राजनैतिक, सरकारी सेवाजस्ता विविध पाटाको व्यक्तित्वको निर्माण भएको छ भने व्यक्तित्वका यिनै पाटाहरूको प्रेरणा र प्रभावबाट साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । यसैले उनका सिर्जनामा जीवनका अनुभव, धार्मिक आस्थाको प्रकटीकरण, वैयक्तिक इच्छाको प्रस्तुति, राजनैतिक झुकावको अभिव्यक्ति, समाजका सकारात्मक पक्षको गायन, नकारात्मक पक्षको भण्डाफोर र व्यङ्ग्य, विविध घटना र इतिहासको वर्णन तथा सभ्य सुसस्कृत संसारको परिकल्पना पाइन्छ । यिनै बहुविधा विषयको सिर्जनात्मक अभिव्यक्तिबाट उनको साहित्यिक व्यक्तित्वको निर्माण भएको छ ।

यसरी सुख-दुःखका विभिन्न अनुभूति संगालेको वामदेव पण्डितको जीवन र त्यस जीवन भोगाइमा निर्माण भएका व्यक्तित्वका अनेक पाटाहरूको प्रभाव उनको सिङ्गो साहित्य लेखनमा परेको पाइन्छ । उनको साहित्य रचनामा पौराणिक विषय वणन, घटनाहरूको प्रस्तुति, राजनैतिक व्यङ्ग्य र आक्रोश, भोगाइका अनुभूति आदिको प्रस्तुति पाइन्छ । साहित्य विचार र भोगाइको कलात्मक अभिव्यक्ति तथा सबैको सुसूचित गर्ने माध्यम हो भन्ने उनको भनाइलाई उनका रचनाले पुष्टि गरेका छन् भने उनको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबीच पनि सामञ्जस्य भएको पाइन्छ ।

## ३.५ निष्कर्ष

वामदेव पण्डित एक व्यक्ति र अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । खानदानी परिवार र कृषि व्यवसायबाट अध्ययन, रोजगार र राजनीति हुँदै जीवनलाई अगाडि बढाएका उनले तत्अनुकूल व्यक्तित्वको पनि निर्माण गरेका छन् । व्यक्तिगत जीवनको व्यवहारिक पक्ष एकातिर र सामाजिक, राजनैतिक तथा सरकारी सेवाजस्ता सार्वजनिक जीवनका बीचबाट साहित्यिक रचनाको सिर्जना र प्रकाशन गरेर उनले आफ्नै साहित्यिक यात्रालाई बढाएकामात्र छैनन् सिङ्गो नेपाली साहित्यको विकासमा पनि सहयोग पुऱ्याएका छन् । फुटकर कवितादेखि खण्डकाव्यको आयामसम्मका कविता लेखनबाट उनको यो साहित्यिक यात्रा अगाडि बढेको छ । यसरी व्यक्तित्वका अन्य पाटाहरू जस्तै साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । जीवनमा भोगाइ, धार्मिक आस्था, राजनैतिक आस्था, समसामयिक घटना आदि विषयको कात्यात्मक र वर्णनात्मक अभिव्यक्त कवितामार्फत दिने उनको यो व्यक्तित्व स्वच्छ र छर्लङ्ग रहेको पाइन्छ ।

# परिच्छेद चार

# वामदेव पण्डितको कृतित्वको अध्ययन

## ४.१ परिचय

वामदेव पण्डितको जीवन विविध आयामहरूको माध्यमबाट विस्तारित भएको पाइन्छ । ती विविध आयाममध्ये साहित्य सिर्जना उनको एउटा महत्वपूर्ण पाटो हो । जीवनको आरम्भिक समयदेखि नै सार्हित्य सिर्जनामा लागेका पण्डितको साहित्य सिर्जना अर्न्तगत पनि उनको कविता साधनामा आफूलाई विशेष संलग्न तुल्याएका छन । उनको प्रथम प्रकाशित काव्यात्मक रचना **चन्द्रभ्रमण** हो । प्रस्तुत खण्डकाव्यात्मक स्वरूपको कवितात्मक रचना २०३१ सालमा प्रकाशित भएको हो । यसपछि उर्बा बिनरन्भतर कविता सिर्जना गरेर एक सफल कविको रूपमा आफूलाई उभ्याउन सफल भएका छन । चन्द्रभ्रमण पछि २०३१सालमै उनको बहमाण्ड भित्र कवितासंग्रह प्रकाशित भयो भने हाम्रा पूर्वज खण्डकाव्यात्मक रचना २०४० सालमा प्रकाशित भएको देखिन्छ । यसपछि उनका विभिन्न सामयिक राष्टिय अन्तराष्टिय राजनीतिसंग सम्बन्धित सामाजिक विषयवस्तुमा आधारित कविताहरू विभिन्न पत्रपत्रिकामा फुटकर रचनाकाा रूपमा प्रकाशित रहेका छन । यिनै फुटकर रचनाका रूपमा रहेका कविताहरूलाई समेटेर उनले विसं २०६० सालमा **कविताको कुम्लो** शीर्षको कवितासंग्रह प्रकाशित गरेका छन । यसर्थ उनका कविताको यात्राअनुसार उनका जम्मा चारवटा कवितात्मक कृतिहरू प्रकाशित भएका देखिन्छन। प्रस्तुत शोधमा उनका यिनै कवितात्मक रचनाको अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२ चन्द्रभ्रमण तथा तारा स्मरण खण्डकाव्यको विश्लेषण

(चन्द्रभ्रमण र तारा स्मरण) खण्डकाव्यात्मक कविको प्रथम प्रकाशित कवितात्मक कृति हो । प्रस्तुत खण्डकाव्यमा कविले विश्वका विकसित राष्ट्रहरूको वैज्ञानिक उपलब्धीलाई कवितात्मक विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । प्रस्तुत खण्डकाव्यमा कविले साम्यवाद, समाजवाद र पूँजीवादमा रहेका विषयवस्तुका नकारात्मक विषयवस्तुमाथि समेत व्यङ्ग्य गरिएको छ भने कविको आत्म स्वकृति रहेको छ । कविले पूर्विय पाश्चात्य सभ्यता संस्कृतिलाई समेत प्रस्तुत गरेर उदाहरणीय कार्य प्रस्तुत गरेका छ । विभिन्न सञ्चार माध्यममा प्रकाशित प्रसारित तथ्यका आधारमा प्रस्तुत खण्डकाव्यात्मक रचना कविले सिर्जना गरेको कुरा कविले समेत स्वीकारेका छन ।लामो अवधिबाट सिर्जित पढित र श्रवण गरेका ज्ञानलाई आधार बनाएर सिर्जित खण्डकाव्यात्मक रचनाको विश्लेषण यस कृतिमा गरिएको छ ।

प्रस्तुत खण्डकाव्यात्मक रचनाको आरम्भमा कविले आफूद्वारा अनुभूत विषयहरूलाई समेटेर आफू कवि बन्न खोजेको एवं धेरै पहिलेदेखि नै मनुष्यले चन्द्रभम्रण गर्ने लक्ष्य लिएको एवम् निरन्तर साधनाका कारण उक्त कार्य सम्पन्न भएको विषयवस्तुलाई प्रस्तुत खण्डकाव्यमा प्रस्तुत गर्ने खोजिएको कुरा कविले मङलाचरणका रूपमा अघि सारेका छन । यसले वस्तुनिर्देशात्मक पूर्वीय मङ्गलाचरणको प्रस्तुतिलाई प्रतिनिधित्व गर्दछ । विश्वका महान शक्ति सम्पन्न राष्ट्रहरूबीच चन्द्रमामा पाइला टेकी जानकारी लिने रस्साकस्सी चलिरहेको र सर्वप्रथम यसमा अमेरिकाले प्राप्त गरेको सफलता साँचो विषय हो भन्ने कविको विचार यसमा प्रस्तुत गरिएको छ । चन्द्रभ्रमण गर्दा अमेरिकी तीन वैज्ञानिकले ठूलो उपलब्धी हाँसिल गरेको चर्चा यसमा छ भने यसमा चन्द्रभ्रमण गर्दा यानको यात्रा आरम्भ भएदेखिका सम्पूर्ण प्रक्रियाहरूले खण्डकाव्यमा काव्यात्मकता प्राप्त गरेका छन् । चन्द्रभ्रमण गर्दा विभिन्न समस्याहरू आएका र ती समस्याहरूलाई सफल पार्दै उक्त भम्रण सम्पन्न भएको विषयसमेत प्रस्तुत खण्डकाव्यमा समेटिएका छन । चन्द्रभ्रमणका सर्न्दभमा विमानको अतिरिक्त अन्तरिक्षमा भएको चक्कर र त्यसलाई नियन्त्रणमा लिएर अन्तरिक्षमा डुलाउने कार्य कसरी गरियो एंव अन्तरिक्षबाट ओर्लिएर चन्द्रमामा पाइला टेकी वैज्ञानिकहरूले चन्द्रमामा सम्पन्न गरेका हरेक गतिविधिलाई कविले आस्वादनीय बनाएर प्रस्तुत गरेका छन् । चन्द्रमाको भूभागीय बनोट , एवं त्यहाँ रहदाँ र शुन्याकाशमाा रहदाँ उनीहरूले पूथ्वीको अवस्थाको अवलोकन कस्तो थियो भन्ने जानकारी समेत यसमा प्रस्तुत गरिएको छ । भ्रमणलाई सहज बनाउँदै सम्पन्न गर्ने तीन महान वैज्ञानिकहरूको कार्यको स्वागत सर्वत्र गरिएको र उनीहरू कालान्तरसम्म अमर रहने कुरालाई बडो कलात्मक र आलङकारिक भाषा शैलीमा प्रस्तुत गरिएको छ । अमेरिकी उच्च पदस्थ व्यक्ति र अन्य विश्वका राष्ट्रहरूले भव्य प्रशंसा गरेको विषयलाई समेत यसमा प्रस्तुत गरिएको छ । वैज्ञानिक राष्ट्रहरूबीच होडवाजी चलिरहेका बेला अमेरिकाले प्राप्त गरेको सफलतासंग कविले रुसले समेत प्राप्त गरेको सफलतालाई समेत कवितामा प्रस्तुत गरिएको छ । रुसले चालकविना यान चन्दमा राख्न सफल भएको घटना मानवीय क्षतिका दृष्टिले समेत निकै उपयोगी र खुसीको कुरा रहेको जानकारीसमेत खण्डकाव्यमा प्रस्तुत गरिएको छ । वैज्ञानिक उन्नतिका कारण पृथ्वी र चन्द्रमा गाँउबेँसीका रूपमा परिणत हुन लागेको ठम्याई कविको रहेको छ । लुनाचौध नामक यानलाई चन्द्रमामा पठाएको दृश्यलाई कविले पौराणिक मिथक अर्जुनले हानेको गाण्डिवधनसँग तुलना गरेर हेरेका छन । यसमा सो यान कसरी पुग्यो, के गर्‍यो ? र कसरी फर्क्यो भन्ने कुरालाई क्रमशः यसमा प्रस्तुत गरिएको छ । यो सफलतापछि वैज्ञानिकहरूले मङ्गलग्रह भ्रमणसम्बन्धी गरेका कार्य र त्यसबाट प्राप्त उपलब्धीलाई काव्यात्मक विषय बनाइएको छ । यो कार्य र हाम्रा आर्यहरूले सम्पन्न गरेका कार्यबीच अन्तर नभएको भन्दै आजका युवावर्गलाई हाम्रो पूर्वीय दर्शनको जनउत्साहका साथ खोजी गर्ने आग्रह गरिएको छ । यसपछि शुक्र बुध सम्बन्धी गरिएका खोज अनुसन्धानलाई समेत

कवितात्मक सामल गराइएको छ । सूर्यबाट निकै टाढा रहेको गह्र वृहस्पति सम्बन्धी अमेरिकाको खोज प्रशंसनीय रहेको भन्दै यसका अतिरिक्त अन्य सहायक साना पिण्ड, उपग्रह एवं तारामण्डलसम्बन्धी वैज्ञानिकहरूका खोजहरू अघि बढिरहेको र तिनका अनैकौं जीवात्मा हुन सक्ने सम्भावनाहरू पनि आइराख्नु उपलब्धिको विषय हो भनेर कविले प्रस्तुत गरेका छन् । विभिन्न तारामण्डलका बारेमा जानकारी लिन अमेरिकाले खरबौं लगानी गरिरहेको र यान निर्माण गरी अन्तरिक्षमा यान पठाएको घटनाहरूले आश्चर्य चकित पार्ने कवि धारणा समेत यसमा प्रस्तुत गरिएको छ ।यी अध्ययनले यहाँबाट साना देखिने ताराहरू सूर्यभन्दा पनि ठूला हुन सक्ने कुरा पता लागि रहेको जानकारी समेत कवितात्मक कृतिमा गरिएको छ । त्यसैगरी ब्रहाण्डमा एकहजार करोडभन्दा बढी ताराहरू रहन सक्ने कुरा पता लागि सकेको कुरा आफना विचारका माध्यमबाट कविले प्रस्तुत गरेका छन । योसँगै वैज्ञानिकहरूले समय बित्दै जाँदा यो ब्रहाण्ड नष्ट हुन सक्ने विचार अघि सारेको तथ्य प्रस्तुत गरेको छन ।यो कविको पौराणिक मान्यताको उपजका रूपमा लिन सकिन्छ । पूर्वीय पौराणिक ग्रन्थहरूमा प्रलय हुने धारणासम्बन्धी विचारलाई आधार मानी परीक्षण गरी वैज्ञानिकहरूले पुष्टि गरेका कारण पुराण ढौंगी नभएर सत्य हो भन्ने विचार कविको रहेको छ । त्यसैगरी ज्योतिष शास्त्र सम्बन्धी कतिपय मान्यताले प्रस्तुत गरेका विचार, मान्यता र वैज्ञानिक मान्यताबीच सम्बन्ध रहेको धारणा अघि सारिएको छ । प्रस्तुत खण्डकाव्यमा विश्वले यति धेरै वैज्ञानिक विकास गरिसक्दा पनि हामी नेपालीहरूले केही गर्न नसकेकोप्रति चिन्तासमेत प्रस्तुत गरेका छन् । खाने, सुत्ने र मैथुन गर्ने कार्य सबै प्राणीले गर्ने तर हामी सचेत प्राणी भएर यतिमै सीमित हुनु भनेको व्यर्थ हो र सचेत भएर सबैले देशको विकासमा लाग्नु पर्ने विषयलाई समेत यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ । हाम्रा सांस्कृतिक मान्यताहरूले कविले वैज्ञानिकताका साथ प्रस्तुत गरेका छन् । हिन्दूदर्शन पुरानो गौरवमय दर्शन भएको र यसमा भएका कतिपय दुर्वलपक्षका आधारमा यसको अपव्याख्या गर्न नहुने कविको विचासमेत यसमा प्रस्तुत गरिएको छ । जापान, जर्मन, रुस, अमेरिका आदि देशले हाँसिल गरेका अन्य वैज्ञानिक उपलब्धीहरूलाई समेत प्रस्तुत कवितामा अघि सारिएको छ । विज्ञानलाई आधार बनाएर हाम्रा पूर्वजहरूका उपयोगी मान्यताहरूलाई अस्वीकार गर्ने नहुने विचारसमेत अघि सारी हामी सम्पूर्णले हाम्रो संस्कृतिको जर्गेना गरेर देशमा भौतिक उन्नति गर्नु पर्ने कविको मान्यताले समेत कवितात्मकता प्राप्त गरेको देखिन्छ । खण्डकाव्यको अन्त्यमा कविले आफनो वंशज तिनको स्थान सम्बन्धी सामान्य जानकारी प्रस्तुत गर्दै पूर्वीय अमर कवि वाल्मीकि र कालिदासको स्मरण गरेका छन । प्रस्तुत खण्डकाव्यात्मक रचनामा कविले सरल सहज, वोधगम्य भाषाको प्रयोग गरेका छन । वैज्ञानिक उपलब्धीको विषयवस्तुलाई कविले जनजीवनमा प्रयुक्त शब्द, शब्दावलीको प्रयोग गरी कविता रचना गरिएका कारण सर्वत्र कविता सर्वजन्य सर्वबोध्य रहेको छ । कविले तत्सम, तदभव, र आगन्तुक सबै प्रकारका शब्दहरूको समुचित विन्यास गरे पनि तद्भव

शब्दहरूको सर्वाधिक प्रयोग गरिएको छ भने अङ्गेजी भाषाका शब्दहरूलाई सामान्य मानिसले प्रयोग गर्ने गरे अनुरूप प्रयोग गरेर कविता निकै आर्कषक तुल्याइएको छ । कविताभित्र कतिपय अवस्थामा प्रतीकात्मक र मिथकीय अभिव्यक्ति प्रणालीलाई प्रश्रय दिएकाले खण्डकाव्य निकै वजनदारसमेत बनेको छ । उखानटुक्काहरूको प्रयोगका कारण कविताको अर्थवोधन अझ सहज हुन पुगेको छ भने शब्दालङ्कार, कथन र अर्थालङ्कार कथनले खण्डकाव्यभित्र प्रवेश पाएका छन। अनुप्रास, यमक, श्लेषजस्ता शब्दालङ्कार र उपमा, रूपक, अप्रस्तुप्रशंसा, अर्थालङ्कारको प्रयोगले कविताको भाषाशैली, अझ चहकिलो बन्न पुगेको छ । केही लाक्षणिक कथनको प्रयोग भएको भए पनि व्यञ्जनात्मक कथनको पनि प्रयोग भएको भए पनि अभिधात्मक कथनमै कविले सम्पूर्ण विषयवस्तुलाई अघि सारेका छन । तसर्थ खण्डकाव्यात्मक भाषिकविन्यास सहज र सरल छ भन्न सकिन्छ । कविले अनुभूत गरेका घटनालाई वर्णनात्मक अभिव्यक्ति पद्धतिका माध्यमबाट कविले प्रकटीकरण गरेका छन् ।

## ४.३ ब्रहाण्डभित्र कवितासङ्ङ्हको विश्लेषण

### ४.३.१ परिचय

ब्रहाण्डभित्र कवितासङ्ग्रह साहित्यकार वामदेव पण्डितको चन्द्रभ्रमण र तारा भम्रण शीर्षकको खण्डकाव्यात्मक आयामको रचना प्रकाशन पश्चात वि.स. २०३१ मा प्रकाशमा ल्याएका हुन् । प्रस्तुत सङ्गहभित्र जम्मा पन्ध्रवटा कविताहरू सङ्गहित छन । प्रस्तुत कविता काल्पनिक लेपनको नभएको आत्मस्वीकृति कविको रहेको छ । प्रगतिशील पत्रपत्रिका र रेडियो श्रवणको दीर्घ अनुभवबाट प्राप्त ज्ञानहरूले मात्र कविताको विषयवस्तुको स्वरूप वरण गरेको कुरा स्वयं कविले अघि सारेका छन । पौराणिक विषयवस्तुसँग सम्बद्धता गाँस्ने शीर्षक चयन गरेर कविले आफ्नो जीवनका अनुभवहरूलाई प्रस्तुत गरेर त्यसलाई पुष्टि गर्ने काम यस सङ्ग्रहका कविताहरूमा गरिएको छ । आजका नयाँ पुस्ताका व्यक्तिहरूमा रहेका भ्रमहरूलाई हटाउन कवितामा कवि निकै प्रयत्नरत छन् । प्रस्तुत अनुसन्धानमा यस सङ्गहभित्रका प्रत्येक फुटकर कविताहरूको विश्लेषण तल गरिएको छ ।

### ४.३.२ अन्तर्ध्यान

ब्रहाण्डभित्र कविता सङग्रहभित्रको “अन्तर्ध्यान ” प्रथम कविता हो । पौराणिक धर्मग्रन्थ एवम् जनमानसमा व्याप्त अन्तर्ध्यानसम्बन्धी आफनो धारणालाई विभिन्न तथ्यहरूका माध्यमबाट कविले सारेका छन । आजका नवयुवकहरूलाई कविले अन्तर्ध्यानका विषयमा विश्वास गर्नेसमेत आग्रह गरेका छन् । सुप्रसिद्ध समाचार एजेन्सीले छानबिन गरेर प्रकाशनमा ल्याएको समाचारसम्बन्धी विषयवस्तु कवितामा आएको छ । प्रगतिशील पेपर अवलोकन र रेडियो श्रवणसम्बन्धी अनुभवहरूलाई प्रयोग गरेर हरेक शीर्षकलाई पुष्टि गर्ने खोजेको कवि

स्वीकारोक्तिले प्रस्तुत कवितामा आत्मासात गरेको देखिन्छ । फिलिपिन्समा एउटा बालकको दृश्य र अदृश्य हुन सक्ने क्षमताको प्रस्तुति यसमा छ त्यसलाई अन्तर्ध्यानसँग जोडेर हेर्ने प्रयत्न कविको छ । अमेरिका फ्रान्स एवं बेलायतमा सम्पन्न भएका यसप्रकारका घटनाहरूले कवितामा प्रवृष्टि पाएका छन् । यिनै तथ्यहरू प्रस्तुत गरेर आजको वर्तमान युगभित्र समेत अन्तर्ध्यानको महत्त्व प्रस्तुत गर्ने खोजिएको छ ।

विषयवस्तु अनुसार शीर्षकीकरण गरिएको प्रस्तुत कवितामा अन्तयानुप्रास एवम् मध्यानुप्राशीय शब्दालङ्कारिक कथनले युक्त कवितामा विभिन्न अर्थालङ्कारिक कथनको समेत अवस्थिति भेटिन्छ । शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको कवितामा भाषाशैली बोधगम्य रहेको पाइन्छ ।

## ४.३.३ पुर्नजन्म

प्रस्तुत कविता यस सङ्ग्रहको दोस्रो कविता पुर्नजन्मप्रति विश्वास गरिएको यस कवितामा वेदव्यास महर्षिदारा प्रस्तुत एक सिद्धान्तका रूपमा पुर्नजन्मलाई हेरिएको छ । आजका मानवहरूले अनास्था प्रकट गर्ने थालेको अवस्थामा पुर्नजन्मको रहस्यको गाँठो खुलाउने प्रयत्न कविले गरेका छन् । पाश्चात्य युरोपबासीहरूमा पुर्नजन्मसम्बन्धी चिन्तन व्यापक छाप बसाएको र चीन, जापान, अमेरिकामा समेत यसको प्रभाव परेको उल्लेख गरिएको छ भने जीवात्मा भिन्नभिन्न तटमा पुग्नुलाई पुनर्जन्मका रूपमा लिने कविले फ्रान्समा भएको यससम्बन्धी वैज्ञानिक अनुसन्धानलाई अघि सारेका छन् । पुर्नजन्मप्रतिको विश्वास नै प्रस्तुत कवितामा आएको देखिन्छ ।

शार्दूलविक्रीडित छन्दमा रचिएको प्रस्तुत कविता शब्दचित्रात्मक कथनमा मौलिक विशेषता छर्न पुगेको छ ।

## ४.३.४ भूतप्रेत रहेछ

प्रस्तुत कविता यस सङ्ग्रहको तेस्रो क्रममा रहेको छ । भूतप्रेतको अस्तित्व छ कि छैन भन्ने विषयको चर्चा गर्दै अस्तित्व छ भन्ने पक्षमा कविले मत जायर गरेका छन् । धामीको बात सुनेर प्रेतादी दुर हुने कवि विचार रहेको छ भने नवभारतटाइम्समा उल्लेखित एक घटनालाई अघि सारी भूतप्रेतप्रति आफनो विश्वास अघि सारेका छन । अमेरिकी राष्ट्रप्रतिको बेलायत भम्रण रहदाँ राष्ट्रपतिले आफ्नी छोरीलाई भूतप्रेतले हमला गर्दैन भनेर आश्वास्त तुल्याउन चिठी सम्प्रेषण गरेको विषय समेत कवितामा आएको छ । त्यस्तै होल्यान्डकी महारानी अमेरिका भ्रमण रहदाँ शयनावस्थामा प्रेतत्वको उत्पतिले प्रेतत्वप्रति विश्वास हुने विषय कवितमा आएको छ ।

शार्दूलविक्रीडित छन्दमा आबद्ध प्रस्तुत कविता सरल भाषशैलीमा संरचित छ भने समाचार पत्रहरूबाट उदाहरणहरू ग्रहण गरी विषयवस्तुको रहस्यलाई खोतल्न कविले सञ्चारजगसँग सम्बन्धित भाषिक विन्यासलाई समेत प्रवेश गराएको देखिन्छ ।

### ४.३.५ भविष्यवाणी

प्रस्तुत कविता यस सङ्ग्रहको पाँचौं कविता हो । वेदव्यासद्धारा संरचित पुराणमा प्रयुक्त भविष्यवाणी सम्बन्धि कविको आस्था र निष्ठा कवितामा प्रस्तुत भएको छ । वैज्ञानिकहरू भविष्यवाणीका घटनाहरूबाट प्रभावित भएर विशाल चमत्कार सिर्जना गर्न सफल भएको धारणा अघि सारिएको छ । पौराणिक समयमा जस्तै तल पनि भविष्यवाणीको उपस्थित हुने कुनै कुनै रूपमा रहेको धारणा अघि सारिएको छ ।संयुक्तराज्य अमेरिका जहाँ एउटा युवकले सपनामा दृष्ट एक घटनालाई प्रस्तुत गरेर कविले आफ्नो विश्वास प्रकट गरेका छन । अमेरिकी तत्कालिन राष्ट्रपति लिंकन गोली लागेर मर्ने धारणा उक्त युवकले अघि सारेको नभन्दै उनको मृत्यु पनि सोहीअनुसार भएको उदाहरण अघि सारेका छन । वेदव्यास रचित पुराणभन्दा बाहिर उल्लेखित उक्त घटनाले भविष्यवाणीको अस्तित्वलाई पुष्टि गर्ने विचार अघि सारिएको छ । पश्चिमी राष्ट्रमा भविष्यवाणी क्षमतामा सशक्त एक पादरीको समेत उल्लेख गरेका छन। यस्ता पुराणभन्दा बापहाका घटनाले भविष्यवाणी सम्बन्धी थप पुष्टी गर्ने विचार अघि सारिएको छ । यसकारण भविष्यवाणी एक निराधार कुरा हो भन्ने विचार सहि नभएको अवधारणा कवितामा व्यक्त छ ।

शार्दूलविक्रीडित छन्दमा आबद्ध प्रस्तुत कविताको भाषाशैलीय विन्यास, सरल, सहज र बोधगम्य रहेको छ ।

### ४.३.६ ध्यानदृष्टि र दिव्य दृष्टि

ध्यानदृष्टि र दिव्यदृष्टि प्रस्तुत कविता यस सङ्ग्रहको छैटौं कविता हो । पूर्वीय पौराणिक ग्रन्थहरूले स्वीकृत ध्यानदृष्टि सम्बन्धी कुराको प्रामाणिकता, अन्वेषणात्मक प्रस्तुत गर्ने कविता केन्द्रित छ । प्रगतिशील पेपर अवलोकन र रेडियोश्रवण सम्बन्धी अनुभवले सिर्जित सङ्गहका रूपमा स्वीकारोक्तिका जनाउने कविले ध्यानदृष्टि र दिव्यदृष्टिलाई झुट भनेर आरोप लगाएका छन ।

### ४.३.७ अन्तर्यामी

प्रस्तुत कविता यस सङ्ग्रहको सातौं कविता हो । अन्तर्यामी सम्बन्धी आफ्ना अवधारणा अघि सारिएको प्रस्तुत कवितामा पुराणमा आबद्ध प्रस्तुत धारणाका विषयमा आस्था हराउँदै गएको प्रति कविको चिन्ता छ भने यसका बारेमा विश्वस्त दिलाउन कवि अग्रसर देखिन्छन । यही पुराणमा उल्लेखित यस्तो खालको विचार अन्य देशहरूमा समेत कुरा

बीबीसी हमसे पुछिए कार्यक्रममा उल्लेखित एक उदाहरणसमेत कविले अघि सारेका छन । एउटा मनको कुरा अर्को मनले पर बसेर नै बुझ्नु अन्तरयामी हो भन्दै रुस र अमेरिकाले यसका निम्ति वार्षिक बजेट विनियोजन गर्ने गरेको विषय अघि सारी बजेट विनोयोजन गर्ने गरेको विषय यस्तो खालको विचार अन्य देशहरूमा अघि सारी शीर्षकसँग गाँसेर प्रस्तुत गरेका छन् । युरोपआदि मुलुकमा भन्दा हाम्रोा हिन्दू देशको मौलिक र पुरानो मान्यताका रूपमा यसलाई अघि सारेका छन । शार्दूलविक्रीडित छन्दमा संरचित प्रस्तुत कवितामा सर्वजन संवेद्य भाषिक विन्यास रहेको छ

## ४.३.८ ज्युदो प्रेत

प्रस्तुत कविता यस सङ्ग्रह आठौँ कविता हो । प्रेत केवल मृत्युपछिको अवस्था हो तर हाल मान्छे ज्युदै हुँदा प्रेत बनिरहेको विचार कवितामा अघि सारिएको छ । आजभन्दा तीनहजार भन्दा अघिको जनसंख्या र अहिलेको् जनसंख्यामा व्यापक अन्तर रहेको र हाल जनसंख्या अभिवृदिका कारण मनपरी तन्त्रले जरा गाडेको जटिल परिस्थितिको भयङकर चित्रण कवितामा गरिएको छ । यहि कारण हाम्रो देशले चरम खाद्यान्न सङकट भोग्न पुग्ने संभावना समेत कवितामा औल्याइएको छ। यस्तो सम्भावनाको सम्भाावित दुरावस्थाको निकर्योल गर्ने अघि नसर्ने हो भने मान्छे नै स्वयम् महापातकी हुने विचार कविको छ । शार्दुलविक्रीडित छन्दमा संरचित प्रस्तुत कविता व्यङ्यात्मक भाषाशैलीमा संरचित देखिन्छ ।

## ४.३.९ जनसङ्ख्यावृद्धि र नियोजन

प्रस्तुत कविता यस सङ्ग्रहको नवौं कविता हो । जनसङ्ख्यावृदिको विषयसँग सम्बन्धित यस कवितामा मानवीय जनसङ्ख्या नियन्त्रण गर्ने पौराणिक घटनाहरूमा पाइने विचार कवितामा अघि सारिएको छ । वेदव्यासले प्रस्तुत गरेको दर्शन मानवसङ्ख्या घटाउने माध्यम हुने भन्दै क्षत्रीयहरूको सङ्ख्या घटाउन परशुरामले निभाएको भूमिका समुल्लेख कवितामा छ । जनसङ्ख्यावृदि एक चरम समस्या हुन सक्ने भन्दै यसप्रति सचेत हुन कविको आग्रह छ ।

## ४.३.१० रामलीलाको सही समय

प्रस्तुत कविता यस सङ्ग्रहको दशौं कविता हो । पुराना सर्जकका रचनाहरूप्रति वेवास्ता गर्ने प्रवृतिको विरोध गरिएको छ । त्रेता युगका रामचन्द्रको जन्मप्रसँग कवितामा आएको छ तर आजका युवाहरूको यो गतिलो इतिहासलाई बिनाअर्थ धज्जी उडाइररहेका छन भन्ने कवि चिन्ता प्रकटीकृत छ । राम र सुग्रिवको मित्रताको पुष्टि गर्ने अफ्रिकामा सम्पन्न पुरातत्व सम्बन्धी अध्ययनको घटना कवितामा आएको छ । त्यहाँ भूगर्भविद्हरूले खोजेको दुइवटा खप्पर भेटाएको एवं त्यसलाई लन्डन लगी वैज्ञानिक ढङले अनुसन्धान गर्दा यी दुई खप्परबीचमा समेत अन्तर रहेको र एउटा खप्पर मान्छेको र अर्को खप्पर चाहिँ मानिस

जस्तै बानरको हो भनेर पुष्टि गरिएको छ । आजभन्दा अठाइस सय वर्ष अघिका खप्परका रूपमा यिनलाई अघि सारियो । रामलीलाको समय र प्रस्तुत अध्ययनले प्रस्तुत गरेको समयबीच समानता रहेका कारण रामलीला छुटै इतिहास हो भन्ने धारणा कविको रहेको छ ।

## ४.३.११ योग महिमा

प्रस्तुत कविता यस सङ्ग्रहको एघारौं निबन्ध हो । योगशास्त्र सम्बन्धी ज्ञानलिन सबैलाई आग्रह समेत कवितामा गरिएको छ । योगाभ्यास सम्बन्धी दिव्य सन्देशको महत्त्व रहेको र यसलाई पाश्चात्य वैज्ञानिकहरूले हिन्दूसन्तलाई गुरु बनाएर शुद्ध र सन्तुष्ट बन्न पुगेको विचार कवितामा आएको छ । यसबाट उनीहरूले ठूलो सफलता हात पारेको र चीनले समेत यसप्रति आस्था राख्न पुगेको विषयसमेत कवितामा आएका छन् । योगको महिमा झुटो नभई सत्य हो भनेर यसको अदभूत शक्तिको वर्णन गर्ने गाह्रो हुने धारणासमेत कविता आएको छ । शादुर्लविकीडित छन्दमा आबद्ध प्रस्तुत कविता सरल र संवोध्य रहेको छ भने आनुप्रासिक कथनमा कविता अनुबन्ध रहेको कारण कवितात्मक उचाई संवृद्धि भएको देखिन्छ ।

## ४.३.१२ दृढ एकताको महिमा

प्रस्तुत कविता यस सङग्रहको तेह्रौं कविता हो । यसमा पनि पूर्ववत् कवितामा जस्तै योगबलको महत्व प्रस्तुत गर्न खोजिएको छ । सच्चा मानव बन्नका लागि योगबलको आवश्कता रहने भन्दै युवाहरूलाई यसको अनुसरण गर्ने आग्रह गरिएको छ । विज्ञानले आविष्कारका महत्त्वपूर्ण उपलब्धी हासिल गरेको एवं भौतिकवादले पशुबाट मानव बनेको कुरा तथा विकासवादी पदतिका वैज्ञानिक अवधारणा आएका सर्न्दभमा दृढ एकताका साथ योगमा संलग्न रहे सफलता प्राप्त गर्ने सकिने,विचार कवितामा संप्रेषण गरिएको छ भने पुर्खाहरूले योगबलका माध्यमबाट जीवविकास कसरी भयो भन्ने विषयमा समेत जानकारी प्राप्त हुने कवि धारणा अघि सारिएको छ । शार्दुलविकीडित छन्दमा रचित प्रस्तुत कवितामा आनुप्रासीयताले मोहकता थपेको छ भने भाषाशैली सर्वजन संवेध रहेको छ ।

जल मानव या दानवप्रस्तुत कविता सङ्ग्रहको चौथो कविता हो । यी यस कवितामा कृष्ण, अर्जुनलगायतका महापुरुषहरूका श्रीमतीहरू पानीमुनी अर्थात् जलसागरबाट उत्पति भएका हुन् भन्ने कुरा विश्वास गर्न ग्राहो भए पनि पृथ्वीकै सतहमा युरोपको तालमा भएको घटनालाई प्रस्तुत गरेर यस्ता खालका घटनाहरू अझै पनि व्याप्त रहेको भनेर कविले प्रस्तुत गरेका छन् । युरोपमा रहेको एक विशाल तालमा राक्षसहरूको अदभूत घटना अघि सारेर ती पानि मानव हुन् या दानव हुन भनेर कविले जिज्ञासा प्रस्तुत गरेका छन् ।

शार्दूलविक्रीडित छन्दमा आवद्ध प्रस्तुत कविता निकै कलात्मक र आलङकारिक रहेको छ । विश्व राजनीतिमा एक झलक प्रस्तुत कविता यस सङहको पन्ध्रौं अर्थात् अन्तिम कविता हो । यस कवितामा आणविक विकासका कारण विकसित राष्ट्रहरू दिनानुदिन सङकटको घडीसँग सामना गर्नु परेको विश्व राजनैतिक घटनाको प्रस्तुतीकरण गरिएको छ । भने आणविक शस्त्रास्त्रको चरम विकास गर्न सक्षम भएका शक्ति सम्पन्न राष्ट्रहरूले पुँजीवाद , समाजवाद, र साम्यवादका नाममा तेस्रो मुलुक वा विकासशील राष्ट्रहरूले भोग्नु परेका पीडाहरूलाई कवितामा अघि सारिएको छ भने पीडित राष्ट्रहरूले अब यसरी चुप नबसी विभिन्न वादका नाममा भएका शोषणहरूबाट मुक्ति पाई आफूलाई सक्षम बनाउन निरन्तर अग्रसर रहनु पर्ने विचार कवितामा प्रस्तुत भएको छ । शार्दुलविक्रीडित छन्दमा रचिएको कविताको भाषा सरल सहज र वर्णनात्मक रहेको छ ।

प्रस्तुत सङ्ग्रहमार्फत समाजमा प्रचलित कतिपय मान्यतामा रहेका भ्रमहरूलाई हटाउन कविले कवितामाा निकै कसरत गरेका छन । कवितामा अर्न्तध्यान, पुनर्जन्म, भूतप्रेत, रहेछ, भविष्यवाणी, ध्यानदृष्टि, र दिव्य दृष्टि, अन्तरयामी, ज्युदोप्रेतजस्ता विषयहरूमा आफनो दृष्टिकोण मात्रै प्रस्तुत नगरेर, त्यसलाई विभिन्न पत्रपत्रिका र सञ्चारमाध्यममा व्यक्त विषयहरू श्रवण गरेर प्राप्त गरेका अनुभवमार्फत पुष्टि गर्ने कार्य गरेका छन् । अर्थात् यी विषयहरू भ्रमजन्य कोरा कल्पना नभई सत्य हुन भन्ने निष्कर्ष नै कविताको सार रहेको देखिन्छ ।

## ४.४ हाम्रा पूर्वज र काव्यको विश्लेषण

हाम्रा पूर्वज कवि वामदेव पण्डितको खण्डकाव्यात्मक कृति हो फुटकर कविता कृतिमा बढि केन्द्रित कवि पण्डितले यस कृतिमा खण्डकाव्यात्मक उचाइमा पुगेको देखिन्छ । विक्रम सम्वत २०४० मा प्रथम पटक प्रकाशित भएको यो कृति डिमाई आकारमा ३६+१० पृष्ठको आयाममा संरचित छ । पहेलो रंगको गातावन्दीमा अगाडिको माथि ठुला अक्षरमा कृतिको नाम अनि सोही पेजको तल सानो अक्षरमा सर्जकको नाम उल्लेख भएको यो कृतिको पछिल्लो आवरण पृष्ठ खाली रहेको छ । यस काव्यको अघिल्लो आवरण पृष्ठको ठिक भित्र वा पहेलो पेजमा कृतिको शीर्षक, कृतिकारको फोटो तथा द्विपदीय पद्य श्लोकमा कृतिकारको परिचय दिईएको छ भने त्यस पछि कृतिको प्रकाशन लेखन मुद्रणबारे जानकारी उल्लेख गरिएको छ । भुमिकाको रूपमा कवि स्वयंले लेखकका केही शव्द शीर्षकमा एक पृष्ठ लामो लेख लेखेका छन् । कृतिको पछिल्लो आवरण पृष्ठको ठीक भित्रका दुई पृष्ठमा शुद्धाशुद्धी सुची प्रस्तुत गरिएको छ ।

हाम्रा पूर्वज काव्यको मुख्य भाग यसै पुस्तकका ३६ पृष्ठमा फैलिएको छ । पद्य लयका चतुस्पदीय श्लोक ढाँचाका १४४ श्लोकमा फैलिएको यस काव्यमा मुख्य तीन भाग वा

खण्डहरू रहेका छन् । असमान लम्बाई भएका यी भागहरूमा पहिलो भाग ३७ श्लोकमा, दोस्रो भाग ८७ पृष्ठमा र तेस्रो वा अन्तिम भाग २० पृष्ठमा फैलिएको छ । यसको प्रथम खण्डमा कवि पण्डितले संसारको सृष्टिदेखि पानी जीव मानवको उत्पत्ति अनि मानव सभ्यताको विकासक्रमलाई प्रस्तुत गरेका छन् । अरबौं वर्ष पहिले आकाशमा एउटा ठुलो विष्फोट भएको र यस विष्फोटबाट पिण्ड, ग्रह आदिको उत्पन्न भएको कुरा यसमा अभिब्यक्त गरिएको छ । यस क्रममा चार अरव वर्ष भन्दा अगाडि पृथ्वीको अस्तित्व नभएको एउटा अतिनै तातो र बल्दो सूर्य आकासमा घुमिरहेको र यही क्रममा सूर्य टुक्रिएर पृथ्वी जस्ता टुक्राहरू बनी ताता डल्लाको रूपमा उत्पन्न भएको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । कविका अनुसार जीव जल तथा हावा रहित तातो डल्लोको रूपमा पृथ्वी घुमिरहदा कालान्तरमा सेलाउँदै गयो धेरै समयपछि हावापानी उत्पन्न भयो र धर्ती रसिलो भयो । ठुला सागरहरू वन्न गए र सामुन्द्रिक जीवको विकास भयो । यही क्रममा अन्य प्राकृतिक जीव जन्तु तथा वनस्पतिको विकास हुदै गयो र ठुला अनि जंगली स्वभावका तर साकाहारी मानवको विकास पनि भयो । यी दीर्घायुका मानवहरू पछि मांसाहारी बन्दै गए । प्रकृतिमा पनि  परिवर्तन हुदै गए । विभिन्न समयमा संसारमा भयानक हिमपात भई जीवहरूको नास र पुनः उत्पत्ती हुदै गयो । अहिलेको यो मानव सभ्यताको विकास चाँही १२ हजार वर्ष पहिले विकास भएको हो र सृष्टि विकासको प्रक्रिया माथि विज्ञान र दर्शन शास्त दुवैले विश्वास गरेका छन् भन्ने कुराको काव्यात्मक प्रस्तुति नै यस काव्यको प्रथम खण्डको प्रस्तुतिको रूपमा रहेको छ ।

हाम्रा पूर्वज र काव्यको दोस्रो खण्ड कवि वामदेव पण्डितको वंशावलीसँग सम्बन्धित रहेको छ । ८६ वटा चतुस्पदीय श्लोकमा विस्तारित यस खण्डमा कविले आफ्ना पूर्वज बलभद्र पण्डितदेखि आफ्ना छोरानाति सम्मको वंशावली काव्यात्मक भाषामा प्रस्तुत गरेका छन् भने ती पूर्वज वंशावलीमा उल्लेख गरिएका ब्यक्ति तीनका मावली र नजिकका नातागोता बारेको जानकारी तथा तीनको शिलस्वभाव समेतलाई प्रस्तुत गरेका छन् । पण्डितको थर पहिले पहिले देखि पण्डित नै नभएको र रातो टिगुली भएको तर यस्तो थर प्रयोग गर्न असजिलो भएको कारण पण्डित थर भनेर बोलाउने गरिएको कुरा यसमा उल्लेख गरिएको छ । वंशावलीतर्फ कविका एक पुर्वज वलभद्र रहेको तीनका छोरा नाती क्रमशः लक्ष्मी कान्त र श्रीदेव भएको कुरा यसमा छ । कविका अनुसार श्रीदेवका चार छोराहरू महेस्वर, पुजापति कमलापति र डिल्लीराम थिए भने महेस्वरका दुई छोरा हरिदत्त र धर्मदत्त थिए । धर्मदत्तका छोरा झल प्रसाद थिए । यीनै झल प्रसादका तीन छोरामध्ये कवि वामदेव गौतम जेठा छोरा हुन् भने उनका भाईहरू क्रमशः विष्णु प्रसाद र खोजराज हुन् । वामदेवका चार छोराहरू बुद्ध, गान्धी, बालमूर्ति र सुवर्ण हुन् भने यिनका पनि सन्तानहरू रहेका छन् । यसरी आफ्नो

वंशावलीलाई खण्डकाव्यमा उतारेका कविले आफ्ना पूर्वज र सन्तानहरू अत्यन्तै सज्जन, सभ्य, प्रतिभाशाली, कुलिन र महान भएको कुरा पनि कवितामा नै अभिव्यक्त गरेका छन् ।

हाम्रा पूर्वज काव्यको अन्तिम खण्डमा कविले संसारका राष्टहरू र तिनका नायकले चलाएका केही शासन व्यवस्थाको उल्लेख गरेका छन । यसैगरी संसारका विभिन्न शक्तिराष्ट्रहरूको आणविक होडबाजीमा लागेका संसार ध्वस्त पार्ने लागेको कुराप्रति पनि यहाँ कविले चिन्ता गरेका छन । राजा विक्रमादित्वको जन्म र उनले चलाएको शासन व्यवस्था, गान्धी, बुद्ध, नेपोलियन, माओ, मार्क्स, जयप्रकाश, मोहम्मद, हिटलर आदिको चर्चा गर्दै कविले यहाँ आफनो राजनैतिक झुकावबारे मान्यता पनि प्रस्तुत गरेका छन् । कविले साम्यवाद र पूँजीवादले संसारलाई राम्रो नगर्ने तथा समाजवादी मान्यता नै असल मान्यता भएको आफनो विचारलाई यहाँ प्रस्तुत गरेका छन । उनले संसारमा धेरै देशहरू भए पनि तिनको मुख्य सञ्चालन एउटै संयुक्त राष्ट्रले गर्नु पर्ने कुरा पनि व्यक्त गरेका छन् । संयुक्त राष्ट्रको एउटा झण्डामुनि सबै देशहरू रहनु पर्ने, त्यसमा राष्ट्रसभा र राजसभा गरेर दुई समाज हुनुपर्ने अनी यी समाजहरूमार्फत मिलेर संसार सञ्चालन गर्नुपर्ने कविको मान्यता यहाँ देखाएका छन् ।

हाम्रा पूर्वज भनेर आफ्नो वंशको इतिहासलाई शीर्षकीकरणमा तथा काव्यको अधिक स्थानमा महत्त्व दिएका भए पनि कवि पण्डितले यस काव्यमा संसारको सृष्टिदेखि आजको भौतिक संसार अनि भोलि बन्नुपर्ने व्यवस्थासम्म चर्चा गरेर संसारको भूत, वर्तमान र भविष्यलाई छोटो चर्चा गर्न भ्याएका छन् । यस कृतिमा कविको संसार उत्पत्ति सम्बन्धी आफ्नो अध्ययनबाट प्राप्त ज्ञानको अभिव्यक्ति पहिलो भागमा रहेको छ भने दोस्रो भागमा आफ्नै बंशको परमपरा, कुल धर्म, नीति तथा प्रतिष्ठासँग सम्वन्धित पारिवारीक पक्षको वर्णन रहेको छ यस कृतिको तेस्रो भागमा संसारको शासन व्यवस्था कविको राजनैतिक आस्था तथा कवि कल्पित भोलीको संसारमा हुनुपर्ने प्रशासनिक व्यवस्था बारे अवधारणा रहेको छ । कविले पूर्वीय काव्य मान्यताअनुसारको श्लोक तथा लय ढाँचामा आफ्नो ज्ञान तथा विचारको अभिव्यक्तिलाई प्रवल वनाएर यस काव्यको सिर्जना गरेका छन् । यस कृतिमा कविले सरल, सहज र प्रष्ट भाषाको प्रयोग गरेका छन् । दैनन्दिन जीवनमा प्रयोग हुने नेपाली भाषाका प्रचलित शब्दहरूको प्रयोगले काव्य सुस्पष्ट बन्न गएको छ । यसका अतिरिक्त तत्सम तथा आगन्तुक स्रोतका शब्द पनि कविले गरेका छन् । कविले लक्षणा तथा व्यञ्जना अर्थलाई छोडे अभिधा अर्थमा नै आफ्ना विचार र कुराहरू प्रस्तुत गर्नाले अर्थबोधमा पनि यो काव्य सहज रहेको छ । पूर्वीय काव्यशास्त्रीय मान्यतामा प्रस्तुत मसजसततग गण सूत्र हुने शार्दुलवित्रिडित छन्द तथा चतुस्पदीय श्लोक ढाँचामा प्रस्तुत गर्रिको यस कृतिका सवै श्लोकका प्रत्येक जोडी हरफमा अन्त्यानुप्रास अलंकारको प्रयोग गरिएको छ । रसात्मक दृष्टिले हेर्दा यस काव्यमा बढीजसो श्लोकमा शान्तसरको प्रयोग

भएको पाइन्छ । यसरी एउटा खण्डकाव्यात्मक आयामको पद्यकाव्यमा हुने अलंकार छन्द तथा लय प्रयोग सरल भाषिक प्रयोग तथा अनुकुल पक्षहरू रहेको भए पनि विशिष्ट काव्य कलाका दृष्टिले यो कृति कमजोर रहेको पाइन्छ । कृतिमा सुललिता, माधुर्यजस्ता काव्यिक सौन्दर्यका विशिष्ठ पक्षलाई कलात्मक ढंगले अभिव्यक्त गर्ने भन्दा पनि आफ्ना कुरालाई सामान्य भाषामा जबरजस्त लय र छन्दको संयोजन गर्न खोज्दा कृति सामान्य र वणर्नात्मक बन्न पुगेको छ । सम्बन्धित विषयका ज्ञानका दृष्टिले भने यो काव्य अत्यन्त उपयोगी रहेको छ ।

## ४.५ कविताको कुम्लो कविताको विश्लेषण

### ४.५.१ परिचय

कविताको कुम्लो वामदेव पण्डितको २०६० सालमा प्रकाशित कवितात्मक कृति हो । निकै साधना कविता रचनामा आफूलाई संलग्न तुल्याएका पण्डितको चारौँ कविता कृतिका रूपमा प्रस्तुत सङ्ग्रह परिचित रहेको छ । आफूले देखेका र अनुभुत गरेका हरेक घटनालाई काव्यात्मकता प्रस्तुत गर्न सफल पण्डित सोही प्रवृत्तिलाई प्रस्तुत गर्न सक्षम भएको देखिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक विषयवस्तुलाई काव्यात्मक रङ दिन सफल कविले त्यसले सर्वसाधरण जनतामा सृजना गरेको असरलाई व्यक्त गर्न प्रस्तुत कवितासंग्रहमार्फत सफल भएका छन् भने राजनैतिक विषयवस्तुका अतिरिक्त सामाजिक सांस्कृतिक विषयवस्तुले समेत प्रकटीकृत हुने अवसर प्राप्त गरेका छन् भने शुभकामना स्वागत तथा निवेदन भनेर संकेत गर्दै सोही विषयलाई अघि सारी कविता रचना गर्ने काम समेत यसमा गरेका छन् । यहाँ यस संग्रहमा सङ्ग्रहित कविताहरूको विश्लेषण गरिएको छ ।

### ४.५.२ धर्मग्रन्थ गाँसिँदै कविताको विश्लेषण

धर्मग्रन्थ गाँसिँदै शीर्षकको कविता कविताको कुम्लो कविता सङ्ग्रहको दोस्रो क्रममा रहेको कविता हो । प्रस्तुत कविता २०४५ सालमा जनजागृति पत्रिकामा प्रकाशित भएको थियो । प्रस्तुत कवितामा कविले इराक र इरानबीच चलेको युद्धले निम्त्याएको भयावह अवस्थाको चित्रण गरेका छन् । तत्कालीन विश्वका महाशक्तिका रूपमा रहेका अमेरिका रुसले यी दुई राष्ट्रलाई लडाएर मजा लिन खोजेको संकेत कवितामा छ न यी दुई राष्ट्रबिच भएको युद्धका कारण अनेकौं धनसम्पत्ति र मानवीय क्षति भएको भन्दै संयुक्त राष्ट्रसंघको सिर्जनशील भूमिकाको आवश्यकता औँल्याइएको छ । त्यसैगरी आफगानिस्तान पेरु कम्पोचिया राष्ट्रमा विद्यमान युद्ध अन्त्य भई शान्ति स्थापना हुनुपर्ने अपेक्षा पनि कवितामा गरिएको छ । अनुष्टुप छन्दमा आबद्ध प्रस्तुत कवितामा नौ वटा श्लोकहरू रहेका छन् भने अन्त्यानुप्रासीय कथनले युक्त प्रस्तुत कवितामा शव्दालंकार अर्थालंकारको प्रयोगले लयात्मकता सिर्जना

गरेको छ । धर्मग्रन्थका नाममा मानवीय संहार निम्त्याउन खोजिएको विषयवस्तु उपयोग गरिएको हुँदा कविताको शीर्षक सार्थक छ भने वर्णनात्मक शैलीमा कविता संरचित छ ।

### ४.५.३ खाँऊ पकाई खीर

प्रस्तुत कविता यस सङ्ग्रहको तेस्रो कविता हो चारवटा श्लोकमा विभक्त प्रस्तुत कवितामा एटम बमको निर्माण, बैज्ञानिक उपलब्धीहरूको अभिशाप भएको विचार व्यक्त गरिएको छ । यसले निर्माण गरेको डरलाग्दो अवस्थाको सिर्जनाप्रति आक्रोस पोखिएको प्रस्तुत कवितामा यस प्रकारका शस्त्रास्त्र मास्ने नामी राष्ट्रहरूको निर्णयले मानवीय ह्रृदयमा राहत पुगेको खुशीको सन्देश प्रस्तुत छ । निशस्त्रीकरणको बाटो नै निकासको उत्तम उपाय हो भनेर ठुला राष्ट्रहरूले गरेको सन्धिका कारण शान्तिप्रतिको जनआकाङ्क्षा पूरा हुने विश्वास कविको छ भने यही खुशीयालीलाई शुभत्वको संकेतको रूपमा प्रस्तुत गर्नका लागि खाँऊ पकाई खीर शीर्षक राखेर सार्थक तुल्याईएको पाईन्छ । अन्त्यानुप्रासीय एवं वृत्यानुप्रासीय कथनले कविता लयात्मक बनेको छ भने विषय अनुसारको प्रयुक्त ब्यन्जनवर्णहरूको प्रयोगमा कवितात्मक घनत्व उच्च वनेको देखिन्छ ।

### ४.५.४ इशारा छ विचित्रको

प्रस्तुत कविता यस सङ्ग्रहको चौथो कविता हो । पञ्चायती व्यवस्थामा पञ्चहरूको धन र पद भनेपछि हुरुक्क हुने कुत्सित प्रवृतिको विरोध गरिएको छ । राष्ट्रिय ढुकुटी सिध्याउन खप्पिस पञ्चहरूले चोखिनका निमित्त तपश्वी स्वरूप लिनपछि नपरेको नौटंकीको विरोध गरिएको छ । तत्कालिन समयमा गणेशमान सिंह प्रधानमन्त्री र मरिचमान सिंह बीचको वार्ता प्रसंग झिक्दै मरिचमान सिंहले शासन टिकाउन अनेक प्रपञ्च गर्न लागेको भन्दै गणेशमान सिंह निस्वार्थी भएकोले उनकै मार्ग अवलम्बन गर्न पञ्चहरूलाई कविले कवितामार्फत आग्रह गरेका छन ।

कविले पञ्चहरूलाई भ्रम त्यागेर अग्रगामी निर्णय लिनका लागि अनुरोधसमेत गरेका छन । अनुष्टुप छन्दमा संरचित प्रस्तुत कविता निकै व्यंगात्मक रहेको छ । विषयलाई छन्दले युक्त भाषामा खेलाउने सिप भएका कविले अपन्नोति अर्थालङ्कारको प्रयोगमा सौन्दर्य सृष्टि गरेका छन् ।

### ४.५.५ टोलाउँछौ पछिसरि

यस सङ्ग्रहको पाँचौंक्रममा रहेको प्रस्तुत कविता प्रथम पटक २०४५ सालमा हिन्दू पत्रिकामा प्रकाशित भएको थियो । प्रस्तुत कवितामा मानवीय महापञ्चहरूको गलत कार्यशैलीप्रति तिखो व्यङ्ग्य छ । सत्ताको लिप्सा त्यागेर आदर्शका साथ देश निर्माणमा लाग्न अनुरोध गर्दै देशमा विद्यमान भ्रष्टाचार र महँगीले सर्वसाधारण जनमा छाएको दुखद् पीडाको

अभिव्यक्ति दिएको छ भने सम्पूर्णका फराकिलो राजनीतिक संस्कार निर्माणका लागि निरर्थक पसिना नफाली आदर्शताका साथ अगि बढ्न समेत आग्रह गरिएको छ । प्रस्तुत कवितामा पञ्चायती व्यवस्थाका अमिल्दा विषयहरू र प्रजातन्त्रभित्र रहेका उपयुक्त विचारहरूलाई एकैसाथ प्रस्तुत गर्नाले सामान्य अलङ्कारको सहज अभिव्यक्ति रहेको छ भन्ने शब्दलंकारिक कथनले काव्यकलामा चहक थपेको देखिन्छ ।

## ४.५.६ हाँसी खुसी फर्कुन्

यस सङग्रहको छैटौं क्रममा रहेको प्रस्तुत कविता २०४५सालमा हिन्दू पत्रिकामा प्रकाशित भएको थियो। तत्कालिन समयमा नेपालमा सम्पन्न हुन लागेको सार्क सम्मेलनको सर्न्दभलाई विषय बनाइएको छ भने भारत, श्रीलङ्कालगायत राष्ट्रहरू भित्र विद्यमान चिन्ताका विषयहरू समेत यसमा अटाएका छन । राजीव गान्धिको आगमन एवं श्रीलकामा विद्यमान आन्तरिक द्वन्द्वको स्थिति पाकिस्तानमा रहेको अन्धो राजनीति, शरणार्थी, समस्या, बंगलादेशभित्र चर्किरहेको खतरापूर्ण राजनीति एवं अन्य सार्क राष्ट्रभित्र रहेका समस्याहरू कविताका सामल बनेका छन । पशुपतिनाथसँग सार्क सम्मेलन सम्पन्न गरेर सबै हाँसी खुसी फर्कुर्न प्रार्थना समेत गरिएको छ । शार्दुलविकीडित छन्दमा आबद एवम् इच्छार्थक भाव व्यक्त गर्ने शीर्षकयुक्त यस कविताको भाषाशैली विषयानुसार सङ्गतिपरक देखिन्छ ।

## ४.५.७ गणेश कृष्ण सूर्यादी

यस सङ्ग्रहको सातौं क्रममा रहेको प्रस्तुत कविता सर्वप्रथम विक्रम संवत् २०४५ सालमा जनजागृति पत्रिकामा प्रकाशित भएको थियो । कवितामा प्रजातान्त्रिक हिमायती गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई र पञ्चायत व्यवस्थाका समर्थक सूर्यबहादुर थापा लगायतका व्यक्तिहरूको वार्ता प्रसङ्गलाई अघि सारिएको छ । उक्त वार्ता सफलतामा पुग्न सकोस भन्दै प्रतिगामी विचार त्यागेर सहमतिमा आउन पञ्चहरूलाई आग्रह गरिएको थियो । यदी नेताहरू सहमतिमा नपुग्ने हो भने भयङ्कर परिवेश सृजना हुने धारणा व्यक्त गरिएको थियो । पुर्नजागरण शीर्षकको पत्रिकामा २०४५ सालमा प्रकाशित प्रस्तुत कवितामा झण्डाहरू भनेर कविले सार्क राष्ट्रहरूलाई सङ्केत गरेका छन् । सार्क राष्ट्रहरूलाई झण्डाहरूको मौनताप्रति खिन्नता प्रकट गरिएको छ । नेपाललाई शान्ति क्षेत्र भनेर घोषणा गरिएपनि अवस्था भने दुर्गतितिर जान लागेकोप्रति दुःख व्यक्त गरिएको छ । कवितामा बढी रोचक आकर्षक र कलात्मक भाषाशैलीको प्रयोग गरिएको छ ।

## ४.५.८ आँखा तरि हेर्दछ

प्रस्तुत कवितामा पञ्चायती व्यवस्थाको तीव्र विरोध छ । पञ्चहरूले प्रजातन्त्रको नारा फुके पनि त्यसमा सत्यता नभएको विचार व्यक्त गर्दै राष्ट्रिय पञ्चायतले जनताको पक्षमा कार्य

नगरेको कारण जनताले आँखा तरि हेर्ने गरेको विचार कवितामा आएको छ । प्रजातन्त्रबादी र वामपन्थीहरूलाई कुशल देशभक्त वनेर मुर्छा परेको नेपाललाई ब्युँताउन एक ढिक्का भएर हिडाउन कविले आग्रह गरेका छन् । कविको शैली संवोधन र सम्प्रेष्य रहेको छ भने वर्णनात्मक पद्दति अँगालिएको छ ।

### ४.५.९ मुर्छा छ नेपाल है

प्रस्तुत कवितामा पञ्चायती शासन ब्यवस्थाका प्रशासकहरूको नालायकी व्यवहारका कारण जनताले धेरै सास्ती व्यहोर्नु परेको पिडा कवितामा आएको छ भने कयौं छात्रछात्राहरू शिक्षा लिनबाट वञ्चित विचार समेत कवितामा आएको देखिन्छ ।

### ४.५.१० सङ्घर्षको देन

प्रस्तुत कवितामा लामो सङ्घर्ष पछि प्रजातन्त्रको आगमन भएको र कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा नयाँ मन्त्रीमण्डल बनेको प्रसंगलाई कविले सार्वजनिक गरेका छन । भट्टराईको नेतृत्वमा नयाँ मन्त्रीमण्डल विस्तारपछि नेपाली जनतामा खुशीयाली छाएको कविले बताएका छन । र मन्त्री मण्डलमा पुगेका सबैलाई जिम्मेवार भूमिका निभाउन कविले अनुनय समेत गरेका छन । साथै नयाँ संविधान निर्माणका लागि उर्जाशील भूमिका निभाउन अनुरोध गरिएको छ । विभिन्न अर्थालंकार र शव्दालंकारको प्रयोगले कविता निकै रम्य बनेको छ ।

### ४.५.११ कठोरताको हुरीभित्र

प्रस्तुत कवितामा पञ्चायती शासनका कारण राष्ट्रियता र लोकपथ साँघुरिएको विषय प्रस्तुत गरिएको छ । इन्धन जस्ता दैनिक उपभोग्य सामाग्रीमा देखिएको बढ्दो महँगीले देशमा ठुलो असर पारेको भन्दै घुसखोरी प्रवृतिको विरोध गरिएको छ ।

### ४.५.१२ बेसर्मको कर्म हो

प्रस्तुत कवितामा नेपालको शैक्षिक अवस्था जटिल रहेको भन्दै भावी सन्ततिका दिलमा नमिठो छाप पर्न गएको विषय प्रस्तुत गरिएको छ । पञ्चायती शासन व्यवस्थामा शैक्षिक प्रशासनले नालायकी व्यवहार प्रस्तुत गरेर बेसर्मको कर्ममा आँफूलाई संलग्न तुल्याएको भन्दै तिव्र ब्यंग कसिएको छ । प्रस्तुत कवितामा मधुर ब्यञ्जन वर्णहरूको कुशल प्रयोगले माधुर्य गुणको अभिव्यक्ति भएको छ ।

### ४.५.१३ हाम्रो छ मिठो लिटो

प्रस्तुत कवितामा पञ्चायती शासनमा जनता हुस्सुको कागजस्तै भएको र अव यो अवस्थालाई चिरी संघर्षलाई चर्काएर यो व्यवस्था अन्त्यका लागि अघि सर्नुपर्ने विचार अघि आएको छ । नेपाली र भारतीय शीर्षस्थ नेताहरूको वार्ताले मिठो लिटोको परिस्थिति सिर्जना

गर्नुपर्ने विचार समेत कवितामा आएको छ। हुस्सु भित्रका कागका रूपमा नेपाली जनतालाई तुलना गरेका कारण उपमा अर्थालंकारको सहज सिर्जना गरिएको छ।

### ४.५.१४ गम्भीर जिम्मा छ यो

प्रस्तुत कवितामा राष्ट्रियता वचाउने प्रमुख अंग भनेको लोकतन्त्रमा आधारित पद्दति हो भन्दै फोस्रा नाराहरूले लोकतान्त्रिक पद्दतिलाई अघि नवढाउने धारणा अघि सारिएको छ । प्रजातन्त्रको ढोका उघार्नका लागि युवाहरूलाई शसक्त ढङ्गले लाग्न अनुरोध गरिएको छ।

### ४.५.१५ माननीयलाई हेरेर

प्रस्तुत कवितामा पञ्चायती शासनका माननीयहरूलाई नेपालको समस्यारूपी कुहिरो हटाउन सक्रिय हुन अनुरोध गरिएको छ। सत्ता र विदेशीहरूको दिल सफा नभएका कारण खिन्नताका साथ २०४६ सालको नाकावन्दीलाई नियाल्नुपरेको तीतो यथार्थ प्रस्तुत गरेर संकटमोचनमा लाग्न अनुरोध गरिएको छ । व्यंगात्मक शैलीमा आवद्ध प्रस्तुत कवितामा रूपक अलङ्कारको प्रयोगले विषयवस्तुलाई अझ खुलस्त पारेको छ।

### ४.५.१६ भ्याइँदैन निदाउन

प्रस्तुत कवितामा २०४६ सालमा नेपाली काँग्रेसले देशब्यापी रूपमा सम्पन्न गरेको कार्यक्रमले ल्याएको लहरले नया सन्देश दिएको भन्दै तत्कालीन शासन ब्यवस्थाका त्रुटिसंगत प्रविधिको विरोधमा लाग्न सवैलाई अनुरोध गरिएको छ । शान्तिपूर्ण कार्यक्रम पञ्चहरूको खराव प्रपञ्चका कारण अनेकौं कायकर्ताहरूको गिरफ्तारी भएकाले पञ्च शासनको तीव्र विरोधका स्वरहरू समेत कवितामा आएको देखिन्छ । कवितामा प्रयुक्त अल्पविरामात्मक चिन्हको प्रयोग एवं मधुर व्यञ्जनवर्णको प्रयोगले भाषाशैलीमा मोहकता थपेको देखिन्छ।

### ४.५.१७ जाइन्छ मामा घर

शार्दुलविक्रीडित छन्दमा संरचित प्रस्तुत कवितामा पञ्चपद्दतिका गैर जिम्मेवारपूर्ण प्रवृतिका कारण महँगीले उचाई लिएको र दशैं एवं तिहार जस्ता महान पर्वहरू नेपालीको दुर्भाग्य बनेको विषयवस्तुको प्रस्तुत कवितामा भएको देखिन्छ। विश्व परिस्थितिको मुल्यांकन दमन पूर्ण ब्यवहार अन्त्य गर्न पञ्च सरकारप्रति कविको अनुरोध रहेको छ । ध्वान्यात्मक अभिब्यक्तिले भरिपूर्ण भट्टराईको नेतृत्वमा नयाँ मन्त्रीमण्डलले देशमा उत्साह बढेको धारणा कविको छ। प्रस्तुत कवितामा चन्दन धेरै घोट्दा आगो निस्कन सक्ने अभिब्यक्रिमा अपन्हुति अलङ्कारको सहज प्रयोग भएको छ।

### ४.५.१८ वन भीस्म पितामह

प्रस्तुत कवितामा नेपाली काँग्रेसको आब्हानमा चालिएको सप्ताहब्यापी जनलहरले चेतनाको बाटो जनमानसमा खेलेको भन्दै युवाहरूलाई प्रजातन्त्रका लागि लड्न आग्रह गरिएको छ । कविले अहिले नेपाली काँग्रेसको दायित्व पनि जनलहर सिर्जना गर्ने भएको चर्चा गरेका छन । मिर्मिरे हुन लागेको प्रजातन्त्रलाई फराकिलो वनाएर प्रतिष्थापन गर्न सकिएन भने जीवन दान बन्ने तर्क कवितामा अघि सारिएको छ । राजनैतिक नेताहरूलाई भीस्म पितामह बनेर अगाडि वढ्न आग्रह गरिएको छ । कवितामा विम्वात्मक र प्रतिकात्मक अभिव्यक्तिले भाषिक चमत्कार सिर्जना गरेको छ ।

### ४.५.१९ प्र. ने. का. भित्रको हलचल

प्रस्तुत कवितामा नेपाली काग्रेसलाई नेपालको एक ठुलो राजनैतिक रूपमा प्रस्तुत गरिएको छ । पुर्नगठनलाई ध्यान दिएर अघि बढे काँग्रेस बलियो हुने सम्भावना ब्यक्त गरिएको छ ।

### ४.५.२० जनता त्यो जनार्दन

प्रस्तुत कवितामा पञ्चायत विरुद्धको चर्को आन्दोलन सर्वत्र फैलिएको र पूर्वी युरोपमा चर्किएको जनआन्दोलनले क्रुर शासनलाई पछार्न सफल भएको सत्य प्रस्तुत गर्दै न्यायको खोजीका लागि जनताले गर्धन अघि सार्ने विचार अभिब्यञ्जित छ । यसको प्रत्यक्ष प्रभाव नेपालमा परेको र यसले पञ्चायती सत्ता ढालेर छाड्ने विश्वास ब्यक्त गरिएको छ । वामपन्थीहरूले समेत तिव्र समर्थन गरेकाले यसले चाँडो सफलता प्राप्त गर्ने विचार कवितामा आएको छ । अर्थान्तर अलंकारले कवितामा सौंन्दर्य सिर्जना गरेको छ ।

### ४.५.२१ खोले झोल पिई

प्रस्तुत कवितामा आफ्नो हक सुरक्षित सहनुपर्छ भन्ने माग अघि सार्नु विद्यार्थीहरूको मौलिक, हक रहेको भन्दै पञ्च सरकारले छात्र माथि गरेको दुर्व्यबहारको तिव्र विरोध कवितामा गरिएको छ । खोले झोल पिएर आफ्नो सन्तान पठाउने अभिब्यक्तिले यस्तो घटना सुन्दा दुःख मान्ने गरेको मार्मिकता प्रस्तुत गर्दै शान्तिका बाहक विद्यार्थीलाई दुःख दिन वन्द गर्न अडान कवितामा रहेको छ । सरकारले छात्रका पिठ्युमा घोडी हट् हट् गर्ने दुश्प्रयासलाई हटाएर प्रजातन्त्रका पक्षमा अघि वढ्नुपर्ने सुझावत्मक अभिब्यक्तिहरू कवितामा आएका छन् ।

### ४.५.२२ खोला फर्कन गर्जुन

प्रस्तुत कवितामा साम्यबादी प्रथा ठिक नभएको भन्दै साम्यवादी राष्ट्रका रूपमा कहलिएका राष्ट्रमा प्रजातन्त्रको नारा घन्किनु खुशी कुरा हो भन्ने विचार कवितामा आएको छ । रुस

हंगेरी, पोल्याण्डका परिघटना अघि सार्दै प्रतिकात्मक रूपमा खोला फर्कुन गर्जुन भनेर शीर्षक राखी प्रष्ट पार्न खोजिएको छ । प्रतिकात्मक र विम्वात्मक कथनमा कविता गुढार्थ बनेको छ ।

### ४.५.२३ बाँकी छ पसलमा कुन

प्रस्तुत कवितामा २०४६ सालमा चर्केको नाकावन्दीले सर्वसाधारण जनतामा पारेको चिन्ता र त्यसले उत्पन्न गरेको जटिल परिस्थितिको चित्रणमा कविता सवल देखिन्छ । राजधानी भन्दा वाहिरका जनताले यसको ठुलो चोट भो्गेको कुरा यसमा अघि सारिएको छ । यसले जटिल परिस्थितिको समाधानार्थ सत्ताले कुनै पहल नगरेको प्रति समेत कविको आपत्ति रहेको छ । भाई फुट गवार लुट जस्ता उखानात्मक प्रयोगले कविताको भाषाशैली चहकिलो वनेको छ ।

### ४.५.२४ आँलो काँचो थियो त

प्रस्तुत कवितामा देशलाई विखण्डन गर्ने,अधोगतितिर लैजाने देशघातकका विरोधमा युवाहरूलाई भिडन आग्रह गरिएको छ । राष्ट्रयुवाकै हो भनेर राष्ट्र बचाउन सार्थक कर्तव्य पथमा लाग्न अनुरोधसमेत कवितामा गरिएको छ ।पाकेको फल उखानले कवितालाई आकर्षकता थपेको छ ।

### ४.५.२५ लोहा भष्म बने

प्रस्तुत कवितामा गणेशमानलाई लौह पुरुषका रूपमा प्रस्तुत गरेर प्रजातन्त्रप्रतिको अगाध आस्थाका कारण पञ्चायती सरकारले उनलाई धैरै दुख दिएकाले उनको शरिर अस्वस्थ्य भई भष्म बन्न पुगेको व्यक्त गरिएको छ ।यस्ता नेताको देशमा आवश्यकता रहेको र उनको उपस्थितिमा देशले धेरै राहत पाउने कवि विचार समेत कवितामा आएको छ ।त्यसैगरी उनका साथै अन्य नेताहरूको स्वास्थ्य लाभको कामनासमेत गरिएको छ ।

### ४.५.२६ कविता

प्रस्तुत कवितामा राजा विरेन्द्रको उज्वल ईच्छाका कारण जनताको उत्कट इच्छालाई पुरा गर्ने सता नेतामा सुम्पिएको विषयलाई कवितात्मकता दिएका छन । राजाको कदमलाई पञ्चायती मण्डलेहरूले देषपूर्ण आँखाले हेर्ने गरेकोप्रति कविको विरोध छ ।राजालाई ईश्वरको रूपमा समेत प्रस्तुत गर्ने कार्यमा कविता रहेको छ । कवि जनताको संविधान छिटै बन्ने कुरामा आशावादीसमेत भएका छन ।

## ४.५.२७ कि चम्कने भो घन्टाघर फेरि

प्रस्तुत कवितामा जनआन्दोलनले ल्याएको परिर्वतनपछि संविधान बनाउने नाममा झुक्याउने चालबाजी षडयन्त्र आउन सक्ने चिन्ता कवितामा प्रस्तुत गरिएको छ ।संविधान निर्माणको सहि साइत जुराउन नेपाली जनताले कम्मर कसनु पर्ने बताउदै अनकौ षडयन्त्र चिर्नु पर्ने आवश्कतासमेत कविले प्रस्तुत गरेका छन । कविको कविताले वर्तमान परिवेशको चित्रण गरेको छ । गर्न कवि स्वयं संलग्न भएका छन ।

## ४.५.२८ त्यो रात्री दिन

प्रस्तुत कविता २०४८ सालमा सम्पन्न हुन गइरहेको सन्दर्भसंग सम्बिन्धित छ । चुनावको लहरले व्यापकता छाएको र अधिकदलहरूले सहभागिता चुनावका लागिमात्र गरेको प्रसंग कविले उजागार गरेका छन । कविले नेपाली जनतालाई प्रजातन्त्रको पक्षमा वकालत गर्न अनुरोध गरेका छन ।राणाशासन एवं पञ्चायती व्यववस्था फयाँक्न उल्लेख भूमिका निर्वाह गर्न काँग्रेसलाई मत हाल्न नेपाली जनतासमक्ष कविले अनुरोध गरेका छन ।

## ४.५.२९ काँग्रेस चिन्ता

प्रस्तुत कवितामा कविले नेपाली काँग्रेसको गतिविधि काँग्रेसी जनहरूको व्यवहार सुधार्नु पर्ने खाँचो औल्याउदै प्रजातन्त्रप्रति इमानदार हुन सबैलाई अनुरोध गरेका छन । काँग्रेसलाई रुख चिन्हमा मतदान गरेर सहयोग गर्नेसमेत कविले अपिल गरेका छन । काँग्रेस विजयी हुनु भनेको प्रजातन्त्रको विजयी हुनु भनेर कविले काँग्रेसप्रतिको चिन्ता, आस्था प्रकट गरेका छन् ।

## ४.५.३० आमासरी रुख छ

प्रस्तुत कवितामा कविले नेपाली काँग्रेसको चुनाव चिन्ह र जन्मदिने आमा बराबर भएको धारणा अगाडि सारेका छन । कवितामा कविले काँग्रेसलाई उज्वल नक्षत्रकारूपमा अगाडि सारेर रुख चिन्हमा मतहाली काँग्रेसलाई विजयी बनाउन आग्रह गरिएको छ ।

## ४.५.३१ गह्रौ यहाँ स्वागत

प्रस्तुत कवितामा चुनाव सम्पन भएपछि नेपाली काँग्रेसले प्राप्त गरेको विजयीको खुशीलाई प्रस्तुत गरिएको छ । सक्षम व्यक्तिलाई टिकट दिएको कारण यस्तो सफलता प्राप्त गरेको कवि धारणा प्रस्तुत गरिएको छ । यस्तो अवस्थामा स्वागत गह्रो भनेर शीर्षकीय सार्थकता प्रस्तुत गरिएको छ ।

### ४.५.३२ शङ्का देखिन्छ हर्दम

प्रस्तुत कवितामा साम्यवादी शासन व्यवस्थाको तीव्र विरोध गरिएको छ । साम्यवादी शासन ल्याँउने नाममा धेरै ज्यान जाने गरेका कारण कविको यसप्रति फरक मानसिकता रहेको छ । कम्बोडिया दुखद अवस्थाको चित्रण गर्दै कविले यसलाई पुष्टि गर्न खोजेका छन ।नेपाल कम्बोडिया जस्तो नहोस भनेर कविले कामना समेत गरेका छन ।

### ४.५.३३ नयाँ साथी नमोः नमः

प्रस्तुत कवितामा विस २०४८ मा सम्पन्न आम चुनावबाट प्राप्त सफलताबाट जतातत‌ै काँग्रेसमा प्रवेशको लहर चलेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । धेरै कष्ट भोगेर प्रजातन्त्र ल्याइएको भन्दै प्रवेश गर्नेहरूप्रति एवम् नयाँ नेताहरूप्रति आदर सूचक शब्द नमोः नमः प्रयोग गर्दै स्वागत व्यक्त गरिएको छ ।

### ४.५.३४ मासेको अरबौं धन

प्रस्तुत कवितामा सरकारलाई कविले जिल्ला नगर र गाँऊमा रहेका दुर्गतिहरू फाल्नका लागि अनुरोध गरिएको छ । पञ्चपदाधिकारीहरूले मासेको अरबौ धन फिर्ता गरेर देश विकासमा लगाउनु पर्ने विकासप्रेमी विचार व्यक्त गरिएको छ । काग कराउदै गई पिनास सुक्दै जान्छ जस्ता उखानात्मक प्रयोगमा कविता निकै गम्भीर बनेको छ ।

### ४.५.३५ मसि नसुक्दै

प्रस्तुत कवितामा अपार दुखः गरेर ल्याइएको प्रजातन्त्रको मसी नसुक्दै वामपन्थीहरूले तहल्का मच्चाउन थालेकोप्रति कविको आक्रोश व्यक्त गरिएको छ । वामपन्थी नेता मदनभण्डारी दुई जिब्रे नेता भएको भन्दै प्रजातन्त्र जोगाउन सबै प्रजातन्त्रप्रेमीहरू मिलेर अघि बढनुपर्ने विचार कवितामा व्यक्त गरिएको छ ।

### ४.५.३६ सप्रो जीवनपदति

प्रस्तुत कवितामा एमालेको राष्ट्रिय राजनीतिमा देखिएको दुर्व्यावहार प्रस्तुत गरिएको छ । उसले प्रजातन्त्रलाई नमाने पनि विश्वका साम्यवादीहरू प्रजातन्त्रतिर लम्कदै गरेको लक्ष्य बुझेर एमालेले पनि यसलाई अङ्गिकार गर्नु पर्ने विचार कवितामा प्रस्तुत गरिएको छ ।

### ४.५.३७ रोएर काटथे दिन

प्रस्तुत कवितामा अतितका काला दिन सम्झेर पाठ सिकी अघि बढन देशीय मन्त्री एवं नेतृत्व वर्गलाई अनुरोध गरिएको छ । सङघर्षका बेला नेताहरूलाई जेल कोच्दा सर्वसाधारण

जनताका आँखाबाट झरेको आँसुको पीडालाई बुझेर अघि बढनु पर्ने विचार अघि सारिएको छ ।

### ४.५.३८ मुसाको खालमा गई

प्रस्तुत कवितामा जनताका पक्षमा वकालत गर्ने एमालेले सांसद किन्न पैसाको बिटो फालेको भनेर कविले रोष प्रकट गरेका छन । यो घटना त्यतिकै सेलाएर मुसाको खालमा गएर लुकेको घटनाका रूपमा प्रस्तुत गरेका छन । अघिका चप्पले नेताहरू करौडौका मालिक बन्न पुगेको घटना प्रस्तुत गर्दै यस्ता अनेकौ घटनाहरूलाई गुपचुपमा राखिएको प्रति दुखः प्रकट गरिएको छ ।

### ४.५.३९ कसरी देश बन्दछ

प्रस्तुत कवितामा सहिदहरूको सम्मान प्रस्तुत गरेर तिनको आदर्श नभुल्न अनुरोध गरिएको छ । शहिदको पवित्र देनलाई आदर्शका रूपमा लिई अनेकौ षडयन्त्रका पर्दाहरू च्यातेर पूर्व घटनाहरू पुनःस्मरण गर्दै देशको उज्जवल भविष्यको निर्माणमा संलग्न हुन प्रजातन्त्रवादीहरूलाई अनुरोध गरिएको छ ।

### ४.५.४० आलो रगत वीरको

प्रस्तुत कवितामा प्रजातन्त्रको आगमनसंगै पञ्चायती शासनको क्यान्सर कमजोर भएको भन्दै संविधान सुधारका लागि राजाबाट आयोग गठन हुन सुखद कुरा भएको कवि विचार प्रस्तुत गरिएको छ ।

### ४.५.४१ साम्यवाद रुख बनी

प्रस्तुत कवितामा देशको राजनैतिक अवस्थासंगै विश्वको घटनालाई प्रस्तुत गरिएको छ । प्रस्तुत कवितामा जर्मन एकीकरणको स्वागत गरिएको छ ।रुस बुल्गेरियालगायत देशमा साम्यवादी व्यवस्था प्रजातन्त्रात्मक व्यवस्थातिर लम्कदै गएका कारण यो व्यवस्था जनचाहानाअनुरूप नहुने विचार व्यक्त गरिएको छ ।कृत्रिम खीर देखाँएर औचित्यहीन नारा घनकाउने वामपन्थी विचार सडेर जाने धारणा कवितामा व्यक्त गरिएको छ ।

### ४.५.४२ मिल्न नसके

प्रस्तुत कवितामा काँग्रेसका नेतात्रय गिरिजा, कृष्णप्रसाद, र गणेशमान नमिल्ने हो भने दैशिक अवस्था खतम हुने विचार कवितामा प्रस्तुत गरिएको छ ।ठूलो बलिदानबाट प्राप्त शिशुप्रजातन्त्रले दीर्घता प्राप्त गर्ने नेता त्रयको मिलनमा भर पर्ने धारणा कविले सारेका छन ।

### ४.५.४३ देशलाई हसाउँदै

काँग्रेसको त्याग र बलिदानका कारण निरंकुश राणाशासन र पञ्चायती व्यवस्थाको अन्त्य भएको भन्दै प्रजातन्त्रवादी सबैलाई देश बनाउनका लागि अघि बढन अनुरोध गरिएको छ ।

### ४.५.४४ नेता यही सुनाँउथे

प्रस्तुत कवितामा विश्वका विभिन्न राष्ट्रमा विभिन्न सविधान रहेको भन्दै बेलायती संविधान सर्वाधिक उपयोगी रहेको विचार प्रस्तुत कवितामा उल्लेख गरिएको छ । अभूतपूर्व संविधानका रूपमा प्रस्तुत गर्नका लागि अपुरा विषयहरू समावेश गरी सविधानलाई पूर्णता दिन अनुरोध समेत गरिएको छ ।

### ४.५.४५ प्रजातन्त्र जगाउने

प्रस्तुत कवितामा प्रजातन्त्रका पक्षमा गहिरो अगाध आस्था राख्ने राष्ट्रपुकार पत्रिकाको निर्धक्कका साथ प्रंशसा गर्नु पर्ने धारणा प्रस्तुत गरिएको छ ।प्रजातन्त्रप्रति आस्था राखेका कारण पञ्चहरूले बन्द गरेपनि प्रजातन्त्रको आगमन पछि पुनः सुचारु भएको भन्दै यो सुखद विषय हो भनेर प्रस्तुत गरिएको छ ।

### ४.५.४६ आक्रोशको सनसनी

प्रस्तुत कवितामा विश्वेश्वरप्रसाद कोइरालाप्रति सम्मान व्यक्त गरिएको छ । उनको सपनालाई साकार पार्दै मन्त्रीमण्डलबाट संविधानको मस्यौदा प्रस्तुत भएपनि अनेक चालबाजीका कारण अर्को मस्यौदा प्रस्तुत भएपनि अनेक चालबाजीका कारण अर्को मस्यौदा आएकोप्रति आक्रोसको सनसनी उत्पन्न भएको विषयलाई कवितात्मकता प्रदान गरिएको छ ।

### ४.५.४७ लाग्ने छ मर्ने व्यथा

प्रस्तुत कवितामा नेपाललाई शान्ति क्षेत्रका रूपमा घोषणा गरिएपनि पञ्चायती कालमा जनताको घाँटी थुनेर शासन गरिएका कारण भम्र सिर्जना भएको कुरा प्रस्तुत गरिएको छ । पञ्चहरूको गिरोह अझै रहेको भन्दै यसले शान्ति क्षेत्रका रूपमा नेपाललाई उभ्याउन वाधा पु-याउन सक्ने धारणा प्रस्तुत गर्दै सचेत भएर नेपाललाई मर्ने व्यथाबाट मुक्त गराउनु पर्ने धारणा अघि सारिएको छ ।

### ४.५.४८ खिचडीहोस पाचक

प्रस्तुत कवितामा एमालेको प्रगतिशील धारणा हास्यापद भएको विचार अघि सारिएको छ । स्थानीय निर्वाचनले धेरै पार्टीको उपस्थिति गराएको भन्दै सबै मिली काम गरी यसलाई खिचडी पाचकका रूपमा परिर्वतन गर्ने अनुरोध गरिएको छ ।

### ४.५.४९ दमननाथ ढुङ्गगाना धैर्यका दीप

प्रस्तुत कवितामा तत्कालिन प्रतिनिधि सभाका सभामुख दमननाथ ढुङ्गगानाको धैर्य स्वभावलाई प्रस्तुत गरिएको छ । विपक्षीहरूलाई पनि संसदमा मिलाएर लानका लागि उनले चालेका कदमहरूले धैर्य स्वभावका रूपमा प्रस्तुत गरेको विषय कवितामा आएको छ ।

### ४.५.५० विपीको सम्झनामा

प्रस्तुत कविता जननायक, विश्वेश्वरप्रसाद कोइरालाको दशौ पुण्यतिथिमा संरचित कविता हो । यसमा प्रजातन्त्रप्रति अगाध आस्था राखी त्यसलाई कार्यगत रूपमा अघि बढाउन उदृत विपिप्रति अगाध आस्था र सम्मान व्यक्त गरिएको छ ।

### ४.५.५१ दुखी देश बिलाँउछ

प्रस्तुत कवितामा संसारमा हिन्दू क्रिश्चियन बौद र मुस्लिमचारवटा धर्महरू प्रमुख रहेको भन्दै मुस्लिम धर्मको बाहुल्य रहेका ठाँउमा बढी सङघर्ष रहेको र महंगीले उचाइ लिएकोप्रति कविको चिन्ता छ । समताभाव राखेर अघि बढन अनुरोध गदै अत्याचारले तीव्रता लिए राष्ट्रसङ्गघले हस्तक्षेप गर्नु पर्ने विचार प्रस्तुत गरिएको छ । यदि यसो नभए नेपालजस्ता राष्ट्रहरू विलाएर जान सक्ने खतरा प्रस्तुत गरिएको छ ।

### ४.५.५२ फर्कला फेरी क्यान्सर

प्रस्तुत कवितामा प्रजातन्त्र आए पनि पन्चायतका अवशेषहरू अझै रहेको भन्दै चिन्ता प्रकट गरिएको छ ।पछि बैलैमा सचेत नहुने हो भने नेपालमा पुनः पञ्चायतरूपी क्यान्सरको आगमन हुन सक्ने भएकाले समयमा नै विचार पु-याउन आग्रह गरिएको छ ।

### ४.५.५३ सालिक सत्य हो

प्रस्तुत कविता कविले आफू अस्पताल भर्ना हुदाँ लेखेको जनाएका छन । भारतको पटनामा विपिको सालिक बनेको कुरा सत्य भएको र यसले उत्साह थपेको भन्दै नेपालमा चौधै अञ्चलमा उनको शालिक निर्माण गरेर अघि बढे स्वयं विपी र प्रजातन्त्रप्रति आस्था प्रकट गरेको ठहरिने विचार कविले प्रस्तुत गरेका छन ।

### ४.५.५४ छिमकी चिनले पनि

प्रस्तुत कवितामा तत्कालिन समयमा भारतीय प्रधानमन्त्री नरसिंह रावको भ्रमणले सिर्जना गरेको फलदायी कार्यहरू प्रशंसनीय रहेको भन्दै यस्तो खालको उदारनीतिका बारेमा चीनले समेत चासो राखी यसलाई सर्मथन गरेका अवस्थामा नेपालका स्वयं वामपन्थी दलहरूले भ्रम सिर्जना गरेको कवि विचार प्रस्तुत गरिएको छ ।

### ४.५.५५ मिठो प्रजातन्त्र

प्रस्तुत कवितामा त्याग र तपस्याबाट प्राप्त प्रजातन्त्रलाई राजाले उपयुक्त संविधान प्रस्तुत गरेर स्वीकार गरेकोप्रति प्रशंसाा व्यक्त गरिएको छ ।यो संविधान प्रजातन्त्रको मिठो स्वाद चखाउन सक्षम भएको भन्दै सबैले सिर्जनशिल बनेर आफूलाई उभ्याउनु पर्ने विचार प्रस्तुत गरिएको छ ।

### ४.५.५६ भन्दै छ नेपाल है

अत्यन्त लघु आयाममा संरचित प्रस्तुत कविता अत्यन्त कठोर त्याग र तपस्या गरेर प्राप्त गरेको शिशुप्रजातन्त्रलाई संरक्षण गरी उचाइमा पु-याउन सबै मिलेर अघि बढनु पर्ने धारणा अघि सारिएको छ ।

### ४.५.५७ वच्चा प्रजातन्त्र छ

प्रस्तुत कवितामा अपार त्याग, बलिदान, र तपस्या गरेर प्राप्त प्रजातन्त्रको समाप्त गर्ने खालको शङकास्पद विचारहरू आउन थालेका भन्दै यस्ता गलत विचारहरू फालन हरपल लाग्नु पर्ने धारणा कवितामा व्यक्त गरिएको छ । पाकिस्तान,थाइल्यान्ड,जस्ता राष्ट्रहरूले भोग्नु परेको नियतिबाट पाठ सिकेर बच्चा प्रजातन्त्र जोगाउन सशक्त भएर लाग्न सबैलाई आग्रह गरिएको छ ।

### ४.५.५८ खारिएको सफा सुन

प्रस्तुत कवितामा काँग्रेसको नेतृत्व बूढो भएको भनेर लगाइने आरोप सहि नभएको विचार प्रस्तुत गरिएको छ ।लामो सङघर्षपछि नेतृत्वप्राप्त गरेका कारण उक्त नेतृत्व सुन झै खारिएको विचार कविको रहेको छ ।अनुष्टुव छन्दको प्रयोग गरिएको प्रस्तुत कवितामा उपमा अलङकारको प्रयोग गरिएको छ ।

### ४.५.५९ कहाँ नाक लुकाउने

प्रस्तुत कवितामा तत्कालिन प्रजातन्त्रपछि व्याप्त विकृत नेपाली राजनीतिलाई विषयवस्तु बनाइएको छ ।अनुष्टुव छन्दको प्रयोग एंव प्रवाहमय भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.५.६० जाँऊ कुदाऊ

जाँऊ कुदाऊ यस प्रस्तुत कवितामा २०५०सालतिर संसदमा प्रतिपक्षले बहन गरेको गलत भूमिकाको विरोध गरिएको छ । प्रतिपक्षी दलको चर्को विरोधका कारण प्राप्त प्रजातन्त्रलाई धरापमा पारेको भन्दै जनताका पीरमर्का बुभन अनुरोध गरिएको छ ।

### ४.५.६१ भन्थे कठै पेपर

प्रस्तुत कवितामा मदन भण्डारीको निधनपछि उनको क्षेत्रमा भएको उपनिर्वाचनमा पहिले धोका खाएका कृष्णप्रसाद भट्टरराईको पुनः उपस्थिति रहेको र उनलाई सहयोग गरेर प्रजातन्त्रप्रति आस्था व्यक्त अनुरोध गरिएको छ ।

### ४.५.६२ आत्मासितै सोध है

प्रस्तुत कवितामा समेत २०५० सालको उपनिर्वाचनलाई मुख्य आधार बनाइएको छ । सुन्दर संविधान निर्माणमा कृष्णप्रसाद भट्टराइलाईलाई जिताउन गरिएको अनुरोधलाई बोधगम्य र आलंकारिक भाषामा प्रस्तुत गरिएको छ ।

### ४.५.६३ राष्ट्रप्रति नेशनल मण्डेला

प्रस्तुत कवितामा रङभेदी श्वेतसरकारको निरङकुशताको विरोधमा लामो सङघर्ष गरेर,दक्षिण अफ्रिकामा प्रजातन्त्र ल्याँउन सफल महान शान्तिप्रेमी आर्दशवादी नेता नेल्सन मण्डेलाको उच्च प्रंशसा गरिएको छ । कालालाई पनि मान्छे हो भन्ने धारणा ल्याएर अधिकार सम्पन्न बनाउनमा उनको मुख्य योगदान रहेको विषयलाई लघु आयाम र लयात्मकताका साथ प्रस्तुत गरिएको छ ।

### ४.५.६४ लौ सुन पञ्च हो

प्रस्तुत कवितामा कविले देशमा साढेसाती दशा लागेको भन्दै पञ्चहरूलाई समेत आफना विचार सुन्न आग्रह गरेर प्रजातन्त्रप्रेमी बनि आफनो उपस्थिति जनाउन अनुरोध गरेका छन। एमालेको सरकारमा प्रतिनिधित्व भएको कारण गतिरोध भएको भनेर सच्चा प्रजातन्त्रप्रेमी केवल नेपाली काँग्रेसमा मात्र रहेको विचार कविको रहेको छ । कवितामा अनुष्टुभ छन्दको प्रयोग गरिएको छ ।

### ४.५.६५ साम्यवादी नमोः नमः

प्रस्तुत कवितामा नेपालका प्रथम वामपन्थी प्रधानमन्त्री मनमोहन अधिकारी र तत्कालिन वामपन्थी नेता माधवकुमारका कार्यहरूमा विचलनता आएको भन्दै दैध चरित्रको प्रस्तुत गरिएको छ । समसामयिकतालाई छलङ्ग पार्ने भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.५.६६ राष्ट्रको भाग्यको धनी

प्रस्तुत कवितामा तत्कालिन मनमोहन सरकारले संसद भंग गरी चुनावको घोषणा गरेको र सो कार्य गलत भएको भनेर प्रजातन्त्रप्रेमीले अदालतमा मुदा दायर गरेको एंव न्यायमा दख्खल प्राप्त न्यायधिशहरूले सही निर्णय गरी संसद पुर्नस्थापना भएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

### ४.५.६७ पैरो गयो भिषण

प्रस्तुत कवितामा सरकारमा रहेको एमाले सरकारमा बसेर राष्ट्रिय ढुकुटीलाई पेवा सम्फी जथाभावी रूपमा प्रयोग गरेका कारण राष्ट्रिय अर्थतन्त्र धरापमा परेको विचार कवितामा आएको छ । यसलाई भीषण पहिरोका रूपमा चर्चा गरेर सर्वोच्च अदालतलाई सहि निर्णय लिएर अघि सर्न अनुरोध गरिएको छ ।

### ४.५.६८ कविता

प्रस्तुत कवितामा सरकारले ठूलो योजना भत्काएर नेपाल आमाको चाहनाको तुषारापात सिर्जना गरेको भन्दै एमाले प्रवृतिको घोर विरोध गरिएको छ ।प्रजातन्त्रप्रेमी सुपुत्रलाई आमाको रुवाईलाई खुसीमा रूपान्तरण गराउनका लागि अग्रसर हुन अनुरोध गरेका छन ।सरल सहज,भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत कवितामा कारुणिक भावमयताले उचाई प्राप्त गरेको छ ।

### ४.५.६९ दीपावली भो अहो

प्रस्तुत कवितामा २०५२ सालमा संसद पुर्नस्थापना भएको विषयले हर्षात्मक परिस्थिति सिर्जना गरेको विचारलाई प्रस्तुत गरिएको छ ।उपद्र मच्चाउनेको अन्त्य हुने र देशमा शान्ति र स्थिरता कायम हुने विचारसमेत अघि सारिएको छ ।

### ४.५.७० बस्दै छ द्राहा किटी

प्रस्तुत कवितामा तत्कालिन मनमोहन सरकार असफल भएर पुनः प्रतिपक्षी भएर बस्नु परेको र सरकार छाडनु पर्दा द्राहा किटेर बसिरहेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।कविताको विषयवस्तु सरल सहज र वोधगम्य आलंकारिक रहेको छ ।

### ४.५.७१ घोकेर सुत्ने गर

प्रस्तुत कवितामा तत्कालिन शेरबहादुरको सरकार प्रजातन्त्रप्रेमीहरूको साफा सरकार भएकाले सबैलाई एकढिक्का भएर अघि बढन अनुरोध गरिएको छ ।

### ४.५.७२ चोखी सतीको लहै

प्रस्तुत कवितामा संसद भंग भएर पुर्न गठित सरकारका कतिपय कार्यहरूमा आशंका पैदा भएको र पुरानो आर्दशलाई खेरजान नदिन अनुरोध गर्दै अझै पनि चोखी सतिहरूको श्राप नसिदिएको विचार कवितामा प्रस्तुत गरिएको छ ।

### ४.५.७३ निभ्दैन बती दियो

प्रस्तुत कवितामा प्रजातन्त्रीय पद्धति सम्बन्धि उज्वलताको महिमा प्रस्तुत गरिएको छ ।देउवा सरकार संयुक्त सरकार भन्दै यसले देशमा प्रजातन्त्रको बतीको दियो निभ्न नदिने विचार प्रस्तुत गरिएको छ । सरल ,सहज, र वर्णनात्मक भाषाशैलीमा आबद प्रस्तुत कवितामा मध्यानुप्रासीय कथनले मनोहारिता सिर्जना गरेको छ ।

### ४.५.७४ ठूलो सभा मञ्चमा

प्रस्तुत कवितामा सरकारमा केहि विचलन आएको देखेर एमालेले त्यसलाई फाइदा उठाउनका लागि सरकार ठाल्ने नीति लिएका कारण समयमै सचेत कविले अनुरोध गरेका छन । अर्थग्रहणमा कुनै जटिलता नभएकाले प्रसादगुणको प्राचुर्यता छ ।

### ४.५.७५ प्रजातन्त्र भनी अनि

प्रस्तुत कवितामा साम्यवादी राष्ट्र रुसमा समेत साम्यवादी मान्यतामा विचलन आउन थालेको र विश्वमा कम्युनिष्टहरू पनि प्रजातन्त्रप्रति आस्था व्यक्त गर्न थालेका कारण प्रजातन्त्र नै सहि व्यवस्था रहेको विचार कवितामा व्यक्त गरिएको छ । अप्रस्तुत विषयको प्रयोग गरेर प्रस्तुत विषयलाई प्रष्ट पार्न खोजिएका कारण प्रस्तुत कवितामा अप्रस्तुत प्रंससा अलंकारको रम्य प्रयोग गरिएको छ ।

### ४.५.७६ खानु पर्दैनकी लिटो

प्रस्तुत कवितामा शेरबहादुर देऊवा सरकार प्रजातन्त्रप्रेमी सरकार भएकाले विदेशी अनुदान पाएको भन्दै यसलाई दुखी र गरिबीहरूको जीवनस्तर उकास्न प्रयोग गरिनु पर्ने विकासप्रेमी विचारहरू कविले प्रस्तुत गरेका छन ।समसामयिक विषयवस्तु, सरल, सहज मिठासपूर्ण भाषाशैली कवितामा विन्यास भएको छ ।

### ४.५.७७ आश्चर्य संसार भो

प्रस्तुत कवितामा कम्युनिष्टहरू सतामा पुगेपछि पदलोलुप हुन्छन भन्ने कुरा सबैले बुझेको भन्दै नेपालमा पनि सो प्रवृति देखिएको देऊवा सरकार साझा भएकाले एवं न्यायपूर्ण

शासनप्रस्तुत गरेका कारण संसार आश्चर्यचकित भएको कविको विचार शार्दुलविक्रीडित छन्दमा सरल र सर्ववोधगम्य भाषाशैलीमा प्रयुक्त भएको छ ।

### ४.५.७८ सहेर बस नेपाली सतिको नै सराप छ

प्रस्तुत कवितामा अल्बानिया, काबुल, आदि राष्ट्रहरूमा राजतन्त्रको अन्त्य भई गणतन्त्र आएपनि तानाशाहका कारण गणतन्त्रको अनुभूति त्यहाँ नभएको र कतिपय राष्ट्रमा राजतन्त्रको पुनरागमन पश्चात सहि व्यवस्था सिर्जना भएका कारण नेपालमा संवैधानिक राजतन्त्र नै सहि व्यवस्था रहेको कविविचार प्रस्तुत गरिएको छ । नेपालमा सतिको श्रापकाकारणले दुख पाएको भन्दै कविले सरल सहज अनुष्टुभ छन्दमा वोधगम्य भाषाशैलीको उपयोग गरेका छन ।

### ४.५.७९ मन परे वथमा पुगौं

प्रस्तुत कवितामा २०५४ सालमा सम्पन्न हुन लागिरहेको चुनावमा सम्पूर्णलाई निर्धक्क भएर प्रजातन्त्रका पक्षमा मत जायर गरी प्रजातन्त्रप्रति अगाध आस्था व्यक्त गर्ने अनुरोध गरिएको छ ।

### ४.५.८० भव सागर यो तरे

प्रस्तुत कवितामा २०५४ सालमा काँग्रेसको पराजयले प्रजातन्त्र कमजोर हुन सक्ने भएकाले अब निस्वार्थ भावनाले अघि बढन काँग्रेसी नेताहरूलाई अनुरोध गरिएको छ । काँग्रेसको भविष्य सुर्धान युवापुस्तालाई समेत उचित स्थान दिनु पर्ने विचार प्रस्तुत गरिएको छ ।यदि सो कार्य गर्न सके दुखको भवसागरबाट पार पाउन सकिने विचार व्यक्त गरिएको छ ।प्रतिकात्मकताका साथ अघि आएको कविता आलंकारिक कथनले सौन्दर्य सुष्टि गरेको छ

### ४.५.८१ त्यो स्वर्ग झै हङकङ

प्रस्तुत कविता बेलायतले हङकङलाई चीनसंग बुझाँउदाको समयमा रचिएको छ । हरेक क्षेत्रको विकासका कारण हङकङ पृथ्वीको छुटै स्वर्ग भएको धारणा प्रस्तुत गरिएको छ । उपमालङकारले सरस, भावाव्यक्ति गर्न सहयोग पु-याएको छ ।

### ४.५.८२ सत्कर्मको पात्र भो

प्रस्तुत कवितामा स्थानीय निर्वाचनमा प्राप्त सफलताका कारण आफनो महिमता देखाउन पुगेको एमालेले सरकारमा रहेर पेट्रोलियम पर्दाथको मुल्यवृदि गरेको र सो कार्यको विरोधमा उत्रिएर नेविसंघले सत्कर्मको भूमिका निभाएको विचार प्रस्तुत गरिएको छ ।शार्दुलविकिडित छन्दको प्रयोग गरिएको प्रस्तुत कवितामा वोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.५.८३ छाती बनाई खुल्ला

प्रस्तुत कवितामा तत्कालिन चन्द सरकार ढली सूर्यबहादुर थापाको नेतृत्वमा सरकार बनेको र उनी राम्रा व्यक्तित्वका धनी नभए पनि प्रजातन्त्रका पक्षमा सहयोग गर्ने खालका व्यक्ति रहेको धारणा राखेका छन ।थापा प्रजातन्त्रप्रेमीहरूका अगाधआस्थाप्रेमी भएको काँग्रेससंग सहयोगी रहेको सरल राजनैतिक विषयवस्तुलाई काव्यात्मक भाषाशैलीमा रचना गरेका छन ।

## ४.५.८४ आधा भयो उम्लिई

प्रस्तुत कवितामा तत्कालिन ठूलो दल एमाले फुटेकाले यो अवसरलाई उपयोग गरेर प्रजातन्त्रका पक्षमा लडी अधिक लाभ लिन प्रजातन्त्रप्रेमीहरूलाई अनुरोध गरिएको छ । बढी उम्लिएर दुई टुक्रा बन्न पुगेको भन्दै काँग्रेसलाई यो अवसर सुर्वण हुनपर्ने धारणा उखान टुक्काको प्रयोगमा चहकिलो बनेर आएको छ ।

## ४.५.८५ नाङ्गो भई निक्लियो

प्रस्तुत कवितामा साझा सरकारमा एमाले रहदाँ अर्थतन्त्र सम्बन्धी बजेटलाई विषय बनाइएको छ । उक्त पार्टीको नारा झुकाई सरकार सञ्चालन गर्ने मात्र भएको भन्दै जनता झुक्याउने अर्थतन्त्रले सहि निकास दिन नसकने विचार अघि सारिएको छ ।कलात्मक भन्दा वैचारिक प्रस्तुति गर्ने खालको भाषिक विन्यास रहेको छ ।

## ४.५.८६ रक्तपात नहोस है

प्रस्तुत कवितामा तत्कालिन ठूलोदल फुटन्कोू कारणको मूल विषय सम्पति रहेको धारणा उनिहरूले अघि सार्ने गरेको विषयलाई कवितामा अघि सारिएको छ ।न्यायोचित ढङले रक्तपात नमच्याई सम्पतिको सहि वितरण गर्न कविले अनुरोध गरेका छन ।

## ४.५.८७ कसरी हो काल काटने हरे

प्रस्तुत कवितामा भष्ट्रचारीले ठूलो सङकट निम्त्याएको एंव माओवादी समस्याले तीव रूप लिएका कारण समय बिताउन ग्राहो भएको विषयवस्तुलाई कवितामा प्रकट गरिएको छ । शार्दुलविक्रीडित/छन्दमा संरचित कवितामा अन्त्यानुप्रासको सुन्दर प्रयोग भएको छ ।

## ४.५.८८ पाहुना ती नमार

प्रस्तुत कवितामा रुवान्डाको भयङकर युदले निम्त्याएको जटिल परिस्थितिको प्रस्तुत गर्दै स्वयं स्वदेशीहरू शरणार्थी बन्न पुगेको र यसको कारण वामपन्थीहरूको उग्रवादले काम गरेको धारणा अघि सारिएको छ । अल्पविरामात्मक प्रयोगमा कविता आकर्षक बनेको छ ।

## ४.५.८९ काँग्रेस अघि बढ

प्रस्तुत कवितामा गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईले नेपाली राजनीतिमा गरेको त्याग नाप्न ग्राहो हुने र बीचमा उनीहरूको योगदानमा केहि धमिलो पन आएपनि पुनः उनीहरूबीच भएको सहमतिले अघि बढने अवसर प्राप्त गरेको कवितामार्फत जानकारी गराएका छन ।

### ४.५.९० धिक्कार हो भन्दछौ

प्रस्तुत कवितामा दक्षिण एसियाका दुई प्रमुख राष्ट्र भारत र पाकिस्तानले आणविक शस्त्रास्त्रको विकास गरेर वर्बरता मच्चाएकोप्रति धिक्कार व्यक्त गरेका छन । शार्दुलविकीडित छन्दमा रचिएको कविताले विशेष गरेर सन्धि सम्झौतामा जोड दिएको छ।

### ४.५.९१ बन्ला महाकाल है

प्रस्तुत कवितामा २०५५ सालतिर विषाक्त तोरीको तेल प्रवेशले सन्सनी मच्चाएको भन्दै यसले वित्यास पार्ने सक्ने विचार प्रस्तुत गरिएको छ । अर्थात महाकाल निम्त्याउन सक्ने धारणा समेत अघि सारिएको छ। समाचारमूलक भाषाशैलीमा कविता प्रयोग गरिएको छ ।

### ४.५.९२ ढुकुटी आफनै अरे

प्रस्तुत कवितामा इन्डोनिसियाको राजनैतिक तरलतालाई प्रस्तुत गरेर नेपाल पनि यस्तो परिवेशबाट मुक्त छैन र प्रजातन्त्रप्रेमी नेताहरू नै ढुकुटी भर्न लागेकोप्रति व्यङय गरिएको छ । अनुप्रासिय कथन र आज्ञार्थक वाक्यले कविता निकै सुन्दर बनेको छ ।

### ४.५.९३ प्यारा दुनियाँ सुनँ

प्रस्तुत कवितामा २०५१ पछि संसदलाई निरकुशको रूपमा प्रस्तुत गर्दै कम जनमत प्राप्त दलका नेता नै प्रमुख बन्न पुगेकाले शहिदको रगतको अपमान भएको कवि विचार प्रस्तुत गरिएको छ ।त्रिशंकुको पौराणिक मिथकको प्रयोगमा कविता सौन्दर्ययुक्त बनेको छ ।

### ४.५.९४ आठौ आश्चर्य देखने

प्रस्तुत कविता विसं २०५९ सालमा राजा ज्ञानेन्द्रदारा घोषित नगरपालिका निर्वाचनलाई विषय बनाइएको छ ।माओवादी दन्दले चरम रूप लिएको बेला यस्तो घोषणा गर्नु भनेको अनौठौ आश्चर्य देखाउने असफल प्रयास भनेर कविले प्रस्तुत गरेका छन ।कविताको भाषाशैली व्यङत्मकताका साथ आएको छ ।

### ४.५.९५ नाकबन्दीको तरङ

प्रस्तुत कवितालाई सामाजिक कविताका रूपमा कविले प्रस्तुत गरेका छन । देशको विग्रदो अवस्थाका कारण सर्वेसाधरण जनताले भोकभोकै मर्नु परेको पीडादायक अवस्थाको प्रस्तुतिकरण कवितामा भएको छ । कतिपय मानिसहरू जीवन चलाउन श्रीमति गहना बेच्न वाध्य भएको विषय कवितामा प्रस्तुत गरिएको छ। कविता शार्दुलविक्रीडित छन्दमा संरचित छ ।

### ४.५.९६ गौमाता

प्रस्तुत कवितामा हिन्दू धर्मको पूजा गर्ने प्राणी गाईलाई माताकारूपमा प्रस्तुत गरिएको छ ।सबै मानिसहरूलाई पवित्र बनाउने गोमाताको जन्मने र मर्ने समयमा उतिकै भूमिका निर्वाह रहने धारणा अघि सादै गाई मार्ने प्राणी प्रवृतिको विरोध गरिएको छ ।वोधगम्य भाषाशैलीमा संरचित प्रस्तुत कविता संस्कृतिपरक रहेको छ ।

### ४.५.९७ खोटोलिई तबिदर

प्रस्तुत कवितामा सवारी साधनको अनियमित प्रयोगका कारण सर्वेसाधरण जनताले अकालमै ज्यान गुमाउन पुगेको र सरकारले कुनै उपयुक्त कदम नचालेकोप्रति व्यङग्य गरिएको छ । कविता शार्दुलविक्रीडित छन्दमा संरचित छ ।

### ४.५.९८ हामी ज्युदोप्रेत

प्रस्तुत कवितामा भूतप्रेत सम्बन्धी विचारहरू विकसित राष्ट्रहरूमा समेत रहेको भन्दै यसको रहस्यका बारेमा बुझ्न आग्रह गरिएको छ भने आफूले कविता लेखेर राजनैतिक क्षेत्रका ज्युदाँप्रेतहरू मार्ने प्रयास गरेको विचार कविले अघि सारेका छन ।अनुप्रासियताले कथनमा कलात्मकता थपेको देखिन्छ ।

### ४.५.९९ दुई कविता

प्रस्तुत कवितामा महाभारतमा वर्णित कृष्णका स्रोहहजार रानीहरू केवल काल्पिनक भनेर आरोप लगाउनु मिथ्या भएको धारणा अघि सारिएको छ ।महाभारतमा भएको कृष्णकथामा भ्रम नभएर सही रहेको विचार कविको रहेको छ ।

### ४.५.१०० कालो गराई मुख

प्रस्तुत कवितामा भारतले २०४६ सालमा गरेको नाकबन्दीका कारण सर्वेसाधरण जनताले दुख पाएको विषयवस्तु प्रस्तुत गरिएको छ । कालोमुख लगाएर आधारभूत सामाग्रीप्राप्तिका लागि लाइनमा बस्नुपर्ने दुखद परिस्थितिले सामाजिक जनजीवन कष्टकर बनेको विषयवस्तु

कवितामा प्रयोग गरिएको छ ।शब्दालङ्कारिक कथनले युक्त प्रस्तुत कवितामा शार्दुलविक्रिडित छन्दको प्रयोग गरिएको छ ।

### ४.५.१०१ रोएर बस्ने यसै

प्रस्तुत कवितामा समेत नाकाबन्दीले सर्वेसाधरण जनताको जीवन कहालीलाग्दो बनेको विषय प्रयोग गरिएको छ । यस अवस्थामा राजाले शीघ्र सही कदमचाल्नु पर्ने धारणा अघि सारिएको छ ।

### ४.५.१०२ भाऊ छ आकाशमा

प्रस्तुत कवितामा पूर्ववत कविताजस्तै नाकाबन्दीका कारण बडादशैका अवसरमा समेत भाउ आकासिएको कारण निमुखा जनताले कष्टकर जीवन बेहोर्नु पेरेको विचार प्रस्तुत गरिएको छ ।

### ४.५.१०३ हे धर्मपत्नी सुन

प्रस्तुत कविता संबोधनात्मक शैलीमा संरचित छ । महगीले उचाइ लिएको कारण ठूलाचाडबाडमा जनताले भोग्नुपरेको पीडालाई कवितामा अघि सारिएको छ ।

### ४.५.१०४ साइकल सिक्ने गर

प्रस्तुत कवितामा विकसित राष्ट्रहरू कसरी धनी भएका छन र नेपाल किन गरीब भएको छ भनेर प्रश्न गर्दै विकसित मुलूकका ठूलाहरू पनि साइकल चढेर हिडने गरेको तर राम्रो देशका नेताहरू भने मंहगो गाडी चढेर असुहाँउदो भएको भन्दै साइकल देशको सम्पति जोगाउन अनुरोध गरेका छन । आज्ञार्थक वाक्य संरचनाले कविता निकै सुन्दर बनेको छ ।

### ४.५.१०५ चौतर्फी कालो धन

प्रस्तुत कवितामा देश गरिबीको अन्धकारमा फसी रहेका बेला यहाँ नेताहरू भने अनैतिकरूपमा कालो सम्पति लुकाउन उदृत रहेको भन्दै उक्त कालो धन पता लगाएर निमुखा जनताको जीवनस्तर उकास्न प्रयोग गरिनु पर्ने धारणा अघि सारिएको छ ।

### ४.५.१०६ मुटु काम्दछ थरथरी

प्रस्तुत कवितामा कविले देशको मंहगीका कारण मुटु थरथरी काम्ने गरेको विषय अघि सारेका छन । वामपन्थीहरूका कारण देशको समग्र अर्थ व्यवस्था विग्रन लागेको विचार समेत कविले कवितामा प्रस्तुत गरेका छन ।प्रस्तुत कवितामा आफना आाशावादीस्तरलाई कविले आकर्षक भाषिक विन्यासका साथ प्रस्तुत गरेका छन ।

### ४.५.१०७ कविता पनि बोल्दछ

प्रस्तुत कवितामा नगरपालिकाहरूमा भएका विकृतिका कारण सर्वेसाधरण जनताले भोग्नु परेका पीडालाई विषयवस्तु बनाइएको छ ।त्यसैगरी राजनैतिक खिचातानीले सामाजिक जनजीवन कहालीलाग्दो बनेको विचार कवितामा आएको छ । कारुणिक सिर्जना गर्ने सफल प्रस्तुत कवितामा आहत मानसिकता व्यक्त गर्न सफल भाषाको प्रयोग गरिएको छ ।

### ४.५.१०८ धुम्रपान निषेध

प्रस्तुत कविता धुम्रपान कदापि लाभदायक नहुने विचार प्रस्तुत गर्न आएको छ । धुम्रपान ग्रहण गर्दा अरुलाई पनि यसले असर गर्ने भएकाले यसको निषेधमा सबै लाग्नु पर्ने विचार प्रस्तुत गरिएको छ भने कविताको भाषाशैली सर्वसंवेध र कलात्मक रहेको छ ।

### ४.५.१०९ सम्भी ऊनै माधव

प्रस्तुत कवितामा तत्कालिन नेकपा एमालेका महासचिव माधवकुमार नेपाललाई प्रजातन्त्रप्रति आफनो आस्था प्रकट गरी त्यसलाई व्यवहारमा उर्तान आग्रह गरिएको छ ।शार्दुलविकिडित छन्दमा संरचित कविता लघुआयाममा रचना गरिएको छ ।

### ४.५.११० चन्दा लिनु लौनन

प्रस्तुत कवितामा नेपालमा २०५० सालमा आएको भीषणबाडी पहिरोको कारण ठूलो क्षति भएको र बाढी पीडितहरूलाई चन्दा दिएर राहत पु-याउनु पर्ने विचार प्रस्तुत गरिएको छ । कविता शार्दुलविक्रीडित छन्दमा संरचित कविताले कारुणीक अवस्थाको सचित्र चित्रण गरेको छ ।

### ४.५.१११ चुलुम्म भै जाममा

प्रस्तुत कवितामा नेपालका ट्राफिक प्रहरीका व्यवहारको विरोध गरिएको छ । ट्राफिक नियमको परिपालन नगर्दा सर्वसाधरण जनताले भोग्नु परेको दुखद जीवनको चित्रण कवितामा गरिएको छ ।

### ४.५.११२ हो ब्रज तेरो मन

प्रस्तुत कविता २०४९ सालमा नेपालमा आएको प्लेन दुर्घटनाले गर्दा निम्तिएको दुखलाई प्रस्तुत गरिएको छ । उक्त घटनामा मरेका देशी विदेशीहरूका परिवारप्रति समेवदना प्रकट गर्दै कालरूपी बज्रले सृष्टिको क्षमतालााई नष्ट गरेको धारणा कविले अघि सारेका छन ।

## ४.५.११२ टेढो छ यो आँगन

प्रस्तुत कवितामा तत्कालिन समयमा तेलको मंहगीले देशमा निम्ताएको दुखद परिस्थिति र जनताले भोग्नु परेको दुखलाई विषयवस्तु बनाइएको छ ।सविधान बनेर पनि जनता पुरानो कहालीलाग्दो कष्टकर जीवन जीऊन वाध्य भएको विषय कवितामा प्रस्तुत भएको छ ।

## ४.५.११४ खुट्टा भाँचिन्छ कि

प्रस्तुत कवितामा सविधान बने पनि जनताको जनजीवनमा भने कुनै सुधार नआएको विषयवस्तु प्रस्तुत गरिएको छ । अस्पताल सडकलगायतका क्षेत्रमा विकास नभएको भन्दै जनताका समस्या जस्ताको तस्तै रहेको धारणा कवितामा प्रस्तुत गरिएको छ

## ४.५.११५ धेरै पुगे स्वर्गमा

प्रस्तुत कविता सवारीसाधनले निम्त्याएको दुर्घटनासंग सम्बन्धित छ । सवारी दुर्घटनामा कारण धेरै मानिसले नेपालमा ज्यान गुमाउन पुगेको विषयवस्तु अघि सारिएको छ ।सवारी साधनको अनियमित चलाऊदा मृत्युवरण गरेका आत्माप्रति श्रदाञ्जलीसमेत कविले प्रकट गरेका छन ।

## ४.५.११६ कविजीको अमेरिका यात्रा

प्रस्तुत कवितामा अमेरिका भ्रमण गर्दा प्राप्त गरेका अनुभूतिहरूलाई कविले प्रस्तुत गरेका छन ।अमेरिकामा जतिसुकै सुखसयलका साधन भएपनि नेपालकै पाखापखेरीमा आफू रमाउने धारणा व्यक्त गर्दै देशभक्तिपूर्ण भावना व्यक्त गरेका छन ।

## ४.५.११७ टुटदै गयो धैर्यता

प्रस्तुत कवितामा नेपाली कृषकहरूका कृषिकार्यमा कुनै लगानी नगर्दा समस्याहरू निम्तिएको विचार कवितामा अघि सारिएको छ । कृषिक्षेत्र लगानी गर्न उदासिन नबनी अघि बढन सरकारलाई कविको अनुरोध कवितामा रहेको छ ।

## ४.५.११८ २०४५ साल दशै शुभकामना

प्रस्तुत कवितामा २०४५ सालको दशैलाई अवसर बनाएर देशमा फैलिएको दुर्गति सुधार्ने अवसर सिर्जना होस भनेर कविले शुभकामना व्यक्त गरेका छन ।देशको अलाभदायक परिस्थितिलाई बिजुलीजस्तै प्रतापी बनेर भगवती हटाउने आशा व्यक्त गदै देशका समग्रक्षेत्रमा शुभकामना व्यक्त गरिएको छ ।

### ४.५.११९ कविको कामना

प्रस्तुत कविता पनि पूर्ववत कविताजस्तै २०४५ सालतिर बडादशैको अवसरमा सुखसमृदिको कामना गरिएको छ ।नेपाली राजनीतिको बिग्रेको टहरो बनाउने उपयुक्त मार्ग खोल्न शक्ति सिर्जनाहोस भनेर दुर्गामातासंग कविले प्रार्थना गरेका छन । कवितामा शार्दुलविकीडित छन्दको प्रयोग गरिएको छ ।सरल, सहज र संबोध्य भाषाशैलीको प्रयोगमा कविता उपस्थित रहेको छ ।

### ४.५.१२० नयाँवर्ष २०४८ सालको शुभकामना

प्रस्तुत कवितामा २०४८ सालको सुअवसरमा देशको तरल राजनीतिको सही व्यवस्थापन र उन्नतीहोस भन्ने कामना व्यक्त गरिएको छ ।लघु आयाममा संरचित प्रस्तुत कविता शार्दुलविकीडित छन्दमा रहेको छ ।

### ४.५.१२१ आशीर्वाद देऊ

प्रस्तुत कविता २०४८ सालको बडादशैका सुअवसरमा सिर्जना भएको हो । देशको मंहगीले तरल अवस्था सिर्जना गरेको भन्दै दुर्गाभवानीसंग यस्तो परिस्थितिको अन्त्यहोस र सबैतिर खुशीयाली छाउन सकोस भन्ने शुभकामना व्यक्त गरिएको छ ।पङक्तिद्धयमा संरचित प्रस्तुत कविता प्रसादगुणाभिव्यञ्जक वर्णको प्रयोगमा संरचित छ ।

### ४.५.१२२ शुभकामना

प्रस्तुत कविता २०४९ सालको बडादशैका अवसरमा सिर्जित कविता हो । पञ्चायती शासनलाई महिषासुर दानवका रूपमा प्रस्तुत गरिएको यस कवितामा शिशु प्रजातन्त्रको रक्षा गर्दै अघि बढने क्षमता सिर्जना गर्ने शकित्त दुर्गामातासंग मागेका छन भने शहिदको रगतको सम्झनासमेत कवितामा गरिएको छ ।

### ४.५.१२३ चोखो छ शुभकामना

प्रस्तुत कवितामा २०४८ सालमा प्रधानमन्त्री बनेका गिरिजाप्रसाद कोइरालाको अपार त्यागका कारण उनी सत्तामा पुगेको भन्दै जनताका पक्षमा काम गर्ने क्षमता आओस भनेर कविले कामना गरेका छन । कविता शार्दुलविकीडित छन्दमा रचना गरिएको छ ।

### ४.५.१२४ दीपावली महावली

प्रस्तुत कविता २०४९ सालको दीपावलीसंग सम्बन्धित छ । पञ्चायती व्यवस्थाका कुकृत्यहरूको सम्झना गर्दै तिनका केही अवशेषहरू अझै विद्यमान रहेको भन्दै ती समेत

हटेर यसपछिका सम्पूर्ण दिनहरू जनताका लागि दीपावली बन्न सकून भन्ने धारणा कविको रहेको छ ।

## ४.५.१२५ दीपावली पञ्चक

प्रस्तुत कविता पनि पनि पूर्ववत कविजस्तै २०४९ सालको दीपावलीसंग सम्बन्धित छ । शिशु प्रजातन्त्र रक्षा गर्ने क्षमता यस अवसरमा आओस भन्दै शुभकामना व्यक्त गरिएको छ

## ४.५.१२६ मनाऊ दीप उत्सव

प्रस्तुत कविता २०४९ सालको दीपावलीकै सेरोफेरोसंग गाँसेर हेरेका छन कविले । कविले दीपावली र जनआन्दोलनको तुलना गर्दै यो दीपावलीले जनआन्दोलनले स्थापित गरेका उपलब्धीलाई रक्षा गर्न साहस प्रदान गरोस भन्ने कामना गरेका छन ।

## ४.५.१२७ मनाऊ दीप उत्सव

प्रस्तुत कवितासमेत पूर्ववत कविताजस्तै तिहारको विषयमा संरचित छ । दीपावलीका अवसरमा सम्पूर्णमा सुख शान्ति, छाओस भनेर शुभकामना व्यक्त गर्ने कार्य कविले सरल र सहज माधुर्यव्यञ्जक भाषाशैलीका माध्यमबाट गरेका छन ।

## ४.५.१२८ नववर्ष शुभकामना

प्रस्तुत कवितामा २०४९ सालको नववर्षसंग सम्बन्धित छ । आन्दोलनबाट प्राप्त उपलब्धीलाई जोगाउने शक्तिको बृदिहोस भन्दै विद्यार्थीवर्गलाई एकापसमा झगडा नगरी अघि बढनसक्ने सार्मर्थ्य पैदाहोस भन्ने शुभकामना कवितामा व्यक्त गरिएको छ । शार्दुलविक्रिडित छन्दमा संरचित प्रस्तुत कविताको भाषाशैली निकै आर्कषक रहेको छ ।

## ४.५.१२९ नयाँ वर्ष

प्रस्तुत कविता २०५० सालको नयाँ वर्षसंग सन्दर्भित छ । प्रस्तुत कवितामा राजनीतिभित्र भित्रिएको उथलपुथल गतिविधिको सही अन्त्य हुने अवसरको सिर्जनाहोस भन्ने शुभकामना शार्दुलविकीडित छन्दमा काव्यात्मक भाषाशैलीमा प्रस्तुत गरिएको छ ।

## ४.५.१३० तारा सरी चम्किला

प्रस्तुत कवितामा नेपालको हरेक क्षेत्रको विकासका निम्ति सहयोग गर्ने राष्ट्र बेलायतले गरेको सहयोगका कारण नेपाली जनताले धेरै राहत पाएको र विभिन्न रोजगारीका अवसरहरू सिर्जना भएको विषयलाई प्रस्तुत गरिएको छ । यस्तो मित्र राष्ट्रलाई कहिल्यै भुल्न नसकिने विचार कविले व्यक्त गरेका छन ।

## ४.५.१३१ दीप ज्योति नमोः नमः

प्रस्तुत कविता २०४५ सालको दीपावलीसंग सम्बन्धित छ । दीपावली हाम्रो संस्कृतिको महान पर्व भएको र जीवनका सम्पूर्ण दुखलाई शक्तिमा परिवर्तन गर्न यो पर्व सक्षम रहेको भन्दै सारा देशका समस्याहरूलाई सुल्झाउने सही परिवेशको निर्माण गर्ने अवसर यस पर्वले सिर्जना गरोस भन्ने विचार कवितामा अघि सारिएको छ । कविता शार्दुल विक्रीडित छन्दमा संरचित छ ।

### ४.५.१३२ गम्भीर झै धैर्यले

प्रस्तुत कविता नेपालको अस्तव्यस्त राजनीतिको चित्रण गर्ने सफल छ । ठूला राजनीतिक दलका खिचातानीका कारण सानादलले राजनीतिक हाँकने अवसर प्राप्त गरेको र अबसचेत भई धैर्यताका साथ सरकारको नेतृत्व गर्ने सूर्यबहादुर थापालाई अघि बढने क्षमताको बृदिहोस भनेर शुभकामना दिइएको छ ।

### ४.५.१३३ संविधान दिवस

प्रस्तुत कविता संविधान दिवससंग सम्बन्धित छ । ठूलो त्याग र तपस्या गरेर प्राप्त गरेको प्रजातन्त्रप्रेमी सविधान जोगाउन सबै लाग्नु पर्ने धारणा काव्यात्मकता र आर्कषकताका साथ आएको छ भने संविधान दिवसलाई भव्यताका साथ सफल पारी सदायसलाई बढावा दिनुपर्ने विचार कवितामा प्रकटीकृत गरिएको छ ।

### ४.५.१३४ किसुनजीले बोले

प्रस्तुत कविता कृष्णप्रसाद भट्टराईदारा अभिव्यक्त सन्देशसंग सम्बन्धित छ । गान्धीवादबाट प्रभावित उनको सन्देश सदा अनुकरणीय बन्न सकोस भन्ने विचार समेत प्रस्तुत गरिएको छ ।

### ४.५.१३५ हे दुर्गा विजया

प्रस्तुत कविता २०५२ सालको बडादशैसंग सम्बन्धित छ । दुर्गामाताले महिषासुर राक्षसलाई परास्त गरेर विजयप्राप्त गरेको सन्दर्भलाई प्रस्तुत गरी देशमा व्याप्त अन्याय, अत्याचार राक्षसी प्रवृतिको द्योतक भएकाले विरोध गरिएको छ । नेपालमा विद्यमान राक्षसी प्रवृतिको अन्त्य गरी सही व्यवस्थाको आरम्भ गर्ने शक्ति दुर्गामाताले दिऊन भनेर कविले कवितामा विषयवस्तुको रूपमा प्रयोग गरेका छन ।

### ४.५.१३६ आदर्श तिहारमा

प्रस्तुत कविता २०५२ सालको शुभदीपावलीसंग सम्बन्धित रहेको छ । लक्ष्मीमाताले देशमा व्याप्त गरिबी हटाउन उपयुक्त बाटो देखाउन भन्ने विचार कवितामा अघि सारिएको छ । आलंकारिक भाषाको प्रयोग गरिएको कविता निकै वजनदार र सरस बनेको छ । पूर्ववत कविताजस्तै दीपावली सुन्दरहोस भन्ने कविताको चाहना रहेको छ ।

### ४.५.१३४ बाँची रहौ हर्षले

प्रस्तुत कविता २०५५ सालतिरको नयाँवर्षसंग सम्बन्धित रहेको छ ।देशमा व्याप्त भष्ट्रचारले छाएको माओवादी युदले विस्तार पाऊदै गएका कारण तरल परिस्थिति सिर्जना भएको अब नयाँ वर्षले नयाँ सन्देश दिई सही बाटो पक्रने अवसर सिर्जनाहोस भन्ने कामना गरिएको छ । हाम्रो नयाँ वर्षमा शीर्षकको कवितालेसमेत पूर्ववत कविताजस्तै एउटै समय र सन्दर्भलाई संकेत गरेको छ ।

### ४.५.१३८ कविता गदैछ श्रदार्पण

प्रस्तुत कवितामा मदन भण्डारीको असमायिक निधनलाई विषयवस्तु बनाइएको छ । उनको निधन कसरी भयो भन्ने केही जानकारी दिदै उनी नहुदाँ माझी बिनाको नाऊ झै भएर जनता शोकमा डुबेको विचार कविको छ । उखानको प्रयोग गरिएको प्रस्तुत कविता निकै कलात्मक र संवोध्य रहेको छ ।पुज्य नेता निकै बनी कविता पनि पूर्ववत कवितामा प्रयुक्त विषयवस्तुकै सेरोफेरोमा संरचित छ ।

### ४.५.१३९ प्रख्यात जन्मोत्सव

प्रस्तुत कविता विश्वेश्वरप्रसाद कोइरालाको जन्मोत्सवका अवसरमा सिर्जित छ । नेपाली राजनीति र साहित्यमा निकै ख्याति कमाउन सफल विश्वेश्वरप्रसाद कोइरालाको अविस्मरणीय व्यक्तित्व रहेको विचार अघि सारिएको छ ।

### ४.५.१४० आशीष बकस्योस

प्रस्तुत कविता २०५६ सालको बडादशैका अवसरमा सिर्जित भएको हो ।दुर्गामातालाई विश्वकी सष्ट्राका रूपमा प्रस्तुत गर्दै देशमा व्याप्त सरकार र माओवादीबीचको दन्द अन्त्य भई देशमा व्याप्त सरकार र माओवादीबीचको दन्द अन्त्य भई देशमा शान्ति कायमहोस भन्ने विचार अगाडि सारिएको छ ।

### ४.५.१४१ धोका दिदै छ दैवले

प्रस्तुत कवितामा देशको वाहक राजनैतिक शक्तिमा आएको टुटफुटले देशको भविष्यमा नराम्रो संकेत दिने बताउदै फुटेर होइन जुटेर देश बचाउने कार्यमा अघि बढन अनुरोध गरिएको छ ।

### ४.५.१४३ शुभकामना

प्रस्तुत कवितामा देशमा आन्तरिक दन्दका कारण नेपाली जनताले दुख र सास्ती बेहोर्नु परेको भन्दै यस्तो संकटपूर्ण घडिमा शान्ति छाओस भन्ने शुभकामना कविले व्यक्त गरेका छन ।

### ४.५.१४३ दिदैछौ शुभकामना

प्रस्तुत कवितामा वामपन्थी पार्टीको विभाजनको प्रसंग अघि सादै लोकतन्त्रको पक्षधर काँग्रेसको भातृसंस्थाले विद्यार्थी निर्वाचनमा पाएको सफलताले अझ दिगो लोकतन्त्रका लागि लडने तागत सिर्जना गर्न सफल हुने शुभकामना कविले कवितामार्फत दिएका छन ।

### ४.५.१४४ पिताजी लोकतन्त्रका

प्रस्तुत कवितामा प्रजातन्त्रका हिमायती गणेशमान सिंहको व्यक्तित्वलाई सम्झना गरिएको छ । उनलाई महान जनताका पिताकारूपमा प्रस्तुत गर्दै उनको क्षतिले अतुलनीय घाटा भएको कविको विचार व्यक्त गरिएको छ ।

### ४.५.१४५ विपीलाई श्रदाञ्जली

प्रस्तुत कवितामा प्रजातन्त्रका महान अनुनायी विपीप्रति श्रदाञ्जली व्यक्त गरिएको छ । सत्रौ वर्षको पुण्यतिथिमा विपीका स्मरण गर्दै भोका , नाङ्गा र दुखी पक्षपाती उनको आत्माले सदा शान्ति पाओस भन्ने कामना गरिएको छ ।

### ४.५.१४७ डरलाग्दो भयङ्कर

प्रस्तुत कवितामा २०५८ सालमा राजा विरेन्दको मृत्युको दुखद घडीलाई विषयवस्तु बनाइएको छ । देश र जनता भनेपछि सदा हुरुक्क हुने राजाको अन्त्यले सारा नेपालीमा दुख छाएको घटनालाई मार्मिक भाषाशैलीमा व्यक्त गरिएको छ ।

## ४.६ निष्कर्ष

कविताको कुम्लो वामदेव पण्डितका कवितायात्राको पछिल्लो कवितासंग्रहको रुपमा परिचित छ । प्रस्तुत कविता सङग्रहमा सङग्रहित कविताहरूमार्फत कविले समसामयिक विषयमाथि व्यङ्गयवाण प्रहार गरेका छन । समसामयिक युगको प्रवाहलाई सरल र सहज ढङमा

अभिव्यक्ति दिएका कविले प्रजातन्त्र र लोकतन्त्रप्रतिको अगाध आस्था र विश्वासको प्रकटीकरण कविले गरेका छन । राजनैतिक, सामाजिक, शुभकामना, श्रदाञ्जली भनेर वर्गीकरण गरेर कवितालेखेपनि प्राय सबै कवितामा समसामयिक युगवोधको प्रकटीकरण भएको पाईन्छ । राणाकालिन समय र पञ्चचायती व्यवस्थामा नेपाली धेरै दुख पाएको र त्यसका विरोधमा प्रजातन्त्रप्रेमी  राजनैतिक नेतृत्वसंग सम्बन्धित व्यक्ति र जनतालाई आन्दोलनमा उत्प्रेरित गर्ने कवि सक्षम बनेका छन । अधिकार,स्वतन्त्रता, सार्वभौमिकता, मौलिक हकका पक्षमा उनका कविताहरू खम्बा बनेर  आएका छन भने प्रजातन्त्र प्राप्ति पछि यसलाई सही सदुपयोग गरी अघि बढन हरेक समय कवि सुझाव र सल्लाह प्रदान गर्ने पुगेका छन । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा  देखापर्ने अनेकौं घटनाहरूका  सहज चित्रणका दस्तावेजका रुपमा उनका यस सङग्रहका कविताहरू सबल रहेका छन । प्रस्तुत कविता सङग्रहमा  सङगृहित कविताहरूको भाषिक विन्यास सरल, सहज,र सुवोध्य रहेको छ । अनुप्रासिय कथनको  आधिक्यताले काव्यात्मक सौन्र्दय वृदि भएको छ भने शब्दालंकार र अर्थालंकारको प्रयोगले कविताहरू लयात्मक बन्न पुगेका छन । अनुप्रास, श्लेष, लगायतका शब्दालंकार र उपमा, रुपक, अपन्हुति, सामान्य, अर्थान्तर लगायतका अर्थालंकारको प्रयोगमा  कविताहरू सिर्जित छन । कतिपय कविताहरूमा प्रतिकात्मक, र बिम्बात्मक कथनले वोधगम्य गुढार्थको प्रकटीकरण समेत देखिन्छ । विषयवस्तु अनुसार कतिपय कवितामा  मार्धुय, व्यञ्जन वर्णहरूको प्रयोगमा मार्धुयगुण, कतिपय कवितामा ओजगुण सापेक्ष व्यञ्जनहरू वर्णहरूको प्रयोगमा ओजगुण कतिपय कवितामा  अर्थग्रहणमा जटिलता नभएका प्रसाद गुण अनुरुपका वर्णहरूको प्रयोग भएको पाईन्छ । कविताको शैली र भाव सरल रहेको छ भने वर्णनात्मक शैलीको सेरोफेरामा कविता घुमेका छन । कवितामा उखान र टुक्काहरूको प्रयोग भावसापेक्षी भएको देखिन्छ । कारुणिक भावसिर्जना गर्ने सन्र्दभमा प्रयुक्त भाषा सान्र्दभिक सार्थक देखिन्छ ।समग्रमा कतिपय सीमा वा दुर्बलपक्षहरू रहेपनि प्रस्तुत सङग्रहमार्फत कविले जे अभिव्यक्त गर्न चाहेका छन,त्यसको प्रकटीकरणमा कवि सक्षम छन भन्न सजिलै सकिन्छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

वामदेव पण्डितको जन्म वि.सं. १९७३ असार १६ गते तनहुँ जिल्लाको क्रियापानी भन्ने सुन्दर तथा हरियाली वातावरणमा भएको भएको थियो । ज्योतिष,लेखापढी तथा कृषि व्यवसाय गर्ने पिता झलप्रसादका तीनवटी पत्नीमध्ये काशीकुमारीका कोखबाट वामदेव जन्मेका हुन । पण्डितको बाल्यकाल बाबुआमा , दिदीबहिनी, दाजुभाइको असल निर्देशनमा रमणिय वातावरणमा बिताएको पाईन्छ । घरमै धुलौटो र बाँसका सुत्लामा कखरा सिकेर वेद, उपनिषद, गीता, कौमदी, लघुसिदान्त आदि ग्रन्थको अध्ययन पश्चात भने १४ वर्षको उमेरमा काठमाडौँ आएर औपचारिक अध्ययन गरेका थिए । पाँच महल ऐन जस्तो तत्कालीन समयमा उच्च तह मानिने औपचारिक शिक्षा हासिल गरेका उनले न्यायालयमा कारिन्दा तथा अधिकृतको श्रेणीमा सरकारी जागिर खाएर जीवन यापन गरेको पाईन्छ। हिन्दू धर्मको अनुशरण गर्ने ब्राम्हण परिवारमा जन्मिएका उनले वैदिक विधि अनुसारको उपनयन नौ वर्षमा गरेको ३ वर्ष पछि विवाह पनि वैदिक विधि मै गरका हुन। यसपछि बाबुको विडो थाम्दै अरु दुईवटा गरी तीन विहे गरेका उनले जीवन भोगाइमा राजनैतिक झुकावलाई प्राथमिकता दिँदै वि.सं. २००२ मा जागिरलाई राजिनामा दिएका हुन । २००५ सालमा औपचारिक रूपमा नेपाली काङ्ग्रेस पार्टीमा समर्पित भई राजनैतिक जीवन बिताउन थालेका पण्डितले वि.सं. २००७ को क्रान्तिमा होमिने, त्यस पश्चात् तनहुँमा जनसरकार स्थापना गरी वरिष्ठ सहायक न्यायमन्त्रीको पद सम्हाल्ने तथा वि.सं. २००८ देखि २०१५ सम्म जिल्ला सचिव भइ काम गरेका थिए ।

पण्डितले २०१७, २०३६, २०४२ तथा २०४६ का नेपाली राजनैतिक आन्दोलनमा ने.का.पार्टीको तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरको पाइन्छ ।वामदेव पण्डितले आफ्नो जीवनमा साहित्य सिर्जना, समाज सेवा, सरकारी सेवा, राजनीतिजस्ता क्षेत्रमा कार्य गरेका भए पनि उनका प्रकाशित कृतिहरू भने साहित्यिक सृर्जनासँग सम्बन्धित रहेका मात्र छन् । उनले आफूलाई १२-१३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा संलग्न गराएका थिए भने यो संलग्नता कविता विधाबाट भएको थियो । हालसम्म पनि उनको सृजन प्रतिभा कविता विधाबाटै अभिव्यक्त भएको देखिन्छ । यसैले पनि उनका प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । वि.सं. २०३१ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको चन्द्र भ्रमण शीर्षकको काव्यकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसै गरी पण्डितले वि.सं. २०३१ मा नै 'ब्रम्हाण्ड भित्र' कवितासङ्ग्रह पनि प्रकाशित गराएका छन् जसमा पन्ध्रवटा फुटकर कविताहरू सङ्कलित छन् । वामदेव पण्डितको अर्को प्रकाशित कृति 'हाम्रा पूर्वज' हो । खण्डकाव्यात्मक आयाममा रहेको यो कृति पण्डितहरूकै

पूर्वजको व्याख्या गरिएको वंशावलीको रूपमा रहेको छ । यो कृति वि.सं. २०४० मा प्रकाशित भएको थियो । उनले परिमाजात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सृजनाहरू भनेका फुटकर कविता हुन् । उनका यी कविताहरू विभिन्न समयमा नेपाल पुकार, राष्ट्र पुकार, जन्मभूमि, विश्वदूत, विमर्श, जनस्वतन्त्रता, पुर्जागरण, देशान्तर, सुरुचि, चक्षु, गोरखापत्र, कान्तिपुर, मातृभूमि, प्रवाह, राष्ट्र सन्देश आदि पत्रिकामा छापिएका छन् । विभिन्न समयमा छापिएका र छरिएर रहेका ३०० भन्दा बढी सङ्ख्यामा रहेका यी कवितालाई सङ्कलन गरी उनले वि.सं. २०६० मा कविता सङ्ग्रह नै तयार गरेका छन् जुन 'कविताको कुम्लो' शीर्षकमा रहेको छ पण्डितकका  प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । वि.सं. २०३१ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको चन्द्र भ्रमण शीर्षकको काव्यकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसै गरी पण्डितले वि.सं. २०३१ मा नै 'ब्रम्हाण्ड भित्र' कवितासङ्ग्रह पनि प्रकाशित गराएका छन् जसमा पन्ध्रवटा फुटकर कविताहरू सङ्कलित छन् । वामदेव पण्डितको अर्को प्रकाशित कृति 'हाम्रा पूर्वज' हो । खण्डकाव्यात्मक आयाममा रहेको यो कृति पण्डितहरूकै पूर्वजको व्याख्या गरिएको वंशावलीको रूपमा रहेको छ । यो कृति वि.सं. २०४० मा प्रकाशित भएको थियो । उनले परिमाजात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सृजनाहरू भनेका फुटकर कविता हुन । यसरी हेर्दा वामदेव पण्डितका प्रकाशित कृतिहरूमा चन्द्रभ्रमण ब्रम्हाण्डभित्र, हाम्रा पूर्वज र कविताको कुम्लो गरी चारवटा पुस्तकाकार कृतिहरू रहेका छन् भने यिनका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि कविता कृतिहरू प्रकाशित भएका छन् ।

आफ्नो दुःख सुख हेर्ने पत्नी तथा अल्पायुमा जेठो छोरा गुमाउनु पर्दाको वियोगसमेत सहदै गरेका उनले जीवनमा राजनीति, सरकारी सेवा, समाजसेवा तथा साहित्य सिर्जनाको कार्य गरेका छन । करिब २० वर्षको उमेरदेखि कविता विधाबाट साहित्यको सिर्जना गर्ने उनले २०३१ सालदेखि देश-विदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित रचनाका अतिरिक्त 'चन्द्र भ्रमण', 'ब्रम्हाण्ड भित्र', 'हाम्रा पूर्वज' तथा 'कविताको कुम्लो' गरी चार पुस्तकाकार कविताकृति रहेका उनका अन्य अप्रकाशित कृतिसमेत रहेका छन । उपदेश, सूचना, कला अनि मान्छेको आवश्यक तत्व मान्ने उनले देश विदेश भ्रमण गर्ने तथा विभिन्न सम्मान-पुरस्कार प्राप्त गर्ने अवसर पनि पाए । जीवनलाई एक रहस्य र अवसर मान्ने पण्डित आफ्नो ९५ वर्षको उमेरमा संसार हेर्दै दैनिकी गरिरहेका छन् । आफ्ना कविता सिर्जनाबाट कविको रूपमा स्थापित पण्डित साहित्य सिर्जनाको कारण मात्र नभएर विद्वान व्यक्तित्व, राजनीतिक, वृद्ध आदि आधारमा पनि सबैका प्रेरणाका स्रोत तथा सम्मानित व्यक्तित्वका रूपमा रहेका छन् ।वामदेव पण्डित औषत नेपालीको उचाइ भएका व्यक्ति हुन् । ९५ वर्ष काटिसकेका वृद्ध उनका दाह्री जुँगा सेतै फुलेका छन् भने कपाल र आँखीभौँमा केही फुल्न बाँकी रौहरू रहेका

छन् । शरीर सुहाउँदो मोटाइ, सफा पहिरन र आसनमा रहने उनी धीर, गम्भीर र स्वाभिमानी देखिन्छन् । हाँसेर बोल्ने, साना-ठूला सबैलाई माया दिने, कसैलाई बोली व्यवहारद्वारा हेप्ने र ठग्ने गर्दैनन् । मधुर स्वर, प्रष्ट बोली तथा नम्र व्यवहारले अरुलाई छिटै सामीप्यको अनुभूति गराउन सक्ने खुवी उनमा रहेको छ ।जसका छोरा उसको धन, जसमा भैसी उसको वन' भन्ने उखान आज पनि नेपालीहरूबाट त्यति टाढा पुगेको छैन । अझ बहुविवाह भएका व्यक्तिको धेरै सन्तान हुनु स्वभाविक पनि हुन जान्छ । यसै अनुरूप तीनवटा विवाह गरेका वामदेव पण्डितका छोराछोरीको सङ्ख्या पनि थुप्रै रहेको पाइन्छ । आफ्ना तीनवटै पत्नीका कोखबाट सन्तान जन्मिए पनि ती सबैले लामो जीवन भोग्न नपाएको कुरा उनी बताउँछन् । वर्तमानमा उनीसँग रहेका सबै छोराछोरी भने उनका माहिली पत्नी देवकुमारी तर्फका मात्र रहेका छन् जसमा चार छोरा र चार छोरीको गृहस्थी रहेको छ ।

उनका छोराहरूमा जेठाछोरा बुद्ध पण्डित हुन् । नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट राजनीति गर्ने उनको ५३ वर्षको उमेरमा निधन भैसकेको छ । यसैगरी उनका माहिला छोरा गन्धी पण्डित वरिष्ठ वकिल हुन् । साहिला छोरा बालमूर्ति पण्डित रोनाष्टमा उपसचिव रहेका छन् । यसप्रकार आ-आफ्नो जीविकोपार्जन गर्दै रहेका उनका सबै छोराहरूका काठमाडौँ महानगरपालिका भित्र छुट्टा छुट्टै घर रहेका छन् ।छोरीहरूतर्फ जेठी छोरी भुवनेश्वरीको नवलपरासीमा कृषि व्यवसाय रहेको छ भने माहिली छोरी गोमाको बन्दिपुर डुम्रेमा वसोवास रहेको छ । यस्तै साहिली छोरी विजया र कान्छी छोरी निरजाको बसोवास काठमाडौँभित्र कोटेश्वरमा रहेको छ वामदेव पण्डित आफ्नो युवा अवस्थामा सँगैका अन्य साथी तथा दाजुभाइभन्दा धेरै पढेका विद्वान एवम् सचेत व्यक्तित्व हुन् । उनले न्यायजस्तो संवेदनशील क्षेत्रमा कार्य गर्नुका साथै देशविदेश भ्रमण गर्ने अवसर पनि पाएका छन् । जीवनका यी समयमा उनले एउटा सामान्य मान्छेले दैनिक जीवनयापन गर्ने सामान्य कार्यभन्दा उपल्लो स्तरमा कार्य पनि गर्न भ्याएका छन् जसलाई उनी राष्ट्रिय स्तरका राम्रा कार्य मान्छन् ।

वामदेवले वि.सं. २०५३ सालमा अमेरिका भ्रमण गर्ने अवसर पाएका थिए । आफ्नो छोरा गान्धीको अध्ययनको क्रममा भएको अमेरिकन वसाइँमा त्यहाँ पुगेका उनी त्यस समयभन्दा पहिलदेखि नै आफ्ना कविता-कृतिहरू भने अमेरिका पठाइ रहन्थे । उनका ती कविता-कृतिहरू अमेरिकाबाट प्रकाशित हुने नेपाली पत्रिकाहरूमा प्रकाशन हुने गर्दथे । यसैले उनी स्वयं त्यहाँ पुग्दा त्यहाँका पाठकको प्रिय बन्नुका साथै एउटा साहित्यिक कार्यक्रममा आतिथ्य ग्रहण गर्न पनि भ्याए । तर यो कार्यक्रममा भने कुनै वक्ताले नेपाली भाषाको प्रयोग गरेनन् साथै कार्यक्रमका व्यानर लगायतका सामग्री पनि अङ्ग्रेजी भाषामै लेखिएका थिए । पण्डितले त्यहाँ बोल्ने र कवितावाचन गर्ने अवसर पाउँदा नेपाली भाषाको प्रयाग नगरिएकोप्रति दुःख प्रकट गरे । यसपछि अमेरिकामा बस्ने ती नेपालीहरूले आँखा खुलेको

महसुस गर्ने मात्र होइन नेपाली भाषा नै प्रयोग गर्ने परम्परासमेत बसाए । उनले गरेको यो भाषा साहित्यको कार्यलाई उनी अन्तर्राष्ट्रिय स्तरको कार्य मान्दछन् ।

यसैगरी उनी न्यायालयमा सरकारी जागिरे हुँदा एकपटक ज्यान मुद्धाको आरोपमा थुनिएका छजना निर्दोष मानिसलाई छुटाउन एक्लैले प्रयास गरेर सफल भएका थिए र ती छजनालाई छुटाएका थिए । यस्तै उनको यो जागिरे समयमा गरेको निर्भिक, साहसपूर्ण र सही कार्यशैलीबाट प्रभावित भई एकपटक तत्कालीन प्राइममिनिस्टरले एक मुद्धा छानविनका लागि बोलाएका थिए । प्रतिकूल समयका बावजुद गरेका यस्ता साहसपूर्ण कार्यलाई उनी राष्ट्रियस्तरका कार्यका रूपमा लिन्छन् ।

यसरी वामदेव पण्डितले पनि आफ्नो जीवन भोगाइका क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कार्य गरेको पाइन्छ । कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित भएको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतःस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव तथा प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानवजीवनको हीत, उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ । वामदेव पण्डित पनि आफ्नो बाल्य अवस्था देखि नै साहित्यिक सिर्जनामा सक्रिय रही आएका छन् ।

पण्डितले आध्यात्मिक-धार्मिक प्रयोजनले पिताले घरमा राखेका रामायण, महाभारत आदि पुस्तकहरू भने उनले पढ्न पाए । तीक्ष्ण बुद्धि तथा पढाइमा रुचि भएका उनले ती ग्रन्थका श्लोकहरू कण्ठस्थ पार्थे । यही क्रममा १२-१३ वर्षको उमेरमा नै उनी गाउँघरमा हुने विवाह आदि समारोहमा श्लेख (शिलोक) वाचन गर्ने र त्यही काममा प्रतिस्पर्धा गर्ने मात्र होइन प्रसिद्धि पनि पाउन पनि थाले । यही कार्यले उनमा ग्रन्थ पढ्ने मात्र नभएर आफै नयाँ सिर्जना गर्ने हौसला पनि प्राप्त भयो । यसरी कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइदैन । आफ्नै रुचि र अध्ययनको प्रतिफलबाट प्राप्त भएको सिर्जनाको ऊर्जालाई घरपरिवारबाट साथ-सहयोग भने राम्रो पाएको देखिन्छ । यसप्रकार उनको काव्यिक झुकाव १२-१४ वर्षदेखि भएको भएपनि लेखनको प्रारम्भ भने करिब २० वर्षको उमेरदेखि भएको पाइन्छ । धार्मिक, पौराणिक, ऐतिहासिक, राजनैतिक तथा समसामयिक विविध विषयलाई आधार बनाएर कविता रचना गर्ने उनको पहिलो रचनाको यकिन त छैन नै त्यस पछिका थुप्रै रचना पनि हराएका तथा धमिराको आहारा बनेका छन् । यसप्रकार साहित्यिक क्षेत्रमा देखापरेका पण्डितको साहित्य सिर्जनाको क्षेत्र कविता रहेको पाइन्छ भने उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरू मार्फत २०३२ सालदेखि सार्वजनिक हुन थालेका हुन् ।

समग्रमा कवि वामदेव पण्डितको साहित्यक्षेत्रमा ४वटा कविता कृतिहरू प्रकाशित भएपनि थुपै अप्रकाशित रचनाहरू विलय भएको पाईन्छ । पण्डितकका प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । वि.सं. २०३१ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको चन्द्र भ्रमण शीर्षकको काव्यकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसै गरी पण्डितले वि.सं. २०३१ मा नै 'ब्रम्हाण्ड भित्र' कवितासङ्ग्रह पनि प्रकाशित गराएका छन् जसमा पन्ध्रवटा फुटकर कविताहरू सङ्कलित छन् । वामदेव पण्डितको अर्को प्रकाशित कृति 'हाम्रा पूर्वज' हो । खण्डकाव्यात्मक आयाममा रहेको यो कृति पण्डितहरूकै पूर्वजको व्याख्या गरिएको वंशावलीको रूपमा रहेको छ । यो कृति वि.सं. २०४० मा प्रकाशित भएको थियो । उनले परिमाजात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सृजनाहरू भनेका फुटकर कविता हुन् ।यिनै आधार मानेर काव्ययात्रामा देखिएका प्रवृतिलाई तीन चरणमा राखेर विभाजन गर्नु उपयुक्त रहेको छ ,

क) पहिलो प्रारम्भिक चरण १९८५देखि २०१७ सम्म

ख) दोस्रो चरण २०१८ देखि २०४६ सम्म

ग) तेसो चरण २०४७देखि हालसम्म

पहिलो चरण १९८५ देखि २०१७ सम्म कवितालेखनको प्रारम्भिक समयका रुपमा लिन सकिन्छ ।

शुरुवातको समयमा कविले विवाहमा गाऊने श्लोक, गीत, कविता गाएर लेखनको सुरुवात गरेको पाईन्छ । पहिलोचरणका कविताहरूको पाण्डुलिपि पुस्तककार कुनै फेला नपरेपनि कविले पहिलका चरणको कवितामा राणाशासनको अन्याय, अत्याचर,नेपाली काँग्रेसले राणाशासन फँयाक्नका लागि गरेको योगदनको विशद चर्चा गरेको कवि स्वयंले जानकारी दिन्छन । धार्मिक, पौराणिक, ऐतिहासिक, राजनैतिक तथा समसामयिक विविध विषयलाई आधार बनाएर कविता रचना गर्ने उनको पहिलो रचनाको यकिन त छैन नै त्यस पछिका थुप्रै रचना पनि हराएका तथा धमिराको आहारा बनेका कविले जानकारी प्रदान गर्दछन । पहिलो चरणका कविका कविता विशेष गरेर नेपाली काँग्रेससंग रहेर रचना गरेका हुन । पहिलो चरणको कवितामा समाजवादी चिन्तन सामन्ति संस्कारप्रति विरोध गरिएको छ ।

कवि वामदेव पण्डितको द्रोसो चरण प्रथम चरण भन्दापनि संख्यात्मक तथा गुणाततमक दृष्टिले उर्वरयुक्त रहेको पाईन्छ । पण्डितका प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । वि.सं. २०३१ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको चन्द्र भ्रमण शीर्षकको काव्यकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसै गरी पण्डितले वि.सं. २०३१ मा नै 'ब्रम्हाण्ड भित्र' कवितासङ्ग्रह पनि प्रकाशित गराएका छन् जसमा पन्ध्रवटा फुटकर कविताहरू सङ्कलित छन् । वामदेव पण्डितको अर्को प्रकाशित

कृति 'हाम्रा पूर्वज' हो । खण्डकाव्यात्मक आयाममा रहेको यो कृति पण्डितहरूकै पूर्वजको व्याख्या गरिएको वंशावलीको रूपमा रहेको छ । यो कृति वि.सं. २०४० मा प्रकाशित भएको थियो । धार्मिक, आध्यात्मिक, करुणा, समयसापेक्ष दृष्टिकोणले कविका कविता सरल र वोधगम्य शैलीका कविता रचना गरेका छन । विविध छन्द, अलंकारको प्रयोग गरेर कविले पाठकलाई विविध स्वाद चखाएका छन । तत्सम, तदभव, झर्रा नेपाली शब्दहरूको विन्यासले पनि कविताहरू सरल रहेका छन । साथै यस चरणमा र्धामिक, सामाजिक, पौराणिक, राजनैतिक सांस्कृतिक परिवेशलाई कविताको आधार बनाईएको छ । नेपाली समाजमा देखिएको विकृति र विसंगतिको विरोध गरिएको छ । सुन्दर नेपालको कल्पना गरेर युगिन वैयक्तिक, मानवीय, राष्टिय असंगति र अर्न्तविरोधको विरोध गरेका छन । कोमल तथा कठोर दुवै भाषाशैलीको प्रयोग गरेर कविता कलात्मकता भएको छ ।

कवि वामदेव पण्डितको तेस्रो चरणको कवितामा २०४६ साल पछिको प्रजातन्त्र पुर्नस्थापना भएपछि नेपाली समाजमा आएको परिर्वतन नेपाली काँग्रेसको भूमिकाको बारेमा यर्थाथजन्य कुरालाई प्रस्तुत गरेका छन । कविको समयको बुढयौलीले गर्दा पनि पौराणिक, राजनैतिक अलवा चेतनामूलक ढंगका कविताहरू तेस्रो चरणमा प्रकाशित भएका छन ।उनका तेस्रो चरणका कविताहरू विभिन्न समयमा नेपाल पुकार, राष्ट्र पुकार, जन्मभूमि, विश्वदूत, विमर्श, जनस्वतन्त्रता, पुर्जागरण, देशान्तर, सुरुचि, चक्षु, गोरखापत्र, कान्तिपुर, मातृभूमि, प्रवाह, राष्ट्र सन्देश आदि पत्रिकामा छापिएका छन् । विभिन्न समयमा छापिएका र छरिएर रहेका ३०० भन्दा बढी सङ्ख्यामा रहेका यी कवितालाई सङ्कलन गरी उनले वि.सं. २०६० मा कविता सङ्ग्रह नै तयार गरेका छन् जुन 'कविताको कुम्लो' शीर्षकमा रहेको छ पण्डितकका  प्रकाशित कृतिहरू कविता विधाकै रहेका छन् । तेस्रो चरणको प्रकाशित कृति नै कविताको कुम्लो हो । यस कवितामा कविले सामाजिक विकृति ,राजनैतिक व्यथिति र जनचाहानाको कुरा गरेका छन । कविले विदेश भम्रणको सवालमा प्रश्न उठाएर नेपाली मातृभूमिप्रति अगाध आस्था र स्नेह प्रकट गरेका छन । आफनो अमेरिका भम्रण भन्दा पनि नेपाली पाखा पखेरा राम्रो लागेको कविको धारणा रहेको छ ।

स्वछन्दतावादी, समाजवादी कवि प्रतिभाको रुपमा परिचित वामदेव पण्डितको तीन चरणको काव्ययात्राको मूल्याकंन तथा विश्लेषणबाट प्रस्तुत शोधले निम्नानुसार कुराको उल्लेख गरेको छ ।

१. सामाजिक, राजनैतिक, एवं प्राकृतिक विषयवस्तुलाई आफना कविताहरूमा कलात्मकतारुपमा समावेश गर्ने,
२. राष्टियता एवमं देशप्रेमप्रतिको उच्च महत्वका साथ प्रकट गर्ने,
३. प्रकृतिको आत्मपरकता तथा वस्तुपरक चित्रण गरी प्रकृति र मानिसको जीवनबीच तादाम्य सम्बन्ध देखाउनु

४. समाजवादी प्रजातन्त्रिक मूल्य मान्यताका कवितात्मक कृतिहरूको रचना गर्नु,

५. कवि वामदेव पण्डितले कवितामा समानता, स्वतन्त्रता, हार्दिकता, भातृत्वता, विश्ववन्धुत्व, दया, माया, करुणा , मैत्री, आदि मानवतावादी अवधारणाहरूलाई उजागार गर्नु,

६. करुणा र प्रणयशीलतालाई समेत विषयवस्तु बनाई कवितालाई जीवनउपयोगी बनाउनु,

७. राजनैतिक, सामाजिक, पौराणिक, ऐतिहासिक, प्राशसनिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक विविध क्षेत्रमा देखिएका विकृतिप्रति प्रहार गर्नु,

८. कविताको विषयवस्तु र भावअनुसार शीर्षक चयन हुनु,

९. आखयानात्मक,प्रतिकात्मक कविता रचना गर्नु,

१०. छन्द, अलंकार, भावको संयोजन गरेर कवितालाई लयात्मकता , कलात्मकता श्रृतिमधुर बन्नु,

११. अलंकारको उच्च प्रयोगले कविताहरू सुन्दर अर्थपूण हुनु ,

१२. तत्सम,तदभव, तथा आगन्तुक शब्दहरूको मुलतः समानुपातिक प्रयोगले कवितात्मक कृतिलाई सरल, सहज, तथा मिठासपूर्ण तुल्याउनु,

१३. आफना रचनाहरूमा कोमल तथा कठोर शब्दावलीको प्रयोग गरेर कवितालाई मार्मिक बनाउनु,

१४. कविताहरूमा आफना, अनुभव,तथा अनुभूतिहरूलाई पाठकसामु लैजानका लागि प्रथम, द्वितीय, तथा तृतीय पुरुष दृष्टिविन्दुको सफल प्रयोग गर्नु आदि ।

यसरी समग्रमा हेर्दा कवि वामदेव पण्डित ओझेलमा परेका प्रतिभावान व्यक्तित्व हुन । उनले नेपाली कविता साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान गरेका छन । वामदेवलाई सम्पूर्णतामा हेर्दा कवित्व स्पष्टवादी दृष्टिकोणबाट मुखरित भएको पाईन्छ । नेपाली कविता परम्पराका प्राथमिक कालदेखि वीरधारा, भक्तिधारा,श्रृगांरिक धारा, परिष्कारवादी धारा, स्वछन्दतावादी प्रगतिवादी धारा, प्रयोगवादीधारा, समसामयिक धाराका कविता तथा काव्यधाराहरू पण्डितका देखापर्दछन ।

बाल्लकालदेखि कविता लेखन गरेका पण्डितका कविता लेखनले नेपाली कविता साहित्यमा स्वछन्दतावादी भावधाराको नेतृत्व गरेको छ ।यसरी कवि वामदेव पण्डित समाजवादी स्वछन्दतावादी धारामा कलम चलाउने समसामयिक धाराका ओझेलमा परेका महत्वपूर्ण कवि प्रतिभा ठहरिन्छन ।

# सन्दर्भसामग्री सूची


अधिकारी, रविलाल, नेपाली समालोचनाको रूपरेखा, पोखरा : लेकाली प्रकाशन, (२०५१) ।

.---------------, प्रगतिवादी नेपाली समालोचना, पोखरा : लेकाली प्रकाशन, (२०५६) ।

आचार्य, जयराज, यदुनाथ खनालः जीवनी र विचार, ललितपुरः साझा प्रकाशन, (२०५९) ।

आचार्य, बाबुराम, पुराना कवि र कविता, छैटौं सं.,ललितपुर : साझा प्रकाशन, (२०५०) ।

आचार्य, भानुभक्त, रामायण, चौथो सं., ललितपुर : साझा प्रकाशन, (२०५८) ।

उपाध्याय, केशवप्रसाद, मोतीरामको व्यक्तित्व र योगदान मोती स्मृतिग्रन्थ, सम्पा, रमा शर्मा, काठमाडौँ : नेपाली शिक्षा परिषद् (२०३९) ।

ओझा, दशरथ, समीक्षाशास्त्र, दिल्ली : राजपाल, (२०५७) ।

काफ्ले, भीष्मराज. झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर त्रि.वि. (२०६६) ।

गौतम, लक्ष्मण, चितवनको साहित्य सर्वेक्षण र विश्लेषण, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, (२०५२) ।

गैहे् टंकप्रसाद अनुवादक नारायणप्रसाद अधिकारीको जीवनवेद एक अध्ययन अप्रकाशित शोधपत्र मसंवि (२०६२) ।

पण्डित, वामदेव, चन्द्र भ्रमण र तारा स्मरण (स्वयम्), (२०३१) ।

______, ब्रम्हाण्ड भित्र, (स्वयम्), (२०३१) ।

______, हाम्रा पूर्वज, वामदेव पण्डित, चितवन : चितवन छापाखाना, भरतपुर (२०४०) ।

______, कविताको कुम्लो, देवकुमारी पण्डित, काठमाडौँ, (२०६०) ।

थापा, मोहन हिमांशु, साहित्य परिचय चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन, (२०५०) ।

सुवेदी, राजेन्द्र, स्नातकोत्तर नेपाली निबन्ध, काठमाडौँ : पाठ्य सामग्री पसल, (२०५६) ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, शोधविधि काठमाडौँ : साझा प्रकाशन, (२०६२) ।

अधिकारी, रविलाल, नेपाली समालोचनाको रूपरेखा, पोखरा : लेकाली प्रकाशन, २०५१ ।

.---------------, प्रगतिवादी नेपाली समालोचना, पोखरा : लेकाली प्रकाशन, २०५६ ।

आचार्य, जयराज, यदुनाथ खनालः जीवनी र विचार, ललितपुरः साझा प्रकाशन, २०५९ ।

आचार्य, बाबुराम, पुराना कवि र कविता, छैटौँ सं.,ललितपुर : साझा प्रकाशन, २०५० ।

आचार्य, भानुभक्त, रामायण, चौथो सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

कँडेल, घनश्याम, सम्पा., नेपाली समालोचना, ललितपुर : साझा प्रकाशन, २०५५ ।

कोइराला, विश्वेश्वरप्रसाद , आत्मवृत्तान्त, ललितपुर : जगदम्बा प्रकाशन, २०५५ ।

खनाल, कृष्णराज, प्रो. हरिनाथ खनालः जीवनी र परिवेश, काठमाडौं : नगेन्द्रनाथ खनाल, २०५८ ।

खनाल, यदुनाथ, सूक्तिसञ्चय, काठमाडौं : यदुनाथ खनाल, २०३२ ।

--------------, नेपाली भामिनीविलास, काठमाडौं : उन्नयन प्रकाशन, २०५५ ।

--------------, समालोचनाको सिद्धान्त, पाँचौं सं., ललितपुर :साझा प्रकाशन, २०४९[क] ।

--------------, साहित्यिक चर्चा, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०४९[ख] ।

गौतम, देवीप्रसाद र लुइँटेल, खगेन्द्रप्रसाद, नेपाली निबन्ध, काठमाडौंः नवीन प्रकाशन, २०५४ ।

त्रिपाठी, वासुदेव र अन्य, सम्पा., नेपाली कविता भाग ४, तेस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५४।

त्रिपाठी, वासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, पाँचौं सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

देवकोटा, लक्ष्मीप्रसाद, अनु., प्रसिद्ध प्रन्बन्ध सङ्ग्रह, चोथो सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाली बृहत शब्दकोश, छैटौं सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

पराजुली, ठाकुरप्रसाद, नेपाली साहित्यको परिक्रमा, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०५६ ।

पौड्याल, लेखनाथ, तरुण तपसी, एघारौँ सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा., साझा समालोचना, पाँचौ सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

प्रधान, प्रतापचन्द्र, सम्पा., एक व्यक्ति अनेक अभिव्यक्ति, काठमाडौं : कुमारधर शर्मा 'ज्ञानी', २०४१ ।

भट्ट, गोविन्द, गोविन्द भट्टका समालोचनाहरू, काठमाडौं : बगर प्रकाशन, २०५४ ।

भट्ट, मोतीराम, कवि भानुभक्तको जीवनचरित्र, तेस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

भट्टराई, घटराज, सम्पा., प्रतिभै प्रतिभा र नेपाली साहित्य, काठमाडौं : नेशनल रिसर्च एशोसियसन, २०४० ।

शर्मा अर्याल, श्यामजीप्रसाद, सम्पा., सूक्तिसिन्धु (फेरि), काठमाडौं : पाठ्यसामग्री पसल, २०५५ ।

शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, दोस्रो सं., काठमाडौंः सङ्कल्प प्रकाशन, २०३९ ।

शर्मा नेपाल, वसन्तकुमार, नेपाली शब्दसागर, काठमाडौं : भाभा पुस्तक भण्डार, २०५७ ।

शर्मा भट्टराई, शरदचन्द्र, नेपाली साहित्यको इतिहास (माध्यमिक काल), काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३७ ।

शर्मा, मोहनराज, समकालीन समालोचना सिद्धान्त र प्रयोग, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, शोधविधि, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०५५ ।

शर्मा, रामकृष्ण, सूक्तिसिन्धु र अन्य समालोचना, ललितपुर : साझा प्रकाशन, २०५१ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३४ ।

सुवेदी, अभि, पाश्चात्य काव्यसिद्धान्त, दोस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५४ ।

सुवेदी, राजेन्द्र, नेपाली समालोचना : परम्परा र प्रवृत्ति, वाराणसीः भूमिका प्रकाशन, २०६१ ।